# नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को सशस्त्र संघर्षः

## एक समिक्षात्मक अध्ययन

त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विभागमा स्नातकोत्तर तहको (एम.ए.) दशौं पत्रको प्रयोजनार्थ पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग पोखरामा प्रस्तुत, शोधपत्र


**प्रस्तुतकर्ता**

काजी गुरुङ

स्नातकोत्तर तह दोस्रो वर्ष

परीक्षा रोल नं.:४८०१६७

त्रि.वि. दर्ता नं.: ६-२-४८-९२-२०११


कार्त्तिक, २०७४

**त्रिभुवन विश्वविद्यालय**

**पृथ्वीनारायण क्याम्पस**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**राजनीतिशास्त्र विभाग**

## शोध निर्देशकको सिफारिस-पत्र

प्रस्तुत "नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को सशस्त्र संघर्षः एक समिक्षात्मक अध्ययन" नामक शोधपत्र राजनीतिशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौ पत्रको प्रयोजनको निम्ति एम.ए. दोस्रो वर्षका नियमित छात्र काजी गुरुङद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निकै परिश्रम र लगनशिलताका साथ अध्ययन र विश्लेषण गरी तयार गरिएको यस शोधकार्य देखि म पूर्णतया सन्तुष्ट छु र शोधपत्रलाई उचित मूल्याङ्कनका लागि त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरासमक्ष सिफारिस गर्दछु ।

..........................

शोध निर्देशक

भीमनाथ बराल

उप-प्राध्यापक

राजनीतिशास्त्र विभाग,

पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति २०७४/०७/२२

इ.सं. २०१७/११/०८

**त्रिभुवन विश्वविद्यालय**

**पृथ्वीनारायण क्याम्पस**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**राजनीतिशास्त्र विभाग**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङकाय अन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ एम.ए. दोस्रो वर्षका नियमित विद्यार्थी काजी गुरुङद्वारा "नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को सशस्त्र संघर्ष: एक समिक्षात्मक अध्ययन" शीर्षकमा तयार गरिएको शोधपत्रलाई स्विकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| सह-प्रा. डा. उमानाथ बराल | विभागीय प्रमुख तथा बाह्य परिक्षक | ................. |
| उप-प्रा. भीमनाथ बराल | शोध निर्देशक | ................. |
| सह-प्रा. ठान बहादुर क्षेत्री | अनुसन्धान समिति संयोजक | ................. |

मिति : २०७४/०७/२२

इ.सं. २०१७/११/०८

# मेरो भनाई

सन् १८४८ मा कम्युनिष्ट पार्टीको घोषणा पत्रको प्रकाशनपछि विश्वमा साम्यवादी आन्दोलनको प्रभाव बढ्न थाल्यो । सन् १९१७ मा रुसमा सम्पन्न अक्टोबर क्रान्तिले यस सिद्धान्तको व्यवहारिक प्रयोगलाई सम्भब सिद्ध बनाइदियो भने चीनको परिवेशमा आधारीत भएर माओवादीको नाममा साम्यवादी आन्दोलनले सफलता प्राप्त गर्दै आयो । नेपालमा पनि २००६ सालमा स्थापित कम्युनिष्ट पार्टी विभिन्न आरोह अवरोहहरू पार गर्दै २०५० को दशकको प्रारम्भमा कम्युनिष्ट पार्टी भित्रको क्रान्तिकारी संगठनको रुपमा ने.क.पा.(माओवादी)को स्थापना भइ श्रमजीवि जनताको मुक्तिका लागि २०५२ फागुन १ गते देखि तत्कालीन राज्यसत्ता बिरुद्ध सशस्त्र संघर्षमा होमियो । १० वर्षसम्म सञ्चालित यस आन्दोलनले नेपालको राजनितिमा थुप्रै परिवर्तनहरू ल्याइदियो र २०६३ साल मंसिर ५ गतेको बिस्तृत शान्ति सम्झौता पछि शान्ति प्रकृयामा प्रवेश गऱ्यो । शान्ति प्रकृयापछि पनि सिंगो माओवादी आन्दोलन विभाजन र एकिकरणको शृङ्खलाबाट गुज्रदै आइरहेको छ । मुलतः १० वर्षे जनयुद्धको क्रममा माओवादीले उठाउदै आएका समस्याहरूको समाधान हुन नसकेको कारणले पनि समग्र माओवादी आन्दोलनको सहज अवतरण हुन नसकेको हो ।

उपरोक्त यथार्थताका वावजुद पनि नेपालको राजनीतिमा १० वर्षे सशस्त्र संघर्षको दुरगामी प्रभाव छ । यसैको बारेमा यो शोध कार्य केन्द्रित भएको र संघर्षको परिणाम र यसले ल्याएका प्रभावको बारेमा जिज्ञासु जो कोहिलाई पनि यो शोध कार्य उपयोगि सावित हुने मैले ठानेको छु । यस शोध कार्यलाई यो अवस्थामा ल्याइपुऱ्याउन आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुका साथै मेरो व्यक्तिगत निस्कृयतामा समेत घच्घच्याउँदै आवश्यक मार्गनिर्देशन प्रदान गर्नुहुने राजनीतिशास्त्र विभाग, पृ.ना.क्याम्पस, पोखराका उप-प्रध्यापक श्रदेय गुरु भीमनाथ बराल प्रति कृतज्ञता ज्ञापन गर्दछु । शोध पत्रको शीर्षक छनौट देखि लिएर बेला बेलामा रचनात्मक टिप्पणी र सुझाव प्रदान गर्नुका अतिरिक्त शोध विशेषज्ञको रुपमा गहकिला सुझाव दिनुभई शोधलाई स्तरीय बनाउन सहयोग गर्नुहुने विभागीय प्रमुख डा. उमानाथ बराल तथा शोध कार्यमा तथ्याङ्क संकलन एवं लेखन कार्यमा समेत हौसला प्रदान गर्नुहुने

आदरणिय गुरु गिरीधारी सुवेदी प्रति आभार व्यक्त गर्दछु । शोधकै क्रममा सल्लाह सुझाव दिनुहुने आदरणीय प्राध्यापक ज्यूहरू लगायत सहपाठी मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । अनुसन्धानका लागि अध्ययन सामग्री उपलब्ध गराइदिनुहुने मित्रहरू दिलिप विक्रम शाही, गंगा प्रसाद पोखेल, मिलन राई, लोकेन्द्र विश्वकर्मा ( सुजन), कानुन व्यवसायी डिल्लीराम अधिकारी, आदरणिय गुरु हरीराम दवाडी र मित्र सुमिता गुरुङलाई धन्यवाद नदिइरहन सक्दिन । सामग्री संकलनमा सहयोग पुऱ्याउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, पोखरा र सम्बद्ध कर्मचारीहरूप्रति पनि म आभारी छु । प्रस्तुत शोधपत्रको मस्यौदामाथिको मौखित परिक्षामा महत्वपूर्ण सुझावहरू दिनुहुने वाह्य परिक्षक एवम् सम्बद्ध गुरुहरू लगायत भाषा सम्पादनमा सहयोग गर्नुहुने मित्र टिकाराम पौडेललाई धन्यवाद दिन चाहन्छु । सबैबाट प्राप्त सुझावहरू समेत संलग्न गरी यो परिमार्जितप्रति प्रस्तुत गरेको छु ।

अन्त्यमा, शोध पत्र लेखनमा प्रोत्साहन साथै सहयोग पुऱ्याउने नेपाल कम्युनिष्ट पार्टी कास्की जिल्ला इन्चार्ज कृष्ण वाग्ले (रुपेश), बहिनी सुमिना गुरुङ र सम्पूर्ण परिवारजनहरूप्रति आभारी छु । विभिन्न कठिनाइ हुँदाहुँदै पनि यस अध्ययन कार्यमा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण मित्रहरूप्रति र शोधपत्र तयार पार्ने क्रममा टाइपिङ्ग गरेर सहयोग गर्नुहुने न्यू टाइपिङ्ग इन्स्टिच्युटका श्री प्रकाश पुन ज्यू प्रति धन्यवाद साथै आभार प्रकट गर्न चाहन्छु ।

..................

काजी गुरुङ

# शोधशार

प्रस्तुत अध्ययन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को सशस्त्र संघर्षः एक समिक्षात्मक अध्ययन भन्ने सन्दर्भमा गरिएको छ । यस शोधको प्रमुख उद्देश्य नेपालमा सञ्चालित माओवादी सशस्त्र संघर्षको समग्र प्रभाव र उपलब्धिहरुको समिक्षा गर्नु रहेको छ । यही मुख्य समस्यामा केन्द्रीत रही माआवादीले किन सशस्त्र संघर्ष/विद्रोहको सुरुवात गऱ्यो ? देशभर माओवादी संघर्षको विस्तार र प्रभाव पर्नुको कारण के हो ? माओवादी सशस्त्र संघर्षले के कस्ता परिणामहरु ल्याए ? माओवादी आन्दोलनको हालको स्थिति के छ ? भन्ने सवालहरु राखी विश्लेषण गरिएको छ । माओवादी जनयुद्धको समीक्षात्मक अध्ययनको लागि प्रस्तुत शोध गरिएकाले माओवादीले सशस्त्र संघर्षको घोषणा गर्नुको कारण खोजी गर्ने पहिलो उद्देश्य राखिएको छ । यस शोधको दोस्रो उद्देश्यमा माओवादी संघर्षको प्रभाव र परिणामहरुको समिक्षा गर्ने राखिएको छ भने तेस्रो उद्देश्यमा माओवादी आन्दोलनको हालको अवस्थाको बारेमा चर्चा गर्नु रहेको छ । यस शोधपत्रको अध्ययन विधि अन्तर्गत विवरणात्मक र विश्लेषणात्मक ढाँचा रहेको छ । त्यस्तै प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ भने यस अध्ययनमा आवश्यक तथ्याङ्कहरू संकलनमा द्वितीय स्रोतको सहयोग लिइएको छ ।

प्रस्तुत अध्ययनले के देखाउँछ भने आज जे जति परिणाम र उपलब्धीहरु नेपाली समाज र राजनीतिमा देखिएको छ, यसमा जनआन्दोलन- २ र माओवादी संघर्षको महत्वपूर्ण भुमिका रहेको छ । वर्तमान अवस्थामा माओवादी शक्ति विभिन्न धारा र प्रवृत्तिहरुमा विभाजित भएको छ । संस्थापन पक्षले यस प्रक्रियालाई स्वीकार गरी बहुदलीय प्रतिस्पर्धात्मक संसदीय राजनीतिमा सहभागिता जनाइरहेको छ भने अर्को पक्ष जनयुद्धको मुख्य उद्देश्य जनवादी क्रान्ति नै पूरा नभएको भन्दै एकीकृत जनक्रान्तिको कार्यदिशा मार्फत अगाडि बढीरहेको छ । माओवादी आन्दोलनकै एउटा शक्ति दोस्रो संविधानसभाको निर्वाचनदेखि आजसम्मका सबै राजनैतिक संवैधानिक प्रक्रियालाई अस्वीकार गरिरहेको, राजनीतिक अस्थिरता र भ्रष्टाचार यथावत रहेको, वैदेशिक हस्तक्षेप बढेको, अहिलेका पार्टी र नेताप्रति जनताको अविश्वास बढ्दै गएको अवस्थाले गर्दा जनयुद्धको आधारपत्र ४० सुत्रीय मागहरुमध्ये अधिकांश महत्त्वपूर्ण

पक्षहरु आज पनि यथावत रहेकोले नेपालमा फेरी सशस्त्र विद्रोह उठ्ने सम्भावना बढेको देखिन्छ । तर २०५२ सालदेखि माओवादीले सञ्चालन गरेको जनयुद्धकै स्वरुपमा पुनरावृत्ति हुने सम्भावना भने देखिदैन ।

# संक्षेपीकरण

| | |
|---|---|
| अनु :- | अनुवादक |
| ई.सं :- | इस्वी सम्वत |
| ए.एन.सी. :- | अफ्रिकन नेशनल कांग्रेस |
| ए.नेकपा (माओवादी):- | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| क्र.सं.:- | क्रम संख्या |
| के.स. :- | केन्द्रीय समिति |
| गा.वि.स :- | गाउँ विकास समिति |
| चौम :- | चौथो महाधिवेशन |
| ज.ब.स.:- | जनवर्गीय संगठन |
| डा. :- | डाक्टर |
| डी.पी. अधिकारी :- | देवि प्रसाद अधिकारी |
| नं. :- | नम्बर |
| नेकपा एमालेः- | नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेलिनवादी |
| नेकपा-माओवादीः- | नेपाल कम्युनिष्ट पाटी-माओवादी |
| प्रम :- | प्रधानमन्त्री |
| प्रा. :- | प्राध्यापक |
| पृ.ना. क्याम्पस :- | पृथ्वी नारायण क्याम्पस |
| ब. :- | बहादुर |
| रा.प.स. :- | राष्ट्रि पञ्चायत सदस्य |
| वि.पि. :- | विश्वेश्वर प्रसाद |
| वि.सं. :- | विक्रम सम्वत |
| सं.ज.मो. :- | संयुक्त जनमोर्चा |

सम्पाः- सम्पादक

# विषय सुची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| शोध निर्देशकको सिफारिस-पत्र | II |
| स्वीकृति-पत्र | III |
| मेरो भनाई | IV |
| शोधशार | VI |
| संक्षेपीकरण | IVIII |
| **परिच्छेद - एकः अनुसन्धानको सामान्य परिचय** | **१-११** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको विधि | ६ |
| १.४.१ अध्ययन विषय क्षेत्रको औचित्य | ६ |
| १.४.२ अध्ययनको ढाँचा | ६ |
| १.४.३ तथ्याङ्कको स्रोत र प्रकृति | ७ |
| १.४.४ तथ्याङ्क संकलन विधि | ७ |
| १.४.५ तथ्याङ्कको प्रस्तुती र विश्लेषण | ७ |
| १.५ अध्ययनको सीमा | ७ |
| १.६ पूर्व साहित्यको समिक्षा | ८ |
| १.७ अध्ययनको महत्त्व | १० |
| १.८ शोधपत्रको संरचना | १० |
| **परिच्छेद - दुईः सशस्त्र संघर्ष/ द्वन्द्व सम्बन्धी सैद्धान्तिक अवधारणा** | **१२-२९** |
| २.१ द्वन्द्वको परिचय : | १२ |
| २.१.१ द्वन्द्वको अर्थ र परिभाषाः | १३ |
| २.२ सशस्त्र द्वन्द्व/विद्रोह सम्बन्धी विश्वका प्रमुख घटनाहरु : | १७ |
| २.२.१ अमेरिका : | १७ |

२.२.२ फ्रान्सः १८

२.२.३ रसियाः १९

२.२.४ चीन २०

२.२.५ दक्षिण अफ्रिका २१

२.२.६ श्रीलङ्का २२

२.३ नेपालमा सशस्त्र द्वन्द्वको संक्षिप्त इतिहास २३

२.३.१ २००७ सालको क्रान्ति २४

२.३.२ झापा विद्रोह २५

२.३.३ सेक्टर काण्ड २६

२.३.४ माओवादी सशस्त्र सङ्घर्ष २७

**परिच्छेद - तीनः नेपालमा माओवादी सशस्त्र सङ्घर्ष (२०५२-२०७३) को प्रकृति ३०-६१**

३.१ माओवादी आन्दोलनको उद्भव : ३०

३.१.१ नेकपा (माओवादी)को गठन ३०

३.१.२ संयुक्त जनमोर्चा नेपालः ३३

३.१.३ तत्कालिन राजनीतिक परिस्थितिः ३४

३.१.४ जनयुद्धको औपचारिक घोषणा ३५

३.२ नेकपा माओवादी र सशस्त्र संघर्ष ३८

३.२.१ माओवादी सङ्घर्षको विकासका सामान्य चरणहरु ४०

३.२.२ संघर्षका स्वरुपहरु : ४३

३.२.३ माओवादीको फौजी नीति ४४

३.२.४ जातिय तथा क्षेत्रीय मोर्चाहरूको गठन ४५

३.२.५ जनसत्ताको सञ्चालन ४७

३.२.६ जनअदालत ४८

३.३ माओवादी जनमुक्तिसेना ४९

३.३.१ जनसेना र हतियार ५१

३.३.२ माओवादी सेनाको समायोजन र स्वेच्छिक अवकास छ्घ

३.३.३ माओवादीका केही चर्चित आक्रमणहरु: ५३

३.४ वार्ता राजनीति ५८

३.४.१ सरकार-माओवादी औपचारिक वार्ता ५९

३.४.२ माओवादी र सात राजनीतिक दलबीचको वार्ता र सम्झौता ६०

**परिच्छेद - चार: माओवादी सशस्त्र संघर्षको प्रभाव र परिणामहरु ६२-९४**

४.१ प्रभावहरु: ६२

४.१.१ राजनीतिक क्षेत्रमा प्रभाव ६४

४.१.२ आर्थिक क्षेत्रमा परेको प्रभाव ६७

४.१.३ सामाजिक सांस्कृतिक क्षेत्रमा परेको प्रभाव ६८

४.१.४ विकास निर्माणका गतिविधिहरुमा प्रभाव ७०

४.१.५ बालबालिका र अशक्तहरु माथिको प्रभाव ७१

४.१.६ मानवीय प्रभाव र क्षति ७१

४.१.७ प्राकृतिक स्रोत माथिको प्रभाव ७२

४.१.८ नकारात्मक प्रभावहरु ७३

४.२ परिणामहरु ७६

४.२.१ राजनीतिक सञ्चार र चेतना ७७

४.२.२ दोस्रो जनआन्दोलन ७८

४.२.३ अन्तरिम संविधान र संविधानसभाद्वारा नयाँ संविधानको निर्माण ८०

४.२.४ गणतन्त्र ८२

४.२.५ समावेशिता ८३

४.२.६ संघीयता ८४

४.२.७ धर्मनिरपेक्षता ८५

४.२.८ संविधान कार्यान्वयनमा चुनौति ८६

४.३ माओवादी आन्दोलनको वर्तमान अवस्था ८७

४.३.१ हाल अस्तित्वमा रहेका माओवादी पार्टीहरु ८९

**परिच्छेद - पाँच: निश्कर्ष ९५-१०७**

५.१ उपसंहार ९५

| | | |
|---|---|---|
| ५.२ | मुख्य प्राप्तिहरू | ९८ |
| ५.३ | निष्कर्ष | १०१ |
| सन्दर्भ सामग्री | | १०४ |
| परिशिष्ट-१ | | १०८ |
| परिशिष्ट-२ | | ११३ |
| परिशिष्ट-३ | | ११७ |

# परिच्छेद - एक
# अनुसन्धानको सामान्य परिचय

## १.१ पृष्ठभूमि

समाज अनेकता र बेमेलबीचको समग्र हो । त्यसैले समाजमा द्वन्द्वको कुनै न कुनै स्वरुप खुला वा गुप्तरुपमा अस्तित्ववान भइरहेकै हुन्छ । मानिसका स्वार्थहरु बीचमा हुने टकरावले द्वन्द्व सिर्जना हुने गर्दछ । सामान्य ढंगबाट बुझ्दा दुई वा दुई भन्दा बढी पक्षबीच उत्पन्न हुने बैचारिक मतभेत, असमझदारी, मनमुटाव, झगडा, शत्रुता, शक्ति परिचालनको स्थितिमा आउने टकरावलाई द्वन्द्व भनिन्छ । द्वन्द्व, हिंसा, विद्रोह, क्रान्ति, आन्दोलन, संघर्षलाई एउटै अर्थमा लिने गरेको पनि पाइन्छ । आर्थिक सामाजिक, सांस्कतिक, वैचारिक, राजनैतिक, धार्मिक असन्तुष्टी र बेमेलको कारण समाजमा उत्पन्न हुने स्थिति द्वन्द्व हो । यसलाई सकारात्मक र नकारात्मक दुवै दृष्टिले हेर्नु पर्दछ । पूराना मूल्य मान्यता, शासन व्यवस्था, नियम कानुन मान्ने र नमान्नेको विचमा हुने संघर्षले द्वन्द्वको अवस्था सृजना गराउँदछ । द्वन्द्वलाई बुझ्ने सन्दर्भमा मार्क्सवादी र गैरमार्क्सवादीविचमा समेत अन्तर पाइन्छ । मार्क्सवादीहरु समाज परिवर्तनका लागि द्वन्द्वलाई अनिवार्य सर्त मान्दछन् भने गैर माक्सवादीहरुले द्वन्द्वलाई अशान्ति, विनाश र संक्रमणको कारण मान्दछन् । द्वन्द्व हतियार रहितको पनि हुन सक्दछ र हतियार सहितको पनि हुन सक्दछ । सामान्यत द्वन्द्व भन्नाले हतियार सहितको विद्रोहको स्थिति भनेर बुझ्ने आम धारणा छ ।

उन्नाईसौं शताब्दीको मध्यतिर मार्क्स र एंगेल्सले तत्कालीन जर्मनी, फ्रान्स, बेलायत जस्ता औद्योगिक विकास भइरहेका पुँजीवादी देशहरूका मजदुरहरूको दयनीय अवस्थाको बारेमा अध्ययन गरेर संसारका मजदूरहरू एकजुट हौं भन्ने मूल नारा सहित बल प्रयोगद्वारा नै मजदूरहरूले पुँजीवादी सत्तालाई परास्त गरिसक्ने विचार सन् १८४८ को कम्युनिष्ट घोषणापत्र मार्फत प्रस्तुत गरे । त्यसपछि भने द्वन्द्व/ संघर्षमा विश्वका कम्युनिष्टहरूले अनिवार्य रुपमा बल प्रयोग गर्न थाले । क्रान्तिकारी सर्वहारा वर्गको महत्वपूर्ण दस्तावेज मानिने कम्युनिष्ट घोषणा पत्रलाई नै मूल सिद्धान्त बनाएर

फ्रान्सको पेरिसमा पहिलो पटक मजदूरहरूले सन् १९७१ मा शासनसत्ता हातमा लिई ७२ दिनसम्म पेरिस कम्युन चलाए । २० औ शताब्दीको दोस्रो दशकमा मार्क्सवादी सिद्धान्तलाई नै आधार मानेर लेलिनले सशस्त्र विद्रोहको कार्यदिशामार्फत रुसमा समाजवादी सत्ताको स्थापना गरे भने २० औं शताब्दीकै मध्यसम्म आइपुग्दा माओले अविकसित देशमा पनि कम्युनिष्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्ति हुन सक्छ भन्ने विचार र कार्यदिशाको विकास गरेर किसानहरूलाई संगठित गरी दीर्घकालीन जनयुद्धको माध्यमद्वारा जनवादी क्रान्ति सम्पन्न गरे । यसको प्रभाव विश्वभर पर्न पुग्यो । चीनको क्रान्ति सफल भएपछि पूर्वी जर्मनी, हङ्गेरी, उत्तर कोरिया, क्यूबा, भियतनाम, लाओस र कम्बोडिया समाजवादी व्यवस्था स्थापना भएको  थियो ।

नेपालमा २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना भएको भएता पनि धेरै समयसम्म राष्ट्रिय राजनीतिमा यसको प्रभाव न्यून नै रह्यो । २००७ सालको क्रान्तिमा यस पार्टीले भूमिका निर्वाह गरेको र २०१५ सालको आम निर्वाचनमा जम्मा ४ स्थानमा विजयी हासिल गरेर आफ्नो पहिचान दिन भने सफल भयो । तर २०१७ सालमा भएको राजनैतिक परिवर्तनपछि समग्र कम्युनिष्ट आन्दोलन सिंगो भएर चल्न सकेन । दलहरूमाथि प्रतिवन्ध लगाइएको निर्दलीय पञ्चायती व्यवस्थाको समयमा घटित झापा विद्रोहपछि भने विभाजनका वावजुत पनि कम्युनिष्ट आन्दोलनले गति लिएको पाइन्छ । नेपालमा २००६ सालमा नै कम्युनिष्ट पार्टीको गठन भए पनि कम्युनिष्ट आन्दोलनले गति भने झापा विद्रोह पछि नै लिएको थियो । झाफा विद्रोह, सेक्टर काण्ड जस्ता असफल संघर्षहरू चलाएका नेपालका कम्युनिष्टहरू विभिन्न गुट उपगुटमा विभाजन भए । २०५२ सम्म आईपुग्दा ने.क.पा. (माओवादी)को जनयुद्धको घोषणासंगै सशस्त्र संघर्ष देशव्यापी बन्न पुग्यो । ने.क.पा. (मोओवादी)ले २०५२ फागुन १ गतेबाट यसरी गरेको जनयुद्ध चिनिँया जनवादी क्रान्तिबाट प्रभावित भई अल्पविकसित, अर्धसामन्ति र अर्ध औपनिवेशिक देशहरूमा गाउँबाट विस्तारै शहर घेर्ने रणनीति अनुरुप दीर्घकालिन जयुद्धको कार्यदिशा मार्फत अगाडि बढेको थियो । ने.क.पा. (मोओवादी) ले मार्क्सवाद-लेनिनवाद र माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्दै सशस्त्र संघर्ष मार्फत जनवादी व्यवस्था स्थापना गर्ने लक्ष्य लिएको थियो । २०५२ देखि १० वर्ष सम्म चलेको माओवादी सशस्त्र संघर्ष चीनमा माओले प्रतिपादन गरेको राजनीतिक र फौजी

रणनीतिहरूलाई नै आत्मसाथ गरी विस्तार गरिएको थियो । 'सत्ता बन्दुकको नालबाट जन्मन्छ', 'राज्यसत्ता बाहेक अरु सबै भ्रम हो', 'सेना बिनाको जनतासंग आफ्नो भन्नु केही हुँदैन' भन्ने जस्ता मान्यताले नेपालको माओवादी आन्दोलनमा पनि ठूलो प्रभाव पारेको थियो । सेना, जनसत्ता, संयुक्त मोर्चा, जनअदालत जस्ता अभ्यासहरू पनि चिनिया क्रान्तिबाटै प्रभावित भएर गरिएका अभ्यासहरू थिए ।

ने.क.पा. (माओवादी) द्वारा सञ्चालित १० वर्षे जनयुद्ध विभिन्न उतारचढावको बीचबाट अगाडि बढीरहेको समयमा नेपालको राजनीतिमा शक्ति सन्तुलनमा भएको परिवर्तनसंगै २०६२ मंसिर ७ मा भएको बाह्र बुँदे समझदारी र त्यसको कार्यान्वयन स्वरुप भएको २०६२/६३ को दोस्रो संयुक्त जनआन्दोलन र विस्तृत शान्ति सम्झौता मार्फत अन्त्य भयो । विस्तृत शान्ति सम्झौता संगै माओवादी आन्दोलन प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेश गर्‍यो । देशको तत्कालीन राजनीतिक अस्थिरता, त्यसले सृजना गरेका भ्रष्टाचार, बेरोजगारी, आर्थिक विपन्नता, सत्ताको खिचातानी, राजनीतिक पार्टीहरूले जनताबाट विश्वास गुमाउँदै जानु जस्ता पक्षका कारणहरूले पनि माओवादी संघर्षको वातावरणलाई अनुकुल बनायो । मुख्यतया राजनीतिक प्रणालीमा देखिएका कमी कमजोरीकै कारण माओवादी शसस्त्र संघर्षको जन्म भयो ।

सशस्त्र विद्रोह वा जनक्रान्ति सामाजिक, आर्थिक, राजनैतिक प्रणाली, भौगोलिक निषेध, जातीय र क्षेत्रीय भेदभाव, रंगभेद आदि कारणबाट सृजित र विकसित हुने हुँदा त्यस्ता द्वन्द्व हिंसात्मक रुपमा परिणत हुन्छन् । राज्यले सृजना गरेका व्यवहारगत असमानता एवं भेदभाव भन्दा राजनैतिक प्रणालीले सृजना गरेका द्वन्द्वहरु बढी जटिल, ढिलो समाधान गर्न सकिने प्रकृतिका हुने गर्दछ ।

राजनैतिक प्रणालीको संरचनात्मक पक्षले सशस्त्र द्वन्द्वको अवस्थालाई मलजल गर्दछ । हिंसा र विद्रोह उत्पत्तिका निश्चित कारणहरु हुन्छन् । जसमध्ये संरचनात्मक पक्ष प्रमुख तत्व हो । John Galtung, ले राजनीतिक प्रणालीलाई संरचना विभेदको कारण मान्छन् । संविधान, ऐन नियम, कानुनहरुले राजनीतिक प्रणालीलाई प्रभाव पार्ने हुँदा यसले द्वन्द्वको स्वाभाविक विजारोपण गर्ने गर्दछ । उनी अगाडि भन्छन, राजनीतिक प्रणाली नै द्वन्द्वको वैधानिक निकाय हो । जबसम्म राज्यले राजनीतिक प्रणालीको

संरचनालाई विवाद र द्वन्द्वरहित कायम गर्न सक्दैन तबसम्म द्वन्द्व निरन्तर र अनिर्वाय छ । John Paul Lederach ले सशस्त्र विद्रोहलाई द्वन्द्वको विकसित रुपमा स्वीकार गर्दै राजनीतिक प्रणाली, सामाजिक अन्याय पनि द्वन्द्व र विद्रोहको कारक मान्दछन् । तसर्थ प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणमा राजनीतिक प्रणालीको संरचनात्मक पक्षलाई जोडेर सशस्त्र विद्रोहसँग यसको सम्बन्धको पक्षलाई अध्ययनको सैद्धान्तिक खाका अपनाइएको छ ।

## १.२ समस्या कथन

माओवादिले मार्क्सवादी मान्यता अनुसार बल प्रयोगको माध्यमद्वारा नै सत्ता सर्वहारा बर्गको हातमा आउँछ भन्ने कुरालाई आधार मानेर आन्दोलनमा बल प्रयोगको सिद्धान्तलाई अनिवार्य बनाएका थिए । नेपालको हरेक सत्ता प्राप्ति र परिवर्तनमा द्वन्द्वको अवस्था सृजना भएको इतिहास छ । राणा शासनको सुरुवात पनि कोत पर्व जस्तो घटना घटाएर भएको थियो भने राणाहरुले आफ्नो शासन जोगाउन पनि हतियार र शक्तिको प्रयोग गरेका थिए । प्रजातन्त्र ल्याउन र राणा शासनको विरोधमा लखन थापाको विद्रोह, कांग्रेसले मुक्ति सेना गठन गरेर चलाएको संघर्ष जस्ता राजनीतिक द्वन्द्व नेपालमा भएको पाइन्छ । त्यस्तै कम्युनिष्टहरुले गरेका कतिपय वर्गीय संघर्षहरु भिमदत्त पन्तको किसान विद्रोह, पञ्चायती व्यवस्थाविरुद्ध सञ्चालित भूमिगत गतिविधिहरु, २०२८ सालको झापा विद्रोह, २०४२ सालको बमकाण्ड, २०५२ को जनयुद्ध जस्ता संघर्ष र क्रान्तिहरुले पनि नेपालमा हतियारबद्ध ढंगले राजनीतिक द्वन्द्वहरु सञ्चालन भएको पाइन्छ । विशेष गरेर २०५२ फागुन १ गते देखि नेकपा ( माओवादी) ले सञ्चालन गरेको जनयुद्धलाई नेपाली राजनीतिमा एक हतियारबद्ध आन्दोलनको रुपमा बुझ्ने गरिन्छ । तत्कालिन नेपाली समाजमा देखिएको अन्तरविरोधहरुको हल वर्गीय संघर्ष मार्फत नै समाधान खोज्ने गरी मार्क्सवादी दर्शनमा आधारित भई नेपालको माओवादी जनयुद्ध सञ्चालन भएको थियो । तत्कालिन संयुक्त जनमोर्चाका संयोजक डा. बाबुराम भट्टराईले नेपाली समाजका अन्तरविरोधको समाधानका लागि जनतन्त्र, जनजिविका र राष्ट्रिय स्वाधीनता समेतका ४० बुँदे मागहरु तत्कालीन प्रम शेरबहादुर देउवालाई बुझाएका थिए । स्वास्थ्य,

शिक्षा, रोजगारी जस्ता आधारभूत कुराहरु राज्यले नागरिकको लागि प्रदान गर्न नसकेको, विगतमा भएका असमान सन्धिका कारण नेपालले स्वतन्त्र रुपमा निर्णय लिन नसकेको, नेपाली प्राकृतिक स्रोत साधन माथि भारतीय हस्तक्षेप बढेर गएको, छुवाछुत प्रथा जस्ता सामाजिक विकृतिहरु याथावत रहेको, नेपाली संस्कृति माथि वैदेशिक संस्कृति हावी भएको र यसको प्रमुख जिम्मेवार राज्य भएका कारण राज्यले यी सबै समस्याबाट निकास दिनुपर्दछ, यसको मूल दोष नेपालको शासन सत्ता र राजनीतिक प्रणालीको हो भन्ने बुझइका साथ सं.ज.मोले २०५१ माघ २१ मा बुझाएको ४० सुत्रीय माघ २०५२ फागुन ५ सम्म पूरा हुने स्थिति नबनेपछि नेकपा ( माओवादी) तत्कालीन सरकार र शासन व्यवस्थाका विरुद्ध जनयुद्धमा होमिएको थियो ( कँडेल, २०६७:२४) ।

माओवादीको फागुन १ बाट शुरु भएको सशस्त्र सङ्घर्षले निरन्तर उत्कर्षता प्राप्त गर्दै १० वर्ष सम्मको यात्रामा थुप्रै प्रभावहरू नेपाली समाजमा पार्न सफल भयो । नेपाली समाज र राजनीतिमा यसको सकारात्मक र नकरात्मक दुवै प्रभावहरू छन् । राजनीतिक अस्थिरता र भौतिक संरचनाहरुको ध्वंस, मानवीय क्षति, त्रासको स्थिति जस्ता नकारात्मक पक्षहरु थिए भने जनतामा राजनीतिक चेतना विस्तार, अधिकार प्रतिको सचेतना, राजतन्त्रको अन्त्य, गणतन्त्र स्थापना, समावेशीकरण र राज्यका पुर्न संरचना जस्ता सकारात्मक पक्षहरु थिए । र आजको दिन सम्म पनि यो आन्दोलनका सकार र नकार दुवै पक्षहरु जीवितै छन् । तत्कालिन ने.क.पा. (माओवादी)ले सञ्चालन गरेको हतियारबद्ध राजनीतिले नेपालको सिङ्गो राजनीति र नेपाली समाजमा प्रत्यक्ष प्रभाव पारेकै थियो र आजसम्म पनि प्रभावको महसुस गर्न सकिन्छ । यही सेरोफेरोमा यस शोधमा स्वभाविक रुपमा निम्न समस्याहरू देखा  पर्दछन् :

- ❖ माओवादीले किन सशस्त्र संघर्षको सुरुवात गऱ्यो ?
- ❖ देशभर माओवादी सङ्घर्षको विस्तार हुनुको कारण के हो ?
- ❖ माओवादीले सञ्चालन गरेको सशस्त्र सङ्घर्षको परिणाम के रह्यो ?
- ❖ माओवादी आन्दोलनको हालको स्थिति के छ ?

## १.३ अध्ययनको उद्देश्य

एसियाको क्रान्ति, चिनियाँ क्रान्ति, भियतनामको क्रान्ति, क्यूवाको सशस्त्र क्रान्ति जस्ता विश्व कम्युनिष्ट आन्दोलन अध्ययन गरेको ने.क.पा. (माओवादी)ले नेपालको तत्कालिन राजतन्त्र र संसदीय व्यवस्थाको विरुद्धमा नयाँ सत्ता स्थापना गर्ने लक्ष्य सहित हतियारबद्ध राजनीतिको बाटो रोजेको थियो । तसर्थ तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को सशस्त्र संघर्ष: एक समिक्षात्मक अध्ययन सम्बन्धमा प्रस्तुत शोध निम्न उद्देश्यहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ । यस अध्ययनको सामान्य उद्देश्य नेपालमा सञ्चालित माओवादी सशस्त्र जनयुद्धको समग्र प्रभाव र उपलब्धिको समिक्षा गर्नु हो । यसका अतिरिक्त यस अध्ययनका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- ने.क.पा. (माओवादी)द्वारा सञ्चालित दश वर्षे सशस्त्र संघर्षको विश्लेषण गर्नु ।
- माओवादीको दश वर्षे सशस्त्र संघर्षको प्रभाव र परिणामको समिक्षा गर्नु ।
- माओवादी आन्दोलनको हालको अवस्थाको बारेमा चर्चा गर्नु

## १.४ अध्ययनको विधि

### १.४.१ अध्ययन विषय क्षेत्रको औचित्य

नेपालको राजनैतिक इतिहासमा नेपाली कम्युनिष्ट आन्दोलनको आफ्नै महत्व र भुमिका छ । यसमा पनि २०५२ सालमा सुरु भई विश्वकै ध्यान आकर्षित गर्न सफल दश वर्षे सशस्त्र संघर्षले मुलुकमा भारी परिवर्तनहरू ल्याइदिएको छ । छिटफूट रुपमा भएका खोज र अनुसन्धानका अलावा सशस्त्र संघर्षको स्वरुप र प्रभावको बारेमा विस्तृत खोज र अनुसन्धान गर्नु राष्ट्रिय आवश्यकता पनि हो । राजनितिशास्त्र विषयको एक सचेत विद्यार्थीका हैसियतले अध्ययनको यो क्षेत्र छनौट गरिएको हो ।

### १.४.२ अध्ययनको ढाँचा

मुलत: यस अध्ययनमा नेपालमा सञ्चालित दश वर्षे सशस्त्र संघर्षले ल्याएका परिणाम र तिनको प्रभावलाई औल्याउने प्रयास भएको छ । यस अर्थमा प्रस्तुत अध्ययन विवरणात्मक र विश्लेषणात्मक ढाँचामा रहेको छ ।

### १.४.३ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययनको क्रममा आवश्यक तथ्याङ्कहरू द्वितीय स्रोतबाट संकलन गरिएका छन् । यस अर्थमा तथ्याङ्क संकलनमा उपलब्ध पुस्तक, शोध, सम्बद्ध पुर्व शोध, पत्रिका, लेख तथा दस्तावेजहरू अध्ययनका मुख्य स्रोत रहेका छन् । साथै तथ्याङ्क संकलनको स्रोतको आधारमा स्रोतको मुख्य प्रकृति गुणात्मक रहेको छ ।

### १.४.४ तथ्याङ्क संकलन विधि

मुलतः अध्ययनमा द्वितीय स्रोतका तथ्याङ्कहरू प्रयोग गरिएकाले पुस्तकालय विधिको प्रयोग गरिएको छ । यसका लागि पुस्तकालय अध्ययन, विषय सम्बद्ध लेख, पुस्तक, अनुसन्धानात्मक आलेख, प्रकाशित तथा अप्रकाशित कृति तथा दस्तावेजहरू पुस्तकालय विधिको प्रयोगद्वारा नै संकलन गरिएको छ ।

### १.४.५ तथ्याङ्कको प्रस्तुती र विश्लेषण

अध्ययनको क्रममा द्वितीय स्रोतबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित रुपमा प्रसंग अनुसार प्रस्तुति र विश्लेषण गरिएको छ । विषयवस्तुको विवरण र विश्लेषणको क्रममा विभिन्न शीर्षक एवम् उप-शीर्षकमा विभाजन गरी प्रस्तुत शोध तयार पारिएको छ ।

## १.५ अध्ययनको सीमा

यस शोधको शीर्षक अनुसार तत्कालिन ने.क.पा. (माओवादी)ले सञ्चालन गरेको हतियारबद्ध राजनीतिको कारण सिंगो नेपाली समाज र राजनीतिमा देखिएको परिवर्तीत वातावरणको समिक्षात्मक विश्लेषण प्रस्तुत शोधमा गरिने भएकाले स्रोत र समयको सीमितताका कारण निम्न सीमाहरु राखिएको छ ।

- ❖ अध्ययनको विषय नेपालमा नेकपा (माओवादी)को दश वर्षे सशस्त्र संघर्ष संग सम्बन्धीत रहेको छ ।
- ❖ अध्ययन माओवादी आन्दोलनको पृष्ठभूमि, विकास, प्रभाव तथा पछिल्लो अवस्थाका सन्दर्भमा सम्बन्धित रहेको छ ।

❖ मुख्यतया प्रस्तुत शोध समयको हिसाबले माओवादी सशस्त्र सङ्घर्षको घोषणा भएको समय (२०५२ साल फागुन १) देखि विस्तृत शान्ती सम्झौता सँगसँगै भएको सङ्घर्षको समाप्ती (५ मंसिर २०६३) सम्म सम्बन्धित रहेको छ भने संविधानसभाबाट संविधान निर्माण भई आउँदा हालसम्मको माओवादी आन्दोलनको अवस्थालाई पनि छोटकरीमा चर्चा गरिएको छ ।

## १.६ पूर्व साहित्यको समिक्षा

नेपालको माओवादी सशस्त्र सङ्घर्षसँग सम्बन्धित रहेर विभिन्न कृति तथा शोधहरु गरिएका छन् । डा.उप्रेतिद्वारा लिखित नेपालमा माओवादी सशस्त्र द्वन्द्वः कारण, असर र समाधानका प्रयासहरु (२०६१)मा माओवादी आन्दोलनको उठान, फैलावट र समस्याहरु तथा त्यसको समाधान गर्ने प्रयासहरु बारेमा चर्चा गरिएको छ भने डा.उप्रेतीकै द्वन्द्व व्यवस्थापन (२०७१) भन्ने पुस्तकमा माओवादी जनयुद्धको व्यवस्थापन अन्तराष्ट्रिय अनुभवहरुको आधारमा कसरी गर्न सकिन्छ, द्वन्द्वको प्रकृति तथा विश्लेषण गर्ने विधिहरुको पनि उल्लेख गरेको पाइन्छ । त्यस्तै गरी सुरेन्द्र के.सी.द्वारा लिखित नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास भाग-१(२०६०) र भाग-२(२०६५) मा पनि माओवादी विद्रोहसँग सम्बन्धित रहेर केही घटना, प्रभाव, आन्दोलनको स्थिति, पार्टीका महत्त्वपूर्ण बैठक र दस्तावेजहरुका बारेमा विश्लेषण गरेको पाइन्छ । त्यस्तै डा. बरालद्वारा लिखित नेपाली जनयुद्ध (२०६८) मा पनि माओवादी संघर्ष र यसको विस्तार, अन्य पार्टी र वैदेशिक शक्तिहरुको प्रभावका बारेमा चर्चा गरिएको छ भने कँडेलद्वारा लिखित माओवादी विद्रोह विवाद र रुपान्तरण (२०६७) भन्ने पुस्तकमा माओवादी जनयुद्धमा माओवादी तर्फको क्षति, अन्तरसंघर्ष र विवाद, वार्ता राजनीति, अन्तराष्ट्रिय भाइचारा, पार्टीहरुसँगको विवाद तथा माओवादी रुपान्तरणको दिशा जस्ता पक्षहरुको चर्चा गरेको पाइन्छ । त्यस्तै गरी माओवादी द्वन्द्वसँग प्रत्यक्ष-परोक्ष रुपमा सम्बन्धित रहेर राजनीतिशास्त्र विभाग पृ.ना. क्याम्पसमा पनि केही शोध कार्य भएका छन् । पोखरेल (२०६०)ले “नेपालमा संकटकाल पछिको राजनीतिक अवस्था नामक शोधमा नेपालमा संकटकालको घोषणा भएपछि देखा परेका असर र घटनाका शृङ्खलाहरुको बारेमा चर्चा गरेका छन् । त्यसै गरी सुनार (२०६८)ले “राजनीतिमा

दलित सहभागिताः नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कास्की एक अध्ययन" नामक शोधमा माओवादी सशस्त्र संघर्षमा दलितको भूमिका र समग्र माओवादी पार्टीमा उनीहरुको सहभागिता र भूमिकाको चर्चा गरेका छन् । त्यसै गरी अधिकारी (२०७२)ले "नेपालको कम्युनिष्ट आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टीको भूमिका" नामक शोधपत्र तयार गरेका छन् । उक्त शोधमा नेपालको कम्युनिष्ट आन्दोलनमा माओवादी आन्दोलनको भूमिकाको चर्चा गर्दै यस आन्दोलनका चुनौतिहरुको बारेमा सिंहावलोकन गरिएको छ । यसै गरी पोखरेल (२०७३)ले "नेपालमा समाजवादको प्रयोग" नामक शोधमा नेपालका कम्युनिष्ट पार्टीहरुले अवलम्वन गरेका समाजवाद सम्बन्धि नीति तथा कार्यक्रमहरुको चर्चा गरेका छन् । यस चर्चा अन्तर्गत विभिन्न कम्युनिष्ट पार्टी सहित ने.क.पा. (माओवादी)को सशस्त्र द्वन्द्वको बारेमा समेत थोर-बहुत चर्चा भएको छ । यसको अलवा शाही (२०७३) द्वारा तयार पारिएको "नेपालमा कम्युनिष्ट आन्दोलन : नेक.पा.(एमाले) र ने.क.पा.(माओवादी केन्द्र)को अध्ययन नामक शोधपत्रमा कम्युनिष्ट आन्दोलनको शुरुवात, उपलब्धि र दुई प्रमुख कम्युनिष्ट पार्टी बीच तुलनात्मक अध्ययन गरिएको छ । तर उपरोक्त कुनै पनि शोधपत्रमा मेरो शीर्षक र उद्देश्य अनुरुपको अध्ययन भएको पाइदैन ।

उपरोक्त कार्यको अलावा यस अध्ययनसँग सम्बन्धित माओवादी सशस्त्र सङ्घर्षको थालनीपूर्व तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवा समक्ष संयुक्त जनमोर्चा नेपालको नामबाट बुझाइएका ४० सुत्रीय मागहरू, सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी माओवादीबीच २०६२ मंसिर ७ गते सम्पन्न १२ बुँदे समझदारी पत्र तथा दशवर्षे सशस्त्र सङ्घर्ष र त्यसपछिको चार वर्षे शान्तिकालमा माओवादीले तय गरेका मूख्य कार्यनीतिक नारालाई आधारभूत दस्तावेजको रुपमा जस्ताको तस्तै अनुसूचीमा राखिएको छ ।

माओवादीको सशस्त्र संघर्षसंग सम्बन्धीत रहेर विभिन्न लेखरचनाहरू, शोध अनुसन्धानहरू भएपनि माओवादीको सशस्त्र संघर्ष थालनि देखि संविधान सभाबाट संविधान घोषणाको समयावधिलाई समेट्न सकेको पाइदैन । माओवादी पार्टी विभाजन संगै माओवादी आन्दोलनको पनि धारा र प्रवृत्तिहरू विभाजित भएको अवस्थामा

वर्तमानको माओवादी आन्दोलनको समेत चर्चा गरिएकाले प्रस्तुत शोध अन्य शोध भन्दा पृथक छ । नेपालको कम्युनिष्ट आन्दोलनमा माओवादीले गरेको सशस्त्र संघर्ष नयाँ प्रयोग भएकाले पनि यसको अध्ययनको आवश्यकता महशुस गरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को सशस्त्र संघर्षः एक समिक्षात्मक अध्ययन शिर्षकमा शोधकार्य गरिएको छ ।

## १.७ अध्ययनको महत्त्व

नेपाली इतिहासमा कुनै पनि कम्युनिष्ट पार्टीले नियमित सेना गठन गरेर राज्यसत्ता विरुद्ध सशस्त्र संघर्ष गरेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) नै पहिलो पार्टी हो । माओवादीले २०५२ फागुन १ देखि सञ्चालन गरेको दश वर्षे सशस्त्र संघर्ष र त्यसले नेपाली समाजमा ल्याएका परिणाम र परिवर्तन र हालको माओवादी आन्दोलनको स्थितिको बारेमा समेत अनुसन्धान गरिएको हुँदा माओवादी आन्दोलनको प्रकृति, प्रभाव, वर्तमानको स्थिति र इतिहास बुझ्नको लागि प्रस्तुत शोध महत्त्वपूर्ण बन्ने छ । राजनीतिशास्त्रका विद्यार्थीहरुका लागि महत्त्वपूर्ण अध्ययन सामग्री हुनेछ भने नेपालको माओवादी सशस्त्र सङ्घर्ष सम्बन्धि रुचि राख्ने जो कोही बुद्धिजीवि, पत्रकार, राजनीतिकर्मी, शिक्षक, प्राध्यापक, प्रशासक आदिको लागि उपयोगी तथा महत्त्वको कृति बन्ने छ ।

## १.८ शोधपत्रको संरचना

अध्ययनको सुविधाको दृष्टिकोणले प्रस्तुत शोधलाई विभिन्न पाँच परिच्छेदहरूमा विभाजन गरी आवश्यकता अनुसार शीर्षक-उपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । जस अनुसार परिच्छेद एकमा अनुसन्धानको सामान्य परिचय समेटिएको छ । परिचय अन्तर्गत शोधको पृष्ठभूमि, समस्या कथन, उद्देश्यहरू, अध्ययन विधि, अध्ययनको सिमा, पुर्व साहित्यको समिक्षा, अध्ययनको महत्व र शोध पत्रको संरचना जस्ता उप शिर्षकहरू समेटिएका छन् । यसैगरी दोस्रो परिच्छेदमा सशस्त्र संघर्ष र द्वन्द्व सम्बन्धी सैद्धान्तिक अवधारणाको चर्चा भएको छ । यस अन्तर्गत द्वन्द्वको परिचय, द्वन्द्वको अर्थ र परिभाषा, सशस्त्र संघर्ष सम्बन्धि विश्वका अमेरिका, फ्रान्स, रसिया, चिन, दक्षिण अफ्रिका, श्रीलंका जस्ता प्रतिनिधि देशहरूको परिवेशलाई समेटिनुका साथै नेपालको

परिप्रेक्षमा २००७ साल देखि झापा विद्रोह, सेक्टर काण्ड, बम काण्ड तथा माओवादी सशस्त्र संघर्षको चर्चा यस परिच्छेदमा भएको छ । परिच्छेद तीन माओवादी सशस्त्र संघर्षको प्रकृतिसंग सम्बन्धित छ । माओवादी संघर्षको उद्‌भव, सशस्त्र युद्ध, जातिय तथा क्षेत्रीय मोर्चाहरूको गठन, जनमुक्ति सेना, जन अदालत तथा वार्ता राजनिति जस्ता उप शिर्षकहरू यस परिच्छेदमा चर्चा गरिएको छ । साथै चौथो परिच्छेदमा माओवादी सशस्त्र संघर्षको प्रभाव र परिणामहरूलाई केलाउने प्रयास भएको छ । अन्त्यमा, पाँचौं परिच्छेदमा शोधको उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद - दुई

# सशस्त्र संघर्ष/ द्वन्द्व सम्बन्धी सैद्धान्तिक अवधारणा

## २.१ द्वन्द्वको परिचय :

सामान्यतः दुई वा दुई भन्दा बढी पक्षहरुबीच उत्पन्न हुने मत विभाजन, बेमेल, असन्तुष्टी, भै-भगडा, टकराब, अन्तरविरोध, तनावपूर्ण स्थिती र संघर्ष नै द्वन्द्व हो । मानव सभ्यताको विकास प्रक्रियासँगै द्वन्द्व पनि विभिन्न रुप-स्वरुपमा विकास हुने गर्दछ । समाजमा देखापर्ने वैचारिक भिन्नता, कार्यशैलीगत फरकपन, साँस्कृतिक भिन्नता, ऐतिहासिक र पृष्ठ भूमिगत भिन्नता, आर्थिक असमानता जस्ता पक्षहरुसँगसँगै द्वन्द्व पनि जोडिने गर्दछन् । द्वन्द्व समाजमा आनादीकालदेखि नै विद्यमान छ र यो एउटा निरन्तर चलिरहने प्रक्रिया हो । मार्क्सका अनुसार अहिलेसम्मको सम्पूर्ण समाजको इतिहास भनेको वर्ग सङ्घर्षको इतिहास हो (आफानास्येभ, २०५४: २९३) । यसरी द्वन्द्व वा संघर्षलाई मानिस र समाजको दैनिकी वा गतिविधिसँगै अगाडि बढ्ने प्रक्रियाका रुपमा लिने गरिन्छ । द्वन्द्व वा संघर्षका स्वरुपहरु सधैं एउटै किसिम र प्रकृतिमा नहुन सक्छन् । कहिले यो सुषुप्त रुपमा शान्तिपूर्ण तरिकाबाट अगाडि बढ्दछ भने कहिले विद्रोहात्मक तरिकाले आक्रमक रुपमा देखा पर्दछ ।

सशस्त्र विद्रोह वा द्वन्द्व विभिन्न हातहतियारको प्रयोग सहित निश्चित उद्देश्य प्राप्त गर्नका लागि सञ्चालन गरिएको योजनाबद्ध संघर्ष हो । राजनीतिक शक्ति प्राप्तिको उद्देश्यले, पहिचान वा अस्तित्वको रक्षाको लागि हुने, गरिने संघर्ष तथा स्रोत साधन परिचालनमा हुने विमतिका कारण प्रायजसो सशस्त्र विद्रोहहरु हुने गरेको पाइन्छ । लडाकु दस्ता वा छापामार, स्वयंमसेवक दल, रक्षा दल तथा नियमित सेना जस्ता फौजी संगठनहरु मार्फत हतियारको प्रयोग गरी राज्यसत्ताको विरुद्धमा गरिने संघर्षलाई सशस्त्र विद्रोह वा द्वन्द्व भनेर बुझ्ने गरिन्छ । सशस्त्र द्वन्द्व वा विद्रोह राज्यको नियम कानुनमा विपरित मान्ने गरिन्छ । कतिपय सन्दर्भमा राज्यले सशस्त्र विद्रोह गर्ने समूह, दल वा शक्तिलाई हिंसावादी, आतंककारी, उग्रवादी जस्ता पदावलीहरु समेत प्रयोग गर्ने गर्दछ । पुराना नियम, कानुन र संविधानका विरुद्ध नयाँ नियम, कानुन र

संवैधानिक व्यवस्था स्थापना गर्न, पुरानो शक्ति र राज्यसत्ता विरुद्ध नयाँ सत्ताको स्थापना गर्न, पुरानो संरचना र विचार दृष्टिकोणको बदलामा नयाँ संरचना र दृष्टिकोण प्रादुर्भाव गर्न, पुरानालाई ध्वंस वा खारेज गरी नव निर्माण गर्ने जस्ता उद्देश्य र पक्षहरुले सशस्त्र विद्रोह वा द्वन्द्वलाई जन्माउने गर्दछ । तसर्थ घरेलु तथा अन्य हातहतियार सहित समाज, क्षेत्र वा देशमा हुने संघर्षको, युद्धको स्थिती जसले चालु संविधान र शासन व्यवस्थाको विरोध गर्दछ, यस्ता गतिविधिलाई सशस्त्र विद्रोह वा द्वन्द्व भनेर बुझ्न सकिन्छ । यसका सकारात्मक र नकारात्मक दुवै पाटाहरुसँगसँगै आउने गर्दछन् । यसलाई बुझ्ने सन्दर्भमा व्यक्ति, समुदाय र क्षेत्रको दृष्टिकोण फरक-फरक पनि हुन सक्दछ ।

### २.१.१ द्वन्द्वको अर्थ र परिभाषाः

द्वन्द्व बहुपक्षहरुको बीचमा उत्पन्न हुने असहमति वा असमझदारी हो । द्वन्द्वले झगडा, मनमुटाव, दुश्मनी, हिंसा, लडाईं, संघर्ष, युद्ध, विवाद जस्ता कुराहरुलाई जनाउँदछ । व्यक्ति-व्यक्ति बीच, समूह-समूह बीच, राज्य-राज्य बीचमा देखापर्ने स्वार्थ र चाहानाको भिन्नता नै द्वन्द्व जन्मने प्रमुख कारण हुने गर्दछ । राजनीतिक क्रान्ति, आन्दोलन, परिवर्तन, संघर्ष, राज्य विरुद्धमा हुने विद्रोह, शक्तिहरुबीचमा उत्पन्न हुने युद्ध, शीतयुद्ध आदिमा पनि द्वन्द्व गाँसिएको हुन्छ । समाजको राजनीतिक, सांस्कृतिक, वैचारिक, धार्मिक, आर्थिक, नैतिक सबै क्षेत्रमा द्वन्द्व जोडिएको हुन्छ । त्यसैले द्वन्द्ववीद्हरुले यसलाई सार्वभौम मान्ने गरेको पनि पाइन्छ । द्वन्द्व र द्वन्द्वसँग सम्बन्धित शब्दावलीहरुको अर्थ र परिभाषाबाट पनि यसलाई बुझ्न सजिलो हुन्छ ।

संघर्ष - "दुई वा दुई भन्दा बढी व्यक्ति दल वा शक्तिका बीचमा हुने स्पर्धा, टक्कर, कुनै विकट परिस्थितिबाट बच्न वा मौलिक हकको संरक्षणका निम्ति गरिने सामुहिक विद्रोहका प्रयास," (नेपाली बृहत शब्दकोष, २०५० : १२८७) । सशस्त्र विद्रोह - "कसैले हातहतियार प्रयोग गरी नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अवस्था उत्पन्न गर्ने वा नेपाल राज्यको सत्ता पल्टाउने वा नेपाल राज्यको कार्य सञ्चालनमा बाधा विरोध उत्पन गर्ने उद्देश्यले गरिने कार्य," (सशस्त्र प्रहरी बल ऐन, २०५८: २२) । यस अर्थमा यस ऐनले नेपालको

सन्दर्भमा सुरक्षा स्थितिलाई ध्यानमा राखी सशस्त्र विद्रोहको परिभाषा गरेको छ । मुलत : अर्धसैनिक बलको व्यवस्थापन गर्ने यस ऐनले राज्यको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र राष्ट्रिय एकतामा खलल पार्ने वा सत्ता पल्टाउन उद्योग गर्ने हातहतियार सहितको प्रयोगलाई सशस्त्र विद्रोह भनि परिभाषा गरेको पाइन्छ । विद्रोह- "विप्लव, अवज्ञाको मनसायबाट हुने विरोध, प्रतिकूल भएर पार्ने उपद्रव," (श्रेष्ठ, २०६६ : ३६२) । सशस्त्र - "हातहतियार भएको, हातहतियारले सजिसजाऊ," (शर्मा, २०५४:१३२२)

"द्वन्द्व यस्तो अवस्था हो, जहाँ व्यक्ति वा समूहहरु आपसमा बाझिने वा अमिल्दा उद्देश्यहरु, मूल्य मान्यता र चाखबाट निर्देशित भई सोही अनुरुप आचारण गर्दछन् जुन अर्को पक्षलाई वा व्यक्तिलाई मान्य हुँदैन । द्वन्द्व सृजना हुने कारणहरुमा मानिसको मनस्थितीमा विकास हुने शङ्का, उपशङ्का तथा स्रोत र शक्तिको पहुँच र नियन्त्रणको बढ्दो महत्वकाङ्क्षा र अत्याचार रहेका हुन्छन् । त्यसकारण द्वन्द्व समाजको अभिन्न अंग हो र यो समाज रहेसम्म रहिरहन्छ । तर द्वन्द्वको अवस्था र स्वरुप भने फरक हुने गर्दछ" (उप्रेती, २०६१: १७-१८) ।

वर्टनका अनुसार स्रोत साधन, सोच विचार, मूल्य-मान्यता, भित्री चाहाना र आवश्यकता सम्बन्धी संघर्षहरुनै द्वन्द्व हो (उदृत, शिवाकोटी, २०७०: ३५) । ओवनवर्ग एवं निमफोकका अनुसार जब व्यक्ति आपसमा लड्छन वा कलह गर्दछन् तब उनीहरुको आचरणलाई संघर्ष वा द्वन्द्व भनिन्छ (उदृत, शिवकोटी, २०७०: ३५) । कार्ल मार्क्सका अनुसार दार्शनिकहरुले विश्वको बेग्लाबेग्लै व्याख्या मात्रै गरेका छन् तर गाँठी कुरा त्यसलाई बदल्नु हो (के.सी., २०५९:१२) । एंगेल्सका अनुसार द्वन्द्ववाद भनेको प्रकृति, मानव समाज र चिन्तनको गति सम्बन्धी सार्वभौमिक नियम बारेको सिद्धान्त हो (के.सी., २०५९:१२) । गिलिन एण्ड गिलिनका अनुसार विरोध त्यो राजनीतिक प्रक्रिया हो जसमा व्यक्ति वा समूहले आफ्नो विरोधीको प्रतिहिंसा गरेर वा हिंसा गरेर वा हिंसा गर्ने धम्की दिएर आफ्नो उद्देश्यहरु पूर्ति गर्ने प्रयास गरिन्छ (दास, २०५६ : २१५) ।

द्वन्द्वलाई ध्वंसको रुपमा सर्वसाधारणले बुझ्ने गरेको भएता पनि यसको सकारात्मक प्रभाव पनि पर्ने गरेको छ । दुई विपरीत विचार बीच बहस र छलफल हुँदा, पुरानाको

स्थान नयाँले ग्रहण गर्दा स्वभाविक रुपमा द्वन्द्व देखा पर्दछ । अत : द्वन्द्वलाई साँगुरो घेरामा राखेर सोच्नु उपयुक्त हुँदैन । द्वन्द्व सधैं भरी विनासकारी हुँदैन, राजनीतिक प्रणालीमा हुने बहुदलीय प्रतिस्पर्धा पनि द्वन्द्वकै एउटा रुप हो । द्वन्द्वले कुनै पनि प्रणालीमा सुधार ल्याउन समेत मद्दत गर्दछ, (उप्रेती, २०६२: ३१-३२) । विज्ञान तथा सामाजिक ऐतिहासिक उपलब्धीहरुको आधारमा द्वन्द्ववादले के पुष्टी गर्दछ भने जगत भन्नु नै गति, नवीनता, पुरानाको मरण र नयाँको प्रादूर्भावको अनन्त प्रक्रिया हो ( आफानास्येभ, २०५४: १९) । द्वन्द्वलाई शान्ति विरोधीको रुपमा चित्रण गर्ने गरेको पाइन्छ । सामान्यतया जनबोलिमा द्वन्द्व भन्ने वित्तिकै यसले सकारात्मक भन्दा पनि नकरात्मक पक्षलाई बढी बुझ्ने गरेको छ । सामान्य रुपमा द्वन्द्वलाई मनमुटाव, वैरभाव, झगडा, दुष्मनी, हिंसा आदिलाई बुझ्ने गरिन्छ । अहिले विस्तृत रुपमा द्वन्द्वलाई परिभाषित गर्दा द्वन्द्व भनेको व्यक्ति वा समूहहरुबीच देखिने आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक बुझाई दृष्टिकोण वा स्वार्थमा देखिने भिन्नताका कारण सृजित मनोदशात्मक अवस्था हो । छोटकरीमा भन्नु पर्दा शक्ति र प्रभावको लागि व्यक्ति वा शक्ति केन्द्रहरु बीच रहेको भिन्नताको प्रतिबिम्ब नै द्वन्द्व हो । व्यक्तिहरुको हेराई, विचार र दृष्टिकोण बाझिन गई एउटै कुरामा सहमति नहुन सक्छ । यसरी परिस्थितिवश एउटाको विचारमा मर्काको सहमति नभै असहमति जन्मनु र वैचारिक भिन्नता सृजना हुनु नै द्वन्द्व हो । अर्को अर्थमा हेर्न हो भने द्वन्द्वलाई समाजमा माया, प्रेम, ममता, स्नेह, सहयोग सद्भाव, मेलमिलाप र शान्तिको विपरीत रुपमा लिइन्छ । किनभने प्रायजसो मानिसको मानसिकतामा द्वन्द्व भन्नासाथ हिंसात्मक तस्वीर तयार हुन्छ । तसर्थ द्वन्द्वलाई नकरात्मक दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । तर वास्तविकता यस्तो मात्र होइन कहिले काहीँ द्वन्द्व सकारात्मक रुपमा पनि आउन सक्छ । किनभने सामाजिक विकास, व्यक्तित्व विकास, समुदायको सकारात्मक पक्ष र आत्मावल बढाउन सक्षम, गतिशील र अग्रगामी नेतृत्व चयन गर्न विकास कार्यमा भए गरेका काम परदर्शी बनाउन द्वन्द्व आवश्यक छ (इन्सेक, २०६६ : ९६) ।

द्वन्द्व नभएको कुनै समाज वा परिस्थिति हुँदैन । यो अकाट्य छ भन्दै मार्क्सवादीहरु त यसलाई वर्ग संघर्षसँग पनि जोडेर व्याख्या गर्दछन् । द्वन्द्व विहिन समाज वा समय हुँदैन । द्वन्द्वको चरित्र, किसिम, परिमाण र त्यसले ल्याउने परिणाम मात्र फरक हुन्छन्,

(आचार्य, २०६१:७८) । दुई विपरीत पक्षहरुको निरन्तर संघर्ष, हत्या-प्रतिहत्या, दमन-प्रतिरोध, हारजीत, मृत्यु-जीवन र जीवन-मृत्युमा हरेकले अर्कालाई निल्ने प्रक्रियाबाट गुज्रन्छन् र अन्तमा कसले कसलाई निल्दछ भन्ने कुरालाई बुझ्ने विज्ञान नै द्वन्द्वबाद हो (बुढा मगर, २०६६:६) ।

इतिहासको मार्क्सवादी अध्ययनले बताउँछकी मानव समाज विकासको मुख्य सञ्चालक शक्ति परस्पर विरोधी वर्गहरुको संघर्ष नै हो (वर्न्स, १९९९: ८-९) । लेनिनका अनुसार सही अर्थमा द्वन्द्ववाद वस्तुहरुको मूल तत्वमा रहेका अन्तरविरोधहरुकै अध्ययन हो ( उदृत अधिकारी, २०७३: ४४) । द्वन्द्व समाजको नियमित एवं स्वभाविक प्रक्रिया हो । तर पनि द्वन्द्वको परिणाम क्रुर एवं पीडादायी हुन्छ मानिसका जीवनमा । यद्यपी कुनैपनि त्यस्तो समाजको परिकल्पना गर्न सकिदैन, जहाँ द्वन्द्वको अस्तित्व हुँदैन । द्वन्द्वलाई निषेध गर्न सकिदैन र द्वन्द्वलाई प्रतिबन्ध पनि गर्न सकिदैन । तर सकारात्मक दृष्टिबाट हेर्ने हो भने द्वन्द्व “सामाजिक” परिवर्तनको उर्जा हो भन्न सकिन्छ । द्वन्द्व नै त्यस्तो एउटा माध्यम हो जसले समाजलाई यथास्थितिबाट उन्नतितिर घचेट्छ । तर द्वन्द्वलाई सामाजिक रुपान्तरणको प्रक्रियामा परिणत गर्ने साधनका रुपमा रहेको राजनीति अमूर्त परिकल्पनाको गोठरी बन्यो भने त्यसले द्वन्द्वलाई रुपान्तरण त गर्दैन बरु मानिसको जीवनलाई नै अभिशापमा परिणत गर्दछ । त्यसैले द्वन्द्व आफै क्रुर हुँदैन, त्यसलाई सम्बोधन गर्ने राजनीतिको प्रकृतिले द्वन्द्वलाई क्रुर अथवा परिवर्तनको संवाहकका रुपमा प्रस्तुत गर्दछ (संग्रौला, २०६४: २-३) ।

तसर्थ, दुई विपरित वर्ग, पक्ष वा विचारका बीचमा हुने असमझदारी नै द्वन्द्व हो । वस्तु र समाजलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा आउने मतान्तरका कारण द्वन्द्वको उत्पत्ति हुन्छ । द्वन्द्व सशस्त्र वा निशस्त्र दुवै प्रकारको हुने गर्दछ । त्यसैले द्वन्द्व नभएको कुनै समाज वा परिस्थिति नै हुँदैन भन्ने गरिन्छ ।

## २.२ सशस्त्र द्वन्द्व/विद्रोह सम्बन्धी विश्वका प्रमुख घटनाहरु :

### २.२.१ अमेरिका :

विश्वका अधिकांश स्थानमा उपनिवेश कायम गरेको संयुक्त अधिराज्य बेलायतले कुनै समयमा अहिलेको महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकालाई पनि आफ्नो उपनिवेशमा राखेको थियो । बेलायती उपनिवेशबाट मुक्त हुनका लागि अमेरिकीहरुले लामो समयसम्म सशस्त्र र शान्तिपूर्ण संघर्षहरु गरेको पाइन्छ । अठारौं शताब्दीको तेस्रो तिहाइको अन्तमा उत्तरी अमेरिकाको दुई तिहाई हिस्सा ब्रिटिश शासनको अधिनमा थियो (वेल्स, १९२२ : २५३) । आफ्नो व्यापार विश्वमा फैलाउने उद्देश्यले बेलायतले अमेरिकामा उपनिवेश कायम गरेको र अमेरिकीहरु आफ्नो स्वतन्त्रताको लागि संघर्षमा होमिएको कारण नै त्यहाँ द्वन्द्व वा विद्रोहको स्थिति सृजना भएको थियो । बेलायती शासकले उनीहरुमाथि ट्याक्स त लगाएको थियो तर त्यसको खर्चको नियन्त्रणमाथि तिनीहरुको कुनै भूमिका थिएनन् । तिनको व्यापारीक हित ब्रिटिश हितको लागि बलि चढाइन्थ्यो । त्यसबेला ब्रिटेन राजतन्त्रको एक अरु उत्कर्ष रुपतर्फ जाने गल्ति गरिरहेको थियो र जर्ज तृतियको हठी स्वाभावले घरेलु र औपनिवेशिक सरकारहरुको बिचमा संघर्ष लाद्नको लागि धेरै काम गऱ्यो । यो टकराव त्यस कानुनबाट अझ तीब्र हुन गयो जुन अमेरिकी जहाज मालिकहरुको मूल्यमा लण्डन इष्ट इण्डिया कम्पनीको हित साधन गर्दथ्यो । नयाँ शर्तहरुको अनुरुप आयातीत तीन जहाजहरुमा लादिएको चियाको 'इण्डियन' को छद्म रुप धारण गरेका मानिसहरुको एक दलले बोष्टनको बन्दरगाहा समुन्द्रमा फ्याँकिदिए (ई. १७७३) । संघर्ष त १७७५ मा नै प्रारम्भ भयो जब ब्रिटिस सरकारले बोस्टनको नजिक लेक्सिंग्टनमा दुई अमेरिकी नेताहरुलाई गिरफ्तार गर्न प्रयास गऱ्यो । पहिलो गोलि ब्रिटिशद्वारा दागियो, पहिलो लडाई कंकार्डमा भयो । यस प्रकार अमेरिकी स्वतन्त्रता संग्राम सुरु हुन गयो भने विद्रोही राज्यहरुको काँग्रेसले वर्ष १७७६ को मध्यमा गएर मात्र 'स्वतन्त्रताको घोषणा' जारी गऱ्यो । त्यसबेला धेरै उपनिवेशवादी नेताहरुको जस्तो नै फ्रान्स विरोधी युद्धको क्रममा सैन्य प्रशिक्षण प्राप्त जर्ज वाशिङ्टनलाई मुख्य सेनानायक बनाइयो । इ.१७७७ मा एक ब्रिटिश जनरल वरगोइनलाई क्यानडाबाट न्यू ओर्क पुग्ने प्रयास गरेको बेला फ्रीम्यान फार्ममा पराजित

गरिदियो तथा एरतोगामा आत्मसमर्पणको लागि बाध्य पारिदियो । इ.१७८१ मा एक अर्को ब्रिटिश सेना भर्जीनियामा पार्क टाउन प्रायद्वीपमा फस्नगयो र आत्मसमर्पण गर्नको लागि बाध्य गरिदियो । इ.१७८३ मा पेरिस शान्ति-सन्धी सम्पन्न भयो र माइनदेखि लिएर जर्जियासम्मका १३ सम्प्रभू राज्यहरुले स्वंयलाई एक यूनियन बनाए । यस प्रकार संयुक्त राज्य अमेरिका अस्तित्वमा आयो (वेल्स, १९२२ः १५४-१५६) ।

### २.२.२ फ्रान्सः

विश्वको क्रान्तिको इतिहासमा फ्रान्सको राज्यक्रान्तिको छुट्टै महत्त्व छ । मुलत : १७ औं, शताब्दी देखि नै विश्वमा तानाशाहरुको बोलवाला रहेको तथ्य इतिहासबाट लुकेको छैन । यस क्रममा युरोपको शक्तिशाली देश फ्रान्स पनि निरंकुश राजतन्त्रधारी राज्यको रुपमा रहेको पाइन्छ । स्वेच्छाचारी शासकहरुद्वारा चलाइएको कठोर र निर्मम शासनले देशमा निरङकुश शासन विरुद्धको क्रान्तिलाई निम्त्याई रहेको थियो । 'म नै राज्य हुँ र राज्य नै म हुँ' भन्ने कठोर अभिव्यक्ति दिने शासकहरु क्रमशः जनउपेक्षित पनि हुँदै थिए ।

"यहाँका १0% मानिसहरु अपच भएर मर्छन भने ९0% मानिसहरु भोकमरीले मर्छन" भन्ने उक्ती फ्रान्सको क्रान्तिको इतिहाससँग सम्बन्धित छ । यसले व्यापक असमानता ल्याइदियो र क्रान्तिको द्वन्द्वको कारण हुन पुग्यो ।

इ.१७८९ मा यो फ्रान्सेली राजतन्त्र दीवालिया हुन गयो र कम आय र अधिक खर्चको परेशानीहरु माथि विचार-विमर्शको लागि राज्यका जनताको सबै वर्गहरुका प्रतिनिधिहरुलाई बोलाउन बाध्य हुन गए । इ.१७८९ मा भर्साइल्समा 'स्टेट्स जनरल' आमन्त्रित गरियो, जुन शासक वर्गहरु, पुरोहितहरु र जनसाधरणको प्रतिनिधिहरुको मिलीजुली सभा थियो । इ.१६१0 देखि यसको सभा बोलाइएको थिएन । यस पूरा क्रममा फ्रान्स एक निरङ्कुश राजतन्त्र थियो । मानिसहरुले दीर्घकालदेखि पालिरहेको आफ्नो असन्तोषलाई व्यक्त गर्ने अवसर मिल्न गयो । तेस्रो वर्ग, जनसाधारणद्वारा विधानसभा माथि नियन्त्रण गर्ने दृढ फैसलाका कारण तीन वर्गहरुको बीचमा शीघ्र नै विवाद हुनगयो । राजा (लुई सोह्रौ)ले संघर्षको तयारी गर्न प्रारम्भ गरिदियो र

राज्यहरुबाट सैनिक टुकुडीहरु लिएर आयो र यसपछि पेरिस र फ्रान्सले विद्रोह गरिदियो, (वेल्स, १९२२: २५६-२५७) ।

फ्रान्सेली राज्यक्रान्तिलाई विश्वको सशस्त्र विद्रोहहरु मध्यको एउटा प्रमुख घटनाका रुपमा लिन सकिन्छ । निरङ्कुश राजतन्त्रको बिगबिगि रहेको फ्रान्समा पेरीशका मानिसहरुले निष्ठुर देखिने बास्तीलको जेलमाथि धावा बोले र विद्रोह अत्यन्तै तीव्रता पूर्वक फ्रान्समा फैलियो । पूर्व र पश्चिमका प्रान्तहरुमा शासकहरुका कैयौं महलहरुमा किसानहरुले आगो लगाएर जलाइदिए । उनीहरुको उपाधिपत्रहरुलाई नष्ट गरिदिए तथा तिनका मालिकहरुलाई हत्या गरिदिए या टाढा लखेटिदिए । अभिजात वर्गहरुको प्राचीन र क्षीण भइसकेको व्यवस्था एक महिना भित्र नै ध्वस्त हुन गयो । पेरीश र अधिकांश ठूला नगरहरुमा अस्थायी सरकारहरुको गठन गरियो र यी नगरीय सरकारहरुले एक नयाँ सशस्त्र फौज 'नेशनल गार्ड' को गठन गरे जसको लक्ष्य थियो राजतन्त्रीय सेनाको प्रतिरोध गर्नु (वेल्स, १९२२: २५७) ।

स्वतन्त्रता, समानता र भ्रातृत्वको मूल नाराले चर्चित फ्रान्सेली राज्यक्रान्ति भएको ८० वर्ष पछि फेरी फ्रान्समा विश्वलाई चकित पार्ने गरी कम्युनिष्टहरुले सशस्त्र विद्रोह गरेर शासनसत्ता आफ्नो हातमा लिए । सन् १८७१ मा फ्रान्सको राजधानी शहरमा बर्षौ देखि उपेक्षित, उत्पिडीत, दलित श्रमजीवि जनताले सत्ता कब्जा गरेर नयाँ संस्था र शक्तिको स्थापना गरे । यसको आयु दुई महिनाको मात्र भएपनि यो 'पेरीश कम्युन' नामले विश्व प्रख्यात छ (बराल, २०६९ : २९) ।

### २.२.३ रसियाः

मार्क्सवादको सफल प्रयोग गरेर २० औं शताब्दीको पहिलो दशकको अन्तिम वर्षहरुमा रसियाले सशस्त्र विद्रोह मार्फत कम्युनिष्ट सत्ता स्थापना गर्न पुग्यो । राजनीतिक उद्देश्य प्राप्त गर्नको लागि १९०५ मा भएको असफल क्रान्तिले पनि जारशाहीको सरकारलाई कमजोर बनाएको थियो । सन् १९०५ को अक्टुबरमा बोल्सेभिकहरुले एक आमहडतालको आयोजना गरे । कृष्णसागर स्थित नौसैनिक जहाज 'पाथ्योमिक्न' मा नौसेनिकहरुले अफिसरको अमानवीय व्यवहारको विरोध गर्दै विद्रोह सुरु गरेका थिए र जहाज कब्जा गरी ओडेसाका विद्रोही मजदुरहरुसँग सम्मिलित हुन पुग्यो (अलेक्सेएभ र

अन्यः १९८२:५६) । यो विद्रोहसँगै रसियामा कम्युनिष्टहरुको सशस्त्र विद्रोहले गति लिएको पाइन्छ । सन् १९१६ को फ्रेबुअरी महिनामा फेरी रसियामा एक सशस्त्र संघर्ष भयो । बोल्शोभिक र मेन्सिभिक पार्टीले देशका मजदुर र किसानहरुको नेतृत्व गरेका थिए । त्यस आन्दोलनमा सैनिकहरुले पनि साथ दिएका थिए । भालिनिस्की रेजिमेन्टका सेनाहरुले आफ्ना अफिसरको निर्देशन उल्लङ्घन गर्दै "हामी मर्न तयार छौं, तर आफ्ना दाजुभाईहरु माथि गोली चलउन्नौं" भनेर भनेका थिए । फ्रेबुअरी क्रान्तिपछि पनि बोल्शोविकहरुले १९१७ अक्टोबरमा अर्को विद्रोह गरे जसलाई 'अक्टोबर क्रन्ति' भनिन्छ । लेलिनको नेतृत्वमा ७ अक्टोबर १९१७ मा केरोस्की सरकारलाई उखेलेर फ्याँकीयो र सत्ता माथि सोभियतहरुको कब्जा हुन गयो (वेल्स, १९१९:३१४) । यसरी सशस्त्र विद्रोह मार्फत सत्ता कब्जा गरि भ्लादिभिर इलिच लेनिनको नेतृत्वमा समाजवादी देशको रुपमा रसियालाई अगाडि ल्याइयो (बराल, २०६३ : २०) ।

## २.२.४ चीन

विश्वको सबैभन्दा बढी जनसंख्या भएको चीन पनि कम्यूनिष्ट पार्टीको नेतृत्वमा जनगणतन्त्र स्थापना हुनुभन्दा अगाडि लामो समयसम्म द्वन्द्वमा फसेको पाइन्छ । कृषिप्रधान देश, जापानी औपनिवेशिकता, गरिबी जस्ता समस्या र विशेषता रहेको चिनमा सशस्त्र संघर्षका थुप्रै घटनाहरु घटेका छन् । मूलत : कम्युनिष्ट पार्टीको स्थापना र त्यसले अंगालेको दिर्घकालीन जनयुद्धले चीनलाई द्वन्द्वमा होमाएको पाइन्छ । सन् १९१९ मा मई ४ को दिन आन्दोलन भयो र सन् १९२१ मा चिनिया कम्युनिष्ट पार्टी र चीनको मजदुर आन्दोलनको बास्तविक थालनी भयो (त्सेतुङ र अन्य २०६५ : ४५) । मञ्चुवंशपूर्वको चीन (१६६४-१९१२) को पतनसम्म) र सन् १९१२ पछिको चीनलाई आधुनिक चीनको इतिहासको प्रारम्भ मानिन्छ । विदेशी शोषण र दमन अनि चरम भ्रष्टाचारका विरुद्धमा सन् १९०७ मा बक्सर विद्रोह भयो (के.सी., २०६४ : २) । चीनमा १९२७ को असफल विद्रोह र १९३५ मा यूवाहरुले चलाएको आन्दोलन पनि चर्चित घटनाहरु हुन् । मुख्य गरी कम्युनिष्ट पार्टीले स्थायी सेना निर्माण गरेर जापानी साम्राज्यवाद र चेङकाईसेकको सत्ताको विरुद्ध सञ्चालित राष्ट्रिय युद्धले सिङ्गो चीन द्वन्द्वमय हुन पुग्यो । सशस्त्र संघर्ष मार्फत नै सत्ता प्राप्ति हुन्छ, न्यायपूर्ण युद्धले नै

समग्र समस्याको समाधान दिन सक्दछ भन्ने मूल मान्यताका साथ चिनिया कम्युनिष्ट पार्टीले सशस्त्र संघर्ष चलाई रहेको थियो भने त्यसले भिषण रुप सन् १९४७ पछि मात्र लियो । १९४७ को भिषण गृहयुद्धपछि सन् १९४९ सेप्टेम्बरसम्म गृहयुद्ध जारी रहयो ( के.सी., २०६४:२) । ठूलो अन्तरविरोध सन् १९४० देखि सन् १९४३ मा भयङ्कर जापानी आक्रमणहरु र कोमिन्ताङ सरकारले जनतामाथि गरेका तीनवटा व्यापक स्तरका हमलाहरु लगत्तै आईलाग्यो (राजन, २०६३:५५) । लामो समयसम्म सशस्त्र विद्रोह र गृहयुद्ध भोगेको चिनमा दोस्रो विश्वयुद्धको प्रभाव पनि परेको थियो भने कम्युनिष्टहरुले सत्ता कब्जा गरेपछी औपचारिक रुपमै चीन जनवादी गणतन्त्रमा प्रवेश गऱ्यो । सन् १९४९, १ अक्टुबरका दिन पेकिङबाट माओले प्रथम जनवादी गणतन्त्र चीनको सार्वजनिक घोषणा गरे (राजन, २०६३:५५) । यसरी कम्युनिष्ट सत्ताको स्थापनासँगै चिनको लामो सशस्त्र द्वन्द्व, गृहयुद्ध, दिर्घकालीन जनयुद्धको पनि अन्त्य भयो ।

### २.२.५ दक्षिण अफ्रिका

सन् १७९५ मा दक्षिण अफ्रिकालाई ब्रिटिसहरुले नियन्त्रणमा लिए र आफ्नो उपनिवेश मार्फत त्यहाँको प्राकृतिक स्रोत साधन माथि कब्जा जमाई आदिवासी जनतालाई दास बनाउन सुरु गरे । शारिरीक, मानसिक र यौनको समेत शोषण गरेर अति अत्याचार गरेपछि आदिवासीहरुले दक्षिण अफ्रिकन आदिवासी राष्ट्रिय काँग्रेस (South African Native National Congress) भन्ने सङ्गठन खोलेर बेलायती ज्यादतीको विरोध गर्न सुरु गरे (उप्रेती, २०७१: ५३) । नेल्सन् मण्डेलाको नेतृत्वमा प्रजातन्त्रको स्थापना भएपनि सन् १९४८ मा गोराहरुको अतिवादी दल राष्ट्रिय पार्टी (National Party) ले सत्ता लिएपछि दक्षिण अफ्रिका वर्गको विभाजनसँगै रङ्गीय विभेदमा पनि परिणत हुन पुग्यो जसको कारण वर्ग र रङ्का आधारमा द्वन्द्वको सृजना हुन पुग्यो । मुख्य त गोराहरुको अतिवादी सोचको विरुद्धको विद्रोहको नेतृत्व अफ्रिकन नेशनल काँग्रेसले गरेको थियो भने ए.एन.सी.ले सन् १९५५ मा Freedom Character को दस्तावेज ल्याएको थियो । सरकारले सन् १९६० मा ए.एन.सी.लाई प्रतिबन्धित गरेपछि १९६१ मा ए.एन.सी.ले सशस्त्र विद्रोही शाखा, (Army Wing) गठन गरेर आन्दोलन बढाउन थाल्यो । परिणामत : सन् १९६४ मा ए.एन.सी.को नेता नेल्सन् मण्डेला सहित धेरैलाई

जेल हालियो । बालबालिका सहित सयौं नागरिकहरु मारिए । त्यसको विरोध अन्तराष्ट्रिय रुपमा व्यापक भएको भएपनि द्वन्द्व निरन्तर चलिरह्यो । अन्तराष्ट्रिय रुपमा उपनिवेशवादको पतन, नागरिक अधिकारको आवाज, नागरिक समाजको सक्रियताका कारण विद्रोही पार्टी र सरकारको बीचमा वार्ता पनि अगाडि बढीरहेको थियो । सन् १९८८ को चुनावबाट मध्यमार्गी सुधारवादी नेता एफ.डब्लु.डी. क्लार्क सत्तामा आएपछि मण्डेलालाई जेलमुक्त गरी राजनीतिक वातावरण सृजना गरे । विस्तारै राजनीतिक पार्टीहरु माथिको प्रतिबन्ध फुकुवा भयो र सन् १९९४ मा दक्षिण अफ्रिकी इतिहासमा पहिलोपटक गैररङ्गभेदी, प्रजातान्त्रिक आम निर्वाचन भयो र यसले परिवर्तनको लागि अस्थायी सरकार बनायो । नयाँ संसद र संविधानसभाका लागि प्रतिनिधि चुनेर त्यसले तयार पारेको संविधान सन् १९९६ अक्टोबर ११ मा स्वीकृत भई राष्ट्रपति नेल्सन् मण्डेलाले १० डिसेम्बर १९९६ मा हस्ताक्षर गरेपछि १० फेब्रुअरी १९९६ देखि संविधान लागुभयो (उप्रेति, २०७१ : ५५-५६) । मुख्य गरी द.अफ्रिकाको सशस्त्र विद्रोह/द्वन्द्व रङ्गीय विभेद र वर्गीय विभेदका कारण भएको पाइन्छ ।

### २.२.६ श्रीलङ्का

दक्षिण एसियाली राष्ट्र श्रीलङ्का पनि लामो समयसम्म द्वन्द्वको अवस्थाबाट गुज्रिन बाध्य भयो । सिंहाली राष्ट्रवाद र तमिल स्वतन्त्रताको पक्षमा श्रीलङ्काली द्वन्द्वलाई बुझ्ने गरिन्छ । बेलायति उपनिवेशबाट मुक्त भएसँगै अल्पसङ्ख्यक तमिलहरुले भाषिक स्वतन्त्रता र संवैधानिक संरक्षण तथा सरकार र संसदमा ५० प्रतिशत सिट सुरक्षित गर्नुपर्ने माग राख्दै आएका थिए तर सन् १९५६ को निर्वाचनमा पेरामुना कोयलिसन् (पिपुल्स युनाइटेड फ्रन्ट)ले विजय हासिल गरेपछि एस.डब्लु.आर.डी बन्दरानायकेको नेतृत्वमा सरकार बन्यो । उनले सन् १९५६ पछि बौद्ध धर्मको वैचारिक मान्यताका आधारमा 'सिंहाली' भाषालाई राष्ट्रभाषा बनाएपछि यस कार्यले श्रीलङ्काली सिंहाली राष्ट्रको रुपमा मात्र प्रस्तुत गरी तमिल अल्पसङ्ख्यकलाई अप्रत्यक्ष रुपमा रोजगारी लगायत अन्य थुप्रै अवसरबाट बञ्चित गरायो । तमिल भाषिक अधिकार नस्वीकार्नु नै श्रीलाङ्काली द्वन्द्वको जडको रुपमा देखापऱ्यो (उप्रेती, २०७१: ४९) । 'सिंहाली' एकल

राष्ट्रवादको विरुद्धमा तमिलहरु 'तमिल संयुक्त मोर्चा', 'तमिल एकिकृत स्वतन्त्र मोर्चा', जस्ता संगठनहरु निर्माण गरी आम चुनावमा समावेश हुँदै प्रतिपक्ष बनेर अघि बढ्ने क्रममा सन् १९७० को दशकमा भेलु पिलाई प्रभाकरणको नेतृत्वमा तमिल लडाकु समूहले 'लिवरेसन् टाइगर्स अफ तमिल इलम' (लिट्टे) Liberation Tigers of Tamil Eelam (LTTE) भन्ने विद्रोही संगठन खोली सिंहाली सरकारको विरोधमा सशस्त्र विद्रोह सुरु गऱ्यो । सन् १९८५ मा आइपुग्दा लिट्टेले आफ्ना क्षेत्र पूर्ण नियन्त्रणमा लियो । आफ्नो नियन्त्रित क्षेत्रमा लिट्टेले अरु राजनैतिक संगठनहरुलाई राजनीतिक गतिविधि सञ्चालन गर्न दिएन । भारतले यस समयमा आफ्नो भूमिमा समेत तमिलको प्रभाव पर्नसक्ने डरले भारतीय शान्तिसेना श्रीलङ्का पठाएको थियो । तर समस्याको समाधान भएन । लाखौंको ज्यान गएको श्रीलङ्काको द्वन्द्वमा युद्ध विराम र वार्ताका धेरै प्रयासहरु पनि सफल भएन । दुवै पक्षका सेना बीचको युद्धले लाखौं मानिस विस्थापित भएका थिए (उप्रेती, २०७१ : ५१) ।

जब राजापाक्षे सरकारबाट सन् २००९ मा सैनिक शक्तिद्वारा लिट्टेको शक्ति ध्वस्त पारियो त्यसपछि त्यहाँको तनावमा कमी आएको पाइन्छ । तर मानव अधिकारको हनन् र सैनिक मानोविज्ञानको केन्द्रीकृत सरकारको कारणले पूर्ण शान्ति स्थापना हुन सकेको भने छैन । श्रीलङ्काली सशस्त्र द्वन्द्वको खास कारण भने भाषिक अधिकार र पहिचान नै रहेको देखिन्छ ।

## २.३ नेपालमा सशस्त्र द्वन्द्वको संक्षिप्त इतिहास

विश्व राजनीतिमा जस्तै नेपाली राजनीतिमा पनि सत्ता प्राप्तिका लागि संघर्ष र सशस्त्र द्वन्द्व/विद्रोह हुने कुरालाई कुनै अनौठो मान्नुपर्ने विषय छैन । जंगबहादुर कुँवरले रक्तपात मच्चाएर राज्यसत्ता हत्याययता (वि.सं.१९०३) नियमित जस्तै सत्ता प्राप्तिका लागि पटक पटक हिंसाको प्रयोग भएको पाइन्छ । १०४ वर्ष लामो राणा शासन टिकाउन र हटाउन पनि हिंसा र सशस्त्र संघर्षको प्रयोग भएको छ (कँडेल, २०६७: २२) । नेपालले २००७ सालको क्रान्ति, २०२८ सालको झापा विद्रोह, २०४२ सालको बमकाण्ड, २०५२ को माओवादी सङ्घर्ष जस्ता सशस्त्र आन्दोलनहरु भोगि सकेको छ ।

### २.३.१ २००७ सालको क्रान्ति

नेपालमा १९०३ सालदेखि सञ्चालित हुकुमी, निरङ्कुश, पारिवारीक राणाशासनको विरुद्धमा २००७ सालको क्रान्ति भएको थियो । सुरुमा केही शैक्षिक आन्दोलनका रुपमा युवाहरुले राणहरुको विरोध गरेका थिए । प्रचण्ड गोर्खा र प्रजापरिषद जस्ता राजनैतिक दलको तर्फबाट हिंसात्मक उपायद्वारा राणाशासनलाई समाप्त गर्ने योजना बनाइएको थियो । तर योजनाको कार्यान्वयन नभएपछि वि.पि. कोइरालाको नेतृत्वको नेपाली राष्ट्रिय काँङ्ग्रेस र सुवर्णशमशेर, महावीर शमशेर लगायतका व्यक्तिहरुले निर्माण गरेको नेपाल प्रजातन्त्र काँङ्ग्रेसको एकिकरण पश्चात बनेको नेपाली काँग्रेस पार्टीले वि.सं.२००७ सालमा सशस्त्र संघर्षको सुरुवात गऱ्यो । नेपाली काँग्रेसले 'मुक्ति सेना' गठन गरी सशस्त्र संघर्ष अगाडि बढाएको थियो । दोस्रो विश्वयुद्धमा भाग लिएका नेपाली सिपाहीहरुले पछि २००७ सालको क्रान्तिलाई सैनिक नेतृत्व प्रदान गरेका थिए (कार्की, २०६५: २४) । नेपालको सशस्त्र क्रान्तिमा नेतृत्व दिने सैनिक कमाण्डरहरु पूर्णसिंह ठाकुर, ज्ञानबहादुर याक्युम्बा, दिलमान सिंह थापामगर आदि थिए (कार्की, २०६५: २५) । एकिकरण हुनुभन्दा अघिको नेपाल प्रजातन्त्र काँङ्ग्रेसको सशस्त्र संघर्ष मार्फत नै राणशासनको अन्त्य गर्न सकिन्छ भन्ने बुझाइका कारण सुवर्णशमशेर, सूर्यप्रसाद उपाध्याय र पूर्णसिंह ठाकुर रहेको 'काउन्सिल अफ एक्सन्' गठन गरियो र इ.स. १९४८ को जुन महिनामा मेजर पूर्णसिंह ठाकुरको अध्यक्षतामा कलकत्ताको चौरगङ्गस्थित कार्यालयमा जनमुक्ति सेनाका संस्थापक सदस्यहरुको पूर्ण बैठक बस्यो र सशस्त्र क्रान्तिको आधारशिला तयार गर्न पूर्णसिंह ठाकुर अध्यक्ष रहेको एउटा कार्यदलको गठन गऱ्यो (कार्की, २०६५: ३१) । सशस्त्र संघर्षको तयारी अगाडि देशका मुख्य-मुख्य शहरहरुबाट काँग्रेसका नेता कार्यकर्तालाई राणा सरकारले पक्राउ गऱ्यो । २००७ साल कात्तिक २६ गते राजा दिल्ली गए । लगत्तै जनरल सुवर्ण शमशेरले जनमुक्ति सेनालाई क्रान्तिबारे गोप्य आदेश दिए । २००७ कात्तिक २७ मा विरगञ्जमाथि आक्रमण गऱ्यो । यो आक्रमणसँगै देशका अन्य स्थानहरुमा पनि आक्रमणको शृङखला सुरु भयो । यो सशस्त्र संघर्षकै कारण राणहरु वि.सं. २००७ साल माघ २९ गते दिल्लीमा त्रिपक्षीय सम्झौता गर्न बाध्य भए । सम्झौतापछि २००७ साल फागुन ४ मा राजा त्रिभुवन स्वदेश फर्किए । यसको ३ दिनपछि फागुन ७ मा

प्रजातन्त्रको घोषणा भयो । प्रजातान्त्रिक संविधान तयार नभएसम्म राणा र काँग्रेस सम्मिलित संयुक्त सरकार गठन गर्ने, त्रिभूवन वैधानिक राजाको रुपमा रहने, एक वर्ष भित्र जनताले चुनेका प्रतिनिधिद्वारा संविधान निर्माण गर्न संविधानसभाको निर्वाचन गर्ने, सम्पूर्ण राजबन्दीहरुलाई आम माफी दिने जस्ता सहमती सहित देशमा प्रजातन्त्रको स्थापना भएको घोषणा गरियो (गुत्ता, १९९३: ४७) ।

यसरी १०४ वर्ष लामो राणशासनको अन्त्य भएको थियो । २००७ सालको क्रान्तिमा नेपालका कम्युनिष्टहरुले पनि सहभागिता जनाएका थिए । नेपाल कम्युनिष्ट पार्टीले विधिवत रुपमा भाग नलिए पनि अनौपचारिक रुपमा भने क्रान्तिमा सक्रिय रहयो ( कार्की, २०६५: १८५-१८६) । तर कम्युनिष्ट पार्टीले यसको परिणामलाई भने अस्वीकार गरेको थियो भने दिल्ली सम्झौताको पनि कडा रुपमा विरोध गरेको थियो (के.सी., २०६५: ९१) ।

### २.३.२ झापा विद्रोह

नेपालको सशस्त्र आन्दोलनमा झापा विद्रोहको पनि चर्चा हुने गर्दछ । कम्युनिष्ट विचारबाट प्रभावित त्यसमा पनि भारतीय कम्युनिष्ट पार्टी र त्यसका नेता चारु मजुम्दारको प्रभावमा परि पूर्वको झापाबाट पूर्वमा क्रियाशील कम्युनिष्ट युवाहरुले २०२८ सालमा सशस्त्र विद्रोहको युवाहरुले २०२८ सालमा सशस्त्र विद्रोहको सुरुवात गरेका थिए (कँडेल, २०६७ : ३) । 'वर्ग सत्रुखतम' अभियानको सुत्रपात गरि किसान आन्दोलनको रुपमा अगाडि बढेको आन्दोलन मूलत : व्यक्ति हत्याको राजनीतिमा आधारित भएता पनि त्यसमा आत्मोत्सर्गको भावना उच्च तहको रहेको हुँदा यो विद्रोह कम्युनिष्टहरुको सशस्त्र विद्रोह नै थियो (के.सी., २०६५: १२९) । साना-साना एक्सन् कमिटीहरु गठन गरी वन एरिया, वन एक्सन्को नीति अनुसार झापा र अन्यन्त्र गरि १५ जना 'जमिनदार तथा दलाल वर्गहरु' खत्तम गरिए । घरेलु हातहतियारको प्रयोग गरी विद्रोही युवाहरुले पूर्व रा.प.स. धर्मप्रसाद ढकालको समेत हत्या गरेका थिए । त्यसपश्चात भने सरकारले रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेनसिंह राजवंशी र नारायण श्रेष्ठ आदि पक्राउ गरयो । यी सबैको झापाबाट इलाम जेल सुरुवा गर्ने बहानामा २०२९ फागुण २१ गते का दिन सुखानीको जङ्गलमा हत्या

गरियो (के.सी., २०६५: १३२) । प्राय घरेलु हातहतियारको प्रयोग गरि सञ्चालित किसान विद्रोह भारतीय नक्सलवादी आन्दोलनको प्रभावले अघि बढेको पाइन्छ । नेपालमा नौलो जनवाद स्थापना गर्न रक्तपातपूर्ण क्रान्ति आवश्यक छ भन्दै सि.पी मैनाली, राधाकृष्ण मैनाली, रामनाथ दाहाल, नेत्र घिमिरे, शिव शिवाकोटी, खड्गप्रसाद ओली, **दयत** खपाङ्गी, हर्क बहादुर खड्का, विरेन राजवंशी, नारायण श्रेष्ठ, कृष्ण कुइँकेल लगायतका यूवाहरुले झापा जिल्लाको अर्डिनेशन कमिटी (Co-ordination Committee) को स्थापना गरे (पाण्डे, २०६७: ६२) । यसै को अर्डिनेशन कमिटीसँगै युवाहरु नक्सलवादी आन्दोलन जस्तै गरी नेपाली क्रान्ति सञ्चालन गर्ने निर्णयमा पुगे । नेपाली कम्युनिष्ट आन्दोलन र सशस्त्र विद्रोहको इतिहासमा झापा विद्रोहको रुपमा चर्चित यो आन्दोलनमा सुखानी हत्याकाण्ड जस्ता घटनासमेत हुन पुगेको थियो ।

### २.३.३ सेक्टर काण्ड

२०२८ सालको झापा विद्रोहलाई नै झझल्को दिने गरी २०४२ साल चैत १९ गते राजधानीका विभिन्न स्थानहरुमा प्रहरी सेक्टरहरु माथि आक्रमण भएको थियो । नेकपा मशाल विभाजित भएर नेकपा (मशाल) र नेकपा (मसाल) बनेको छोटै समयमा राष्ट्रिय पञ्चायतको चुनाव सम्पन्न भएको थियो । यस चुनावलाई व्यवहारिक रुपमै ध्वंश गर्नका लागि पार्टी केन्द्रको निर्णय बिना नै बागमती क्षेत्रीय व्यूरोले काठमाडौँका विभिन्न प्रहरीबीट माथि आक्रमण गऱ्यो (पाण्डे, २०६७: ११७) । यसलाई नै नेपाली राजनीतिमा सेक्टर काण्ड भनेर चिनिने गरिन्छ । संगठित र योजनाबद्ध रुपमा प्रहरी चौकी माथि हमला गरेको यो घटना सशस्त्र विद्रोहकै एक रुप थियो भन्न सकिन्छ । कम्युनिष्ट पार्टीकै यूवा कार्यकर्ताहरु सहभागि भएको यो विद्रोहमा पार्टीको केन्द्रीय निर्देशन नभएको, पार्टी महासचिव मोहन बैद्य 'किरण' उपत्यका बाहिर रहेको अवस्थामा काठमाडौँका त्रिपुरेश्वर, असन्, लगनखेल, क्षेत्रपाटी लगायतका प्रहरी सेक्टरहरु तोडिएका थिए । घटनापछि एक वक्तव्य मार्फत महासचिव किरणले पार्टीको तर्फबाट जिम्मा लिए । आक्रमणपछि पञ्चायती सरकारले तीव्र दमन गऱ्यो । यस काण्डमा मशालका धेरै कार्यकर्ताहरु गिरफ्तारमा परेका थिए । यो घटनालाई लिएर पार्टी भित्र क्षति भएको भन्दै विवादहरु पनि बढेको थियो । अन्तत : यो घटनामा

संलग्नहरु सबैलाई कारवाही स्वरुप एक तह घटुवा गर्नुपर्ने निर्णय लिइयो । यसै घटनाका कारण अर्का यूवा नेता पुष्पकमल दाहाल (प्रचण्ड)का लागि महासचिव बन्ने मार्ग प्रशस्त भयो (के.सी., २०६०: ११९) ।

### २.३.४ माओवादी सशस्त्र सङ्घर्ष

नेपालमा सञ्चालित सशस्त्र विद्रोहरु मध्ये ने.क.पा. (माओवादी)ले सञ्चालन गरेको दीर्घकालीन जनयुद्धलाई (१० वर्षे) अति महत्त्वकासाथ हेर्न गरिन्छ । २०५२ साल फागुन १ गतेबाट औपचारिक रुपमा जनयुद्धको घोषणा भई २०६३ मंसिर ५ गतेको विस्तृत शान्ति सम्झौतासम्म आइपुग्दा लगभग १० वर्ष वरीपरिको अवधि यस सशस्त्र विद्रोहले लिएको थियो । तत्कालीन ने.क.पा. (माओवादी) सम्म आउँदा यसले सेक्टर काण्ड लगायत अन्य थुप्रै उतारचढावहरु पनि भोगेको पाइन्छ भने २०५२ सालमा आइपुग्दा चिनीया कम्युनिष्ट पार्टी र त्यहाँको कम्युनिष्ट क्रान्तिलाई नै आधार मानि नेपालमा सशस्त्र संघर्ष गर्ने स्थितिमा पुग्यो । जनयुद्ध उठान गर्नका लागि औपचारिकतका रुपमा पार्टीको वैधानिक मोर्चा 'संयुक्त जनमोर्चा नेपाल'ले ४० बुँदे माग भएको ज्ञापन-पत्रले पनि सशस्त्र क्रान्तिको झलक प्रस्तुत गरेको थियो (पाण्डे, २०६७: १४८) । माग-पत्रको विषयमा तत्कालीन सरकार मौन रही सरकार प्रमुख शेरबहादुर देउवा विदेश भ्रमणमा निस्किएपछि माओवादीले आफ्नो माग पुरा गर्न दिएको अन्तिम मिति भन्दा ४ दिन अघि नै जनयुद्धको घोषणा गऱ्यो । जनयुद्धको उदघोष नै प्रतिक्रियावादी सत्ताका विरुद्ध नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं भन्ने नाराबाट आरम्भ गरियो (के.सी. २०६५: २९३) ।

नेपालको सन्दर्भमा कम्युनिष्ट पार्टीले सेना बनाएर सशस्त्र युद्ध सञ्चालन गरेको यो पहिलो अवसर थियो । २०५२ साल फागुन १ गते नै माओवादीको सशस्त्र छापामार दस्ताले रुकुमको खाडी प्रहरीचौकी, रोल्पाको होलेरी प्रहरीचौकी र सिन्धुलीगढीको प्रहरी चौकीमा हमला गऱ्यो भने जनसमुदायको सहभागितामा गोर्खाको च्याङ्लीस्थित कृषि विकास बैङ्क र साना विकास आयोजनामा आक्रमण गरी बैङ्क र आयोजनाको जनविरोधी चुसाह एवं घुसखोरी चरित्रको भण्डाफोर गर्दै करिब ३५ लाख तमसुक च्यात्ने र कागज जलाउने काम सम्पन्न भए (के.सी. २०६५ : २५६) । यसरी साना

बैङ्क, प्रहरीचौकी, बहुराष्ट्रिय कम्पनीबाट आक्रमण सुरु भएको माओवादी विद्रोह २०६३ को शान्ति सम्भौता पूर्व सम्म ठूला-ठूला युद्धहरु सञ्चालन गर्ने स्थितिमा आइपुगेको थियो । माओवादी सेनाको तत्कालिन शाहीसेना माथिको पहिलो आक्रमण दाङ घोराही व्यारेक माथि २०५८ मंसिर ८ मा भएको थियो (के.सी., २०६५ : ४२१) । माओवादी सङ्घर्षको प्रभाव सिङगो देशभरी पर्न गयो भने यसले आफ्नो सैन्य क्षेत्रमा पनि विकास गरेको थियो । स्वंयसेवक दलबाट जनमिलिशिया, सशस्त्र मिलिशिया, सेक्सन्, स्क्वाएड, प्लाटुन, कम्पनी, बटालियन, विग्रेड हुँदै डिभिजन सम्मका १० चरण पूरा गर्ने माओवादीको सैन्य जत्था आफ्नो संरचनाको उत्कर्षमा आईपुग्यो (के.सी., २०६५: ४००) । नेपालको १० वर्षे द्वन्द्वकालमा संकटकाल, आन्दोलन, हिंसात्मक संघर्ष, नेपाल बन्द जस्ता गतिविधिहरु भएको थियो भने सरकारले माओवादी आन्दोलनलाई निस्तेज पार्न किलो सेरा-टु अपरेशन, जंगल सर्च, रोमियो अपरेशन जस्ता सैन्य रणनीतिहरु सञ्चालन गरी आन्दोलनलाई मत्थर पार्ने प्रयास गरेको पाइन्छ ।

माओवादी नेताको टाउकोको मूल्य तोक्ने देखि लिएर दुवै पक्षबाट हत्या र वेपत्ता गर्ने घटनाहरु पनि भएको पाइन्छ । (२०५२ साल फागुन १ देखि २०६३ साल पुष १६ गतेसम्म राज्यपक्षबाट ८३७७ र माओवादी पक्षबाट ४९७० गरी जम्मा १३,३४७ जनाले ज्यान गुमाउन परेको तथ्याङ्कले देखाएको छ भने २०६३ साल फागुन ३ गते राज्य र विद्रोही पक्षबाट गरिएका ८१२ बेपत्ताहरुको नामावली सार्वजनिक भएको थियो (के.सी., २०६५: २९७) ।

यसरी माओवादी सशस्त्र सङ्घर्षका क्रममा सकारात्मक पक्ष सहित भौतिक संरचनाको क्षति, मानवीय क्षति, विकास कार्यमा अवरोध, मनोवैज्ञानिक अशान्ति जस्ता पक्षहरु पनि सँगै आएका थिए । मूलत रणनीतिक उद्देश्यका साथ सञ्चालन गरिएका युद्ध सशस्त्र संघर्ष भएकाले यो एउटा राजनीतिक युद्ध पनि थियो भनेर भन्न सकिन्छ ।

यसरी गतिशिल समाजको अन्तरनिहित तत्वको रुपमा द्वन्द्व रहेको पाइन्छ । समाजलाई परिवर्तित गराउने खास तत्व नै द्वन्द्व रहने गरेको पुष्टि हुन्छ । मूलत समाजका इकाइहरूवीच हुने स्वार्थ, बेमेल वा उनीहरूको प्रतिशपर्धाबाट द्वन्द्व सृजना हुने गरेको पाइन्छ । परिस्थितिलाई आफु अनुकुल बनाउन राज्य वा शक्तिशालीका विरुद्ध सशस्त्र

सङ्घर्ष भएको दृष्टान्त विश्वमा नै देख्न सकिन्छ । द्वन्द्वले नै आजका अमेरिका, फ्रान्स, दक्षिण अफ्रिका जस्ता देशहरू विकासको फड्को मार्न सफल भएका छन् भने द्वन्द्वको उचित व्यवस्थापन गर्न नसक्दा कतिपय मुलुकहरू पछाडि परेका छन् । नेपालमा पनि सशस्त्र सङ्घर्षको इतिहास झण्डै २०० वर्षको छ । यसमा पनि २०५२ सालदेखि शुरु भइ दश वर्ष सम्म चलेको माओवादी सशस्त्र सङ्घर्ष विश्वका केही गन्न सकिने आन्दोलन भित्र पर्दछ । मुलुकको राजनीतिको दुरगामी प्रभाव बोकेको यस सङ्घर्षले विश्व समुदायको समेत ध्यानाकर्षण गराएको छ । यस सङ्घर्षको प्रकृति र प्रभावहरूको बारेमा आगामी परिच्छेदहरूमा विस्तृत चर्चा गरिएको छ ।

# परिच्छेद - तीन

# नेपालमा माओवादी सशस्त्र सङ्घर्ष (२०५२-२०६३) को प्रकृति

## ३.१ माओवादी आन्दोलनको उद्भव :

### ३.१.१ नेकपा (माओवादी)को गठन

मुलुकमा जहाँनिया राणाशासन कायम रहेकै अवस्थामा साम्यवादी विारधाराका व्यक्तिहरुबाट पुष्पलाल श्रेष्ठको नेतृत्वमा १५ सेप्टेम्बर, १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो । यस दलको जन्म हुनुमा एकातर्फ देशको आन्तरिक कारण जिम्मेवार देखिन्छ भने अर्को तर्फ तत्कालिन अवस्थामा विश्वभरी फैलिएको साम्राज्यवाद विरोधी संघर्ष, छिमेकी देश चिनमा कम्युनिष्ट पार्टीको नेतृत्वमा गरिएको नयाँ जनवादी क्रान्ति र दक्षिणी छिमेकी देश भारतमा विकसित क्रान्तिकारी संघर्षको प्रभाव देखिन्छ (पुष्पलाल, २०२५:३७) ।

यस दलले २००७ सालको क्रान्तिमा सकृय भूमिका निभाउनुका साथै २००७ सालको दिल्ली सम्झौताको विरोध, २००८ सालमा भारतीय प्रधानमन्त्रीलाई कालो झण्डा देखाएर गरिएको विरोध, संयुक्त मोर्चाको गठन जस्ता कार्यहरु गर्‍यो । २०१५ सालको आम निर्वाचनमा ४७ स्थानमा उम्मेदवारी दिएको भएता पनि जम्मा ४ स्थानमा विजय प्राप्त गरेको थियो । तर कम्युनिष्ट पार्टि भित्र देखिएका सैद्धान्तिक एवम् नीतिगत मतभेदका कारणले यो दल विभिन्न समूहमा विभाजित हुनपुग्यो । २०१७ सालको तत्कालिन राजा महेन्द्रको कदमलाई लिएर केशरजङ्ग रायमाझी, मोहन विक्रम सिंह र पुष्पलाल बीच मतभिन्नता विकसित भई साम्यवादी आन्दोलन सिंगो रुपमा अगाडि बढ्न नसकी विभाजित नै हुन पुग्यो (रावल, २०४७: ५२-५४) ।

डा. केशरजङ रायमाझीले राजाको कदम प्रति सहमति जनाउदै राजासंग नजिक हुने निति लिए भने पुष्पलाल श्रेष्ठ लगायतकाहरू भने त्यसको बिरोध गर्न तिर लागे । जब २०१९ सालमा पार्टीको अल्पमत पक्षले भारतको बनारसमा बैशाख ४-१५ गतेसम्म तेस्रो महाअधिवेशन सम्पन्न गरेर तुलसीलाल अमात्यलाई महासचिवमा निर्वाचित

गऱ्यो भने डा. केशरजङ रायमाझी, डी.पी. अधिकारी, शम्भुराम श्रेष्ठ लगायतकाहरूलाई कारवाही गरियो । यहि घटना नै पार्टीको औपचारिक विभाजनको विन्दु बन्यो । त्यसै समयमा विश्व कम्युनिष्ट आन्दोलनमा चलेको 'महान बहस'को प्रभाव नेपालका कम्युनिष्टहरूमा पनि पर्न गयो । यसले नेपालको कम्युनिष्ट पार्टीहरू विभिन्न गुट, उपगुट हुँदै चिनिया धारा र रुसी धारामा विभाजित भए । २०२५ सम्म पुग्दा तेस्रो महादिवेशनद्वारा निर्वाचित केन्द्रीय समिति पनि बिघटन हुन पुगेको देखिन्छ भने यसै क्रममा पुष्पलालको नेतृत्वमा तेस्रो संविधान सम्पन्न भएको थियो । सम्मेलनले सबैलाई समेट्न सकेन भने २०२८ मा मोहन विक्रम सिंहले काठमाडौंमा केन्द्रीय न्यूक्लियसको गठन गरे । यसैको आयोजनामा वि.सं. २०३१ असार १४ गते भारतको बनारसमा चौथो महाधिवेशन सम्पन्न हुन गएको देखिन्छ (के.सी, २०७१ : ४४) । यसरी २०३१ सालमा गठित नेकपा (चौम) पनि २०४१/४२ सम्म पुग्दा चौम, मशाल र मसालमा विभाजन भएको थियो ।

२००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना भएदेखि नै पार्टीको भावि कार्यदिशा निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा थुप्रै उतारचढाव र विवादको बीचबाट नेपालको कम्युनिष्ट आन्दोलन गुज्रि रहेको अवस्थामा नेकपा (चौम)को २०४० को औपचारिक विभाजन र त्यसबाट बनेको नेकपा मशालमा पनि २०४२ सालमा विभाजन भएपछि भने कम्युनिष्ट आन्दोलनमा नयाँ मोड देखा परेको थियो । २०४१ साल मंसिर १-१६ मा भारतको अयोध्यामा सम्पन्न पाँचौ महाधिवेशन पश्चात मोहन बैद्य महामन्त्रीमा निर्वाचित भएपछि बहुमत पक्षले मोहनविक्रम सिंहलाई कारबाही गरेको थियो र कारबाहिमा परेका मोहनविक्रम सिंहले २०४२ सालमा छुट्टै सम्मेलन गरी नेकपा (मशाल)को गठन गरेपछि नेकपा(मशाल) विभाजित भई मोटो र पातलो मशाल बनेको पाइन्छ (वाग्ले, २०७३ : ३८२) । मोटो मशालको नेतृत्व गरेका मोहन बैद्यले २०४२ सालको सेक्टर काण्ड पछि राजीनामा गरेपश्चात नेतृत्वमा आएका प्रचण्डले पार्टी र संगठनलाई सुदृढ गर्दै नेपाली जनवादी क्रान्तिलाई नयाँ सिराबाट उठाउन प्रयत्न गरे । 'राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ' भन्ने माओको भनाइलाई मुख्य सुत्र मानेर नै नेकपा मशाल नेपालमा सशस्त्र विद्रोहको अपरिहार्यता छ भन्ने निष्कर्षमा पुगेको पाइन्छ (पाण्डे, २०६७:११९) । अझै २०४८ साल माघको पहिलो

हप्तादेखि १७ दिनसम्म अर्धभूमिगत रुपमा चितवनको माडीमा चलेको एकता केन्द्रको एकता महाधिवेशनमा मुख्य रुपमा प्रचण्डको आधार इलाका सहितको दीर्घकालीन जनयुद्धको कार्यदिशा, निर्मल लामाको सशस्त्र विद्रोहबाट जनसत्ता स्थापना गर्ने कार्यदिशा र रुपलाल विश्वकर्माको आधार इलाकाको घोषणा नगरी दीर्घकालीन जनयुद्ध गर्ने कार्यदिशा मध्ये प्रचण्डको प्रस्ताव अत्याधिक बहुमतले पारित भएपछि नेपालमा माओवादी आन्दोलन अगाडि बढाउने बाटो लगभग निश्चित भएको थियो । उक्त महाधिवेशनमा श्याम श्रेष्ठको प्रस्तावले भने मतदानमा प्रवेश पाएको थिएन । यसरी एकता महाधिवेशनमा पूर्व मशाल, मशाल (विद्रोही), चौम, सर्वहारावादी श्रमिक संगठन र नेकपा (जनमुखी) पाँच संगठनहरुले भाग लिएका थिए (गौतम र अन्य, २०६४:३६) ।

महाधिवेशनले महामन्त्री प्रचण्डको अध्यक्षतामा २३ सदस्यीय केन्द्रीय समिति र नरबहादुर कर्माचार्यको अध्यक्षतामा ७ सदस्यीय सल्लाहकार परिषदको गठन गरेको थियो । एकता महाधिवेशन सम्पन्न भएको ३-४ वर्ष पनि नपुग्दै नेपाल कम्युनिष्ट पार्टी एकता केन्द्रमा क्रान्ति गर्ने राजनीतिक कार्यदिशाका सम्बन्धमा फेरि विवादहरु सतहमा देखिन थाले । कोही तत्काल गाउँले सहरलाई घेर्ने दीर्घकालीन जनयुद्धको नीतिलाई लागु पर्ने पक्षमा त कोही जनआन्दोलनलाई उठाउँ क्रमशः क्रान्तिको बाटो तर्फ अघि बढ्नुपर्छ भन्ने मान्यताको पक्षमा उभिन पुग्यो । अन्तत : संस्थापन पक्षले २०५१ जेठ १६-२१ गते चितवनमा आयोजना गरेको एकता महाधिवेशन पछिको प्रथम राष्ट्रिय सम्मेलनको मञ्चबाट पार्टी भित्रको अल्पमत पक्षलाई नेतृत्वबाट नै हटायो भने कारबाहीमा परेको अल्पमत पक्षले २०५१ जेठ १५ गते नरबहादुर कर्मचार्यको अध्यक्षतामा सम्मलेन आयोजक समिति गठन गरे पश्चात नेकपा एकता केन्द्र पुन विभाजन हुन पुग्यो । पूर्व मशाल समूहले यसै राष्ट्रिय सम्मेलन मार्फत पार्टीको नाम नेकपा(माओवादी) राखे भने पूर्व चौम र सर्वहारावादी श्रमिक सङ्गठन, नेपाल जनमुखी) समूहहरु पूर्ववत नेकपा (एकता केन्द्र)मा सक्रिय रहन पुगेको पाइन्छ (के.सी., २०६५: १८३-१८४) ।

यसरी चौथो महाधिवेशन (नेकपा चौम), नेकपा मसाल, नेकपा मसाल, नेकपा (एकता केन्द्र) हुँदै २०५१ को चितवन राष्ट्रिय सम्मलेनबाट नेकपा (माओवादी) सम्म आइपुग्दा मूल रुपमा चौमबाट २०४० मा विद्रोह गर्ने, २०४२ मा भएको सेक्टर काण्डका नेतृत्वकर्ताहरु, नेकपा मशाल विभाजित भई बनेको मोटो मशालका नेता कार्यकर्ताहरुको बाहुल्यता रेहेको पाइन्छ भने नेकपा मसालबाट विद्रोह गरी आएका हरिबोल गजुरेल र डा.बाबुराम भट्टराई समेत दीर्घकालिन जनयुद्धको पक्षमा र माओवादी पार्टी गठनमा सक्रिय रहेको पाइन्छ ।

### ३.१.२ संयुक्त जनमोर्चा नेपालः

पञ्चायती व्यवस्थाका विरुद्ध जनआन्दोलनमा सहभागी हुने सन्दर्भमा सबै कम्युनिष्टहरु एउटै मोर्चा निर्माण गर्न असफल भएपछि कम्युनिष्टहरुको नै दुई वटा मोर्चा गठन हुन पुगेको थियो । २०४६ साल माघ २ गते साहाना प्रधानको नेतृत्वमा ‘संयुक्त बाममोर्चा’ गठन भयो भने मशालका मोहन विक्रम सिंह, नेपाल कम्युनिष्ट पार्टी मशालका पुष्पकमल दाहाल ‘प्रचण्ड’, सर्वहरावादी श्रमिक संगठन नेपालका रुपलाल विश्वकर्मा, नेकपा मार्क्सवादी लेनिनवादी पार्टीका शम्भुराम श्रेष्ठको संयुक्त बैठक बसी २०४६ साल माघ २१ गते ‘संयुक्त राष्ट्रिय जनआन्दोलन समिति’ गठन गरिएको थियो (बराल, २०५२: १५-१६) । जसको संयोजक नेकपा मशालका डा.बाबुराम भट्टराई थिए । यसरी नेकपा माले सहितका सात बाम पार्टी साहाना प्रधानको नेतृत्वमा नेपाली काँङ्ग्रेसले मूल नेतृत्व गरेको जनआन्दोलनमा होमिएको थियो भने नेकपा मशाल सहितका पाँच पार्टी डा.बाबुराम भट्टराईको नेतृत्व रहने गरि छुट्टै राष्ट्रिय जनआन्दोलन समिति गठन गरि आन्दोलनमा सहभागी भएका थिए । नेपालमा २०१७ साल देखि चल्दै आएको पञ्चायती शासन व्यवस्था २०४६ सालको जन आन्दोलनबाट विस्थापित भई प्रजातन्त्रको पूनर्वाहाली भएपछि २०४८ मा भएको संसदीय निर्वाचनमा तत्कालिन संयुक्त राष्ट्रिय जनआन्दोलन शिथिल हुन थालेपछि उक्त जनआन्दोलन समितिमा सम्मिलित पार्टीहरुबाट २०४७ माग ६-७ गते काठमाडौँमा विद्रोही मशालका डा.बाबुराम भट्टराई संयोजक रहेको ‘संयुक्त जनमोर्चा नेपालको’ गठन गरी संसदको ‘क्रान्तिकारी उपयोग’ द्वारा नौलो जनवादको स्थापनाका लागि सडक र सदन दुवैबाट

संघर्ष गर्ने उद्देश्य सहित सहभागि भएको थियो । यस निर्वाचनमा देशका कुल २०५ निर्वाचन क्षेत्र मध्ये संयुक्त जनमोर्चा नेपालले ६९ स्थानमा आफ्ना उम्मेद्वार खडा गरेकोमा ९ सीट अर्थात ४.३९ प्रतिशत स्थानमाथि विजय प्राप्त गऱ्यो (के.सी., २०७१: २६४) । यो निर्वाचनले संयुक्त जनमोर्चा नेपाललाई देशको तेस्रो ठूलो शक्ति तथा दोस्रो ठूलो बाम शक्तिका रुपमा स्थापित गरायो । यसरी २०४८ सालको संसदीय र स्थानीय दुवै निर्वाचनमा भाग लिएको संयुक्त जनमोर्चा नेपाल २०५१ मा 'एकता केन्द्र' को विभाजनसँगै टुक्रिन पुग्यो । २०५१ जेठ ८ मा डा.बाबुराम भट्टराइलाई मोर्चाको अध्यक्ष पदबाट निष्काशन गरी निरञ्जन गोविन्द बैद्य तदर्थ समितिको अध्यक्ष हुन गएको पाइन्छ । डा.बाबुराम भट्टराईले नेतृत्व गरेको संयुक्त जनमोर्चा नेपाल नै अन्ततः नेकपा (माओवादी)ले जनयुद्धको घोषणा गर्नु अगाडि ४० सुत्रीय माग तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रस्तुत गर्ने मोर्चा बन्न पुग्यो । संयुक्त जनमोर्चा नेपाललाई माओवादी आन्दोलनको बैद्यानिक तथा खुला मोर्चाको रुपमा पनि लिने गरिएको पाइन्छ । तर २०५१ सालको मध्यावधि निर्वाचनमा भने संयुक्त जनमोर्चा नेपालले भाग लिएको थिएन । संयुक्त जनमोर्चा नेपालका अध्यक्ष बाबुराम भट्टराई नेकपा माओवादीका एक शिर्षस्त नेता पनि थिए । यसै कारण उनकै नेतृत्वमा राष्ट्रियता सम्बन्धि ९ बुँदे, जनतन्त्र सम्बन्धि १७ बुँदे र जनजीविका सम्बन्धी १४ गरी ४० बुँढे माग २०५२ माघ २१ गते तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापन-पत्र सहित बुझाइएको थियो (ज्ञापनपत्रको पूर्ण विवरण परिशिष्टमा उल्लेख गरिएको छ) । यसरी ४० बुँदे मागपत्रलाई नै जनयुद्धको आधार-पत्र मानिएको पाइन्छ (पन्थी, २०६९:११) ।

### ३.१.३ तत्कालिन राजनीतिक परिस्थितिः

नेपालको राजनीतिक घटना परिघटनाहरु निकै छोटो अवधिमा नै परिवर्तन भइरहने प्रक्रिया २००७ सालको क्रान्तिपछि नै देखा पर्दै आएको थियो । जब २०१७ मा नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको सुरुबाट भयो त्यसपछि भने त्यसको विरुद्धमा नेपालका काँङ्ग्रेस, कम्युनिष्ट सबै पार्टीहरु भूमिगत वा खुला रुपमा संघर्षमा होमिए । २०३६ सालको जनमतसंग्रहले पनि बहुदलको स्थापना हुन नसकेपछि २०४६ सालमा

जनआन्दोलन भयो । जनआन्दोलनले प्रजातन्त्रको पुनः स्थापना गऱ्यो र २०४७ मा एउटा सँवैधानिक समिति मार्फत 'नेपाल अधिराज्यको संविधान' २०४७ निर्माण भयो । त्यसैको जगमा २०४८ सालमा संसदीय निर्वाचन र २०४९ मा स्थानीय निर्वाचन समेत सम्पन्न भयो ।

जनताले आफ्ना स्थानीय र केन्द्रीय जनप्रतिनिधिहरु छाने । लगभग ३० वर्षको पञ्चायती व्यवस्थाबाट एकसको अनुभव गरेको नेपाली जनताले प्रजातन्त्रको पुर्नवहाली पछि राजनीतिक शक्तिहरुसँग निकै अपेक्षा गरेको भएता पनि असमानता, अस्थिरता, भ्रष्टाचार, विभेद र पक्षपात जस्ता विकृतिहरुमा कुनै किसिमको सुधार देखा परेन । पार्टी र नेताहरु पद र प्रतिष्ठाका लागि प्रतिस्पर्धामा उत्रिन थाले । नेपाली जनताको आशा फेरी निराशामा बदलिन पुग्यो । नेपालका राजनीतिक शक्तिहरुले विस्तारै विश्वास गुमाउदै जान थालेको स्थितिमा नेपालमा जनवादी क्रान्तिको लागि दिर्घकालिन जनयुद्धको वकालत गर्ने शक्तिले नेपाली जनताको भावनामा बस्ने वातावरण त्यहाँनिर सिजर्ना भयो । देश विकासका काम अपेक्षा अनुसार अगाडि बढ्न नसकेको, क्षेत्रीय र लैङ्गिक एवम् जातीय विभेदहरु कायम रहेको, स्पष्ट बहुमत ल्याएको काङ्ग्रेसको सरकारले आफ्नो पूरा कार्यकाल पूरा गर्न नसक्नु, पार्टीमा विवाद उत्पन्न हुनु जस्ता पक्षहरुले नेपाली राजनीतिक नेतृत्वप्रति जनताको वितृष्णा पैदा भयो भने त्यसले विद्रोहको तयारी गर्ने एकता केन्द्रलाई सघाउ नै पुऱ्यायो ।

### ३.१.४ जनयुद्धको औपचारिक घोषणा

२०४८ सालमा नै आधार इलाका सहितको दीर्घकालिन जनयुद्धको राजनीतिक कार्यदिशा पारित गरेको नेकपा एकता केन्द्रले २०४८ सालको संसदिय निर्वाचनमा आफ्नो चुनावी मोर्चा 'संयुक्त जनमोर्चा'को नाममा भाग लिएको थियो भने रुकुम, रोल्पा, ललितपूर लगायतका जिल्लाहरुबाट ९ स्थानमा विजय हासिल गरेको थियो । एमाले, काँङग्रेस, राप्रपा लगायतका पार्टीहरुको अब विद्रोहको कुरा गर्ने शक्ति पनि संसदीय अभ्यासमा पसिसक्यो भन्ने बुझाई र संसदमा संयुक्त जनमोर्चा नेपालका प्रतिनिधिहरुको आवाजको सुनुवाई पनि हुन नसकेको स्थितिमा जब २०५१ को मध्यावधि निर्वाचनमा संयुक्त जनमोर्चा नेपालले भाग लिएन, त्यसपछि भने राजनीतिक

वृत्तमा अलि फरक ढङ्गबाट चर्चा हुन पुगेको पाइन्छ । अझै २०५१ को चितवनको राष्ट्रिय सम्मेलनबाट पार्टीको नाम नेकपा (माओवादी) राखेपछि झन् सबै पार्टीको ध्यान त्यतातिर खिचिन पुगेको थियो । तर सैद्धान्तिक रुपमा जनयुद्धको कार्यदिशा पास गरेपनि माओवादीले युद्धको घोषणा गरेन । बरु यहाँको राजनीतिक, भौगोलिक, वर्गसङ्घर्षको इतिहास, जनताको मनोविज्ञान जस्ता विषयलाई अध्ययनको बाटो बनायो । प्रचण्डले नेतृत्व गरेको नेकपा एकता केन्द्रको २०४८ देखि ०५२ सम्मलाई जनयुद्धको तयारीका रुपमा संसदीय चुनावको उपयोग, संसद र सडकबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि जनसंघर्षको नीति अख्तियार गरेको पाइन्छ (पन्थी, २०६९:७) ।

नेकपा (माओवादी)ले जनयुद्धको औपचारिक घोषणा गर्नुपूर्व आफ्नो वैधानिक मोर्चा 'संयुक्त जनमोर्चा नेपाल'को नाममा डा.बाबुराम भट्टराईले २०५२ माघ २१ मा दिएको अल्टिमेटम भित्र तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वको सरकारले कुनै प्रतिक्रिया नदिइसकेपछि माओवादीले २०५२ फागुन १ गते "प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस पार्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको औपचारिक घोषणा गऱ्यो (थापा, २०७३: १२६) । सुरुमा कतिपयले प्रश्न र आश्चर्य भावमा हेरे । कतिपयले यसलाई बहुदल मास्ने खेल भनेर पनि आफ्नो धारणा प्रकट गरे । एमाले पक्षधरहरुले "एमालेको लोकप्रियतालाई बदनाम गर्ने चाल' भनेर आफ्नो मत प्रकट गरे (बराल : २०६८:१९) । नेपाल कम्युनिष्ट आन्दोलन र स्वंय माओवादीहरुका लागि पनि नेपालकै सन्दर्भमा जनयुद्धको घोषणा पहिलो घटना थियो । माओवादी पार्टीले थुप्रै चुनौतिका बीचबाट यो निर्णय लिएको थियो भनेर जो कोहीले सजिलै भन्न सक्दछ । जनयुद्धसँगै माओवादीले निम्नानुसारको सात बुँदे सैद्धान्तिक प्रतिबद्धताहरु सार्वजनिक गरेका थिए (नेपाली कम्युनिष्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरु, २०६९: ३४२-२४६) ।

क) हाम्रो योजना क्रान्तिकारी हिंसा सम्बन्धि मार्क्सवाद लेनिनवाद-माओवादका शिक्षामा आधारित हुनेछ । दोस्रो देशको विशिष्टता अनुसार गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रुपमा अघि बढ्ने यस प्रक्रियाको

पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एक पटक पुनः माओद्वारा विकास गरिएको सर्वहारावर्गको सार्वभौम र अपराजय मार्क्सवादी सैन्य सिद्धान्तका रुपमा जनयुद्धको सिद्धान्तप्रति अविचलित रहने प्रतिज्ञा गर्दछ ।

ख) जनयुद्धको थालनीको हाम्रो यो योजना राज्यसत्ताबाहेक अरु सबै हो' भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निम्ति राजनीतिक सत्ता प्राप्त गर्नु नै सशस्त्र सङ्घर्षको प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यही प्रश्नमा देखापर्ने अर्थवाद, सुधारवाद, अराजकतावाद लगायतका सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर संघर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ ।

ग) हाम्रो योजना समान्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरु चलाउँदै मानव जातिकै स्वर्गिय भविष्य साम्प्वादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ । एक पटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढता विना सशस्त्र संघर्षको थालनी सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सम्झौतामा टुंग्याउने र साधन बन्न कदापी दिइनेछैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी, संकीर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमहरुबाट सम्पूर्ण रुपले मुक्त रहनेछ ।

घ) हाम्रो यो योजना सर्वहारा अन्तराष्ट्रवादको महान् भावनामा आधारित हुनेछ । नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र यसले विश्वक्रान्तिको सेवा गर्नेछ । हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद लेनिनवाद माओवादको निर्देशनमा विश्वक्रान्ति अघि बढाउन तथा नयाँ अन्तराष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको 'क्रान्तिकारी अन्तराष्ट्रिय आन्दोलन' (रिम) ( जसको हाम्रो पार्टी सदस्य रहेको छ) को विकासमा अझ बढी सहयोग पुऱ्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

ङ) हाम्रो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैद्धान्तिक मान्यतामा आधारित रहने छ । अन्तरविरोधको नियमको सार्वभौमिकता अनुसार पार्टी भित्री सङ्घर्षलाई द्वन्द्वात्मक ढङ्गले ग्रहण र त्यसलाई सञ्चालन गर्नु पार्टीलाई त्यसरी सजीब राखी हर क्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु पूरा हृदयले जनताको सेवा गर्ने जनतासँग घनिष्ठ सम्बन्ध कायम राख्ने जनदिशाको सिद्धान्त अविचल रहने कुरामा पार्टी प्रतिबद्ध छ ।

च) हाम्रो यो योजना सर्वहारावर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यता अनुसार बन्ने छ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधी सबै तह र तरकाका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र सङ्घर्ष सञ्चालन गरिने छ । कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र संघर्ष श्रमजीवि जनसमुदाय मुख्यतः गरिब किसानहरुमाथि भर परेर चल्ने छ । कहिल्यै र कुनैपनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरुको दबाब, धम्की र प्रलोभनमा पर्ने छैन ।

छ) युद्धमा आफ्नै नियमअनुसार त्यो सरल रेखामा होइन जटिल बक्र रेखामा अघि बढ्ने छ । लेनिनको “कथित आफैले आफ्नो विकासक्रममा सधैं नै असाधारण जटिल परिस्थिति सृजना गर्दछ” भन्ने कुराको महत्त्वलाई आत्मसात गरेर जानु जरुरी छ । जीत र हार, उपलब्धी र क्षतिका चक्रहरु पार गरेर नै जनयुद्ध विजयी बन्ने छ । खराब कुरालाई असल कुरामा रुपान्तरण गर्ने अन्तरविरोधको नियमलाई ठिक ढङ्गले पक्डेर नै हामिले जनयुद्धको नेतृत्व गर्न सक्नेछौं ।

## ३.२ नेकपा माओवादी र सशस्त्र संघर्ष

नेकपा (माआवादी)ले आफ्नो राजनीतिक कार्यदिशा ‘दीर्घकालिन जनयुद्ध’ पारित गरेपछि नै उनीहरु जनयुद्धको तयारीका लागि विशेष रुपमा अगाडि बढेको आम मानिसको सामान्य बुझाई छ । चिनिँया क्रान्तिबाट प्रभावित नेपालका माओवादीहरुले आफ्नो संघर्षलाई पनि चिनियाँ मोडेलमा नै नेपाली विशेषतामा आधारित रहेर सञ्चालन गर्ने नीति लियो । नेकपा एकताकेन्द्रलाई परिवर्तन गरी नेकपा (माओवादी) बनाएपछि नै

यसले माओको राजनीतिक फौजी कार्यदिशालाई ग्रहण गर्ने आकलन राजनीतिक वृत्तमा थियो भने भयो पनि त्यस्तै । चीनको ठूलो र ग्रामीण भूगोलमा लागु गरिएको त्यो कार्यदिशा नेपालको सन्दर्भमा कति उचित र कति अनुचित भन्ने दुविधाका बीच बडो चुनौति सामना गरेर मुख्यत ग्रामीण संघर्षको उठान गरी गाउँबाट विस्तारै शहर घेर्ने रणनीतिका साथ माओवादीले आफ्नो योजना अगाडि ल्याएको थियो । माओवादीले नेपालको राजनीतिक र भौगोलिक विशेषतालाई, जनताको राजनीतिक चेतना र ऐतिहासिक स्वभावलाई आफ्नै चेतना र ऐतिहासिक स्वभावलाई आफ्नै ढङ्गले विश्लेषण गरी दीर्घकालिन जनयुद्धलाई यसरी परिभाषित गरेको थियो ।

“नेपालको अर्धसामन्ती एवं अर्धऔपनिवेशिक अवस्था र मार्क्सवाद-लेनिनवाद-माओवादका वैज्ञानिक एवम् क्रान्तिकारी शिक्षाका आधारमा हामिले नेपाली नयाँ जनवादी क्रान्तिको फौजी रणनीतिका रुपमा गाउँबाट शहर छिर्ने दीर्घकालीन जनयुद्धको रणनीति अपनाएका छौं । विभिन्न देश, काल र परिस्थितिका विशिष्टताहरु अनुसार त्यसको कार्यान्वयन र अभिव्यक्ति फरक-फरक ढङ्गले हुने भएपनि सामन्तवाद, साम्राज्यवादको दोहोरो शोषण उत्पीडनका सिकार भएका देशहरुका निमित्त यो फौजी रणनीतिको सार्वभौम महत्त्व रहेको छ । दीर्घकालीन जनयुद्ध एउटा ऐतिहासिक चरणमा विद्यमान सत्रुतापूर्ण वर्गअन्तरविरोध हल गर्ने समग्र फौजी रणनीति हो । हाम्रो अवस्थामा सामन्त, नोकरशाही र दलाल पुँजीपति वर्ग तथा जनताका अन्य तमाम वर्ग, तह, तप्काका बीचको अन्तरविरोधलाई सर्वहारा वर्गको नेतृत्वमा हल गर्ने फौजी विधी नै दीर्घकालीन जनयुद्ध हो । दीर्घकालीन जनयुद्धको पदावली प्रारम्भमा जनताको फौजी शक्ति दुश्मनको फौजी शक्तिको तुलनामा निकै कमजोर रहेको तथ्यलाई देखाउँछ । जनताको कमजोर फौजी शक्तिले दुश्मनको बलियो फौजी शक्तिलाई परास्त गर्ने कलाको नाम नै दीर्घकालीन जनयुद्ध हो” (प्रचण्ड, २०६३: २६४) ।

यसरी नेकपा (माओवादी)ले नेपालको ग्रामिण इलाकामा पहिला आफ्नो संगठन विस्तार गरी विस्तारै गाउँलाई कब्जा गर्दै अन्त्यमा शहर कब्जा गर्ने दीर्घकालीन संघर्षको नीतिलाई नेपाली सापेक्षतामा व्याख्या गरेको पाइन्छ । जनयुद्धका आधारभूत सिद्धान्तहरु

माओत्से तुङको दीर्घकालीन जनयुद्धको कार्यनीतिमा आधारित रहेतापनि त्यसलाई प्रयोग गर्ने सन्दर्भमा भने नेकपा (माओवादी)ले नेपालकै विशिष्टतामा प्रयोग गरेको बताउने गर्दछ । कतिपय नेपाली बाम विश्लेषक भने माओवादी जनयुद्ध चिनियाँ क्रान्तिको फोटोकपी हो भनेर भन्न समेत पछि पर्दैनन् । नेकपाको नामको कोष्ठमा 'माओवादी' रहेबाट नै यो पार्टी कति माओभक्त होला ? सहजै अनुमान लगाउन सकिन्छ । त्यसैले यसले नेपालमा 'क्रान्ति' को परिकल्पना गऱ्यो त्यसको विचार, सिद्धान्त, कार्यनीति, रणनीति, युद्धनीति सबै नै चिनिया क्रान्तिको सक्कल बमोजिम नक्कल हो (के.सी., २०६५: ३९५) भन्ने दृष्टिकोण समेत पाइन्छ । जसले जसरी परिभाषा गरेपनि नेपालको सन्दर्भमा दीर्घकालिन जनयुद्धको कार्यदिशा त्यसको प्रयोग नयाँ नै थियो । जनयुद्धले उठान गरेका मुद्दाहरु नेपाली विशेषता कै थिए । यस आन्दोलनमा समर्थन गर्ने र सहभागि हुनेहरु नेपाली नै थिए ।

### ३.२.१ माओवादी सशस्त्र सङ्घर्षको विकासका सामान्य चरणहरु

नेकपा माआवादीले २०५२ फागुन १ गते देखि नेपालमा सञ्चालन गरेको सङ्घर्ष दीर्घकालिन किसिमको थियो । एक्कै पटकमा पुरै इलाका वा सिङ्गो देश कब्जा नगरी विस्तारै विभिन्न चरण उपचरणहरु पार गरेर क्रमश गाउँबाट सहर घेर्ने रणनीतिका साथ युद्द नीति अंगिकार गरेको र त्यसै अनुसार आफ्ना फौजी गतिविधिहरु अगाडि बढाएको पाइन्छ । चिनियाँ क्रान्तिका नेता माओत्से तुङले प्रतिपादन गरेको दीर्घकालीन जनयुद्धको मूल मान्यतामा आधारित रहेर नेपालका माओवादीहरुले आफ्नो फौजी कार्यदिशालाई अगाडि बढाएको हुँदा यसले मुख्यत रक्षा, सन्तुलन र आक्रमणको चरणलाई नै आफ्नो राणनीतिक चरणको रुपमा लिएको पाइन्छ । नेकपा (माओवादी)ले सशस्त्र सङ्घर्ष सुरु गर्नु भन्दा पूर्व पारित गरेका राण्नीतिक चरणका योजनाहरुलाई हेर्दा हामी नेपाली सशस्त्र जनयुद्धका चरणका प्रकृतिलाई अझै स्पष्ट ढंगबाट बुझ्न सक्दछौं ।

दीर्घकालिन जनयुद्धका आम रुपमा तीन रणनीतिक चरण हुने कुरा जुन माओले चिनियाँ क्रान्तिको अनुभवको आधारमा संश्लेषण गरेका थिए । त्यो विश्वव्यापी रुपमा नै लागु हुन्छ । त्यस अनुसार हामीलाई थाहा छ, पहिलो चरण रणनीतिक रक्षा-जसको

स्वभाविक अर्थ कार्यनैतिक आक्रमण हुन्छ र यसको अभिव्यक्ति रणनैतिक भूमिका सहितको छापामार युद्धको रुपमा हुनेछ ।

दोस्रो चरण-रणनैतिक शक्ति सन्तुलन-जसको अर्थ जनता र दुश्मनको सैन्यशक्ति रुपान्तरणको विन्दुमा पुग्दछ र छापामार युद्धले कार्यनैतिक तथा नियमित युद्धले रणनैतिक चरित्र ग्रहण गर्न थाल्दछ ।

तेस्रो चरण-रणनैतिक प्रत्याक्रमण-जसको अर्थ दुश्मन रक्षाको चरण र जनताको सैन्यशक्ति आक्रमणको चरणबाट अघि बढ्दै अन्तिम विजय जनताको हुनेछ ।

दीर्घकालीन जनयुद्धका उपरोक्त राणनीतिक चरणका विशेषताहरुमाथि ध्यान दिएर, त्यसअनुसार नेपाली विशेषताका आधारमा कार्यनैतिक चरण निर्धारण गरी युद्धको प्रक्रियामा प्रवेश गरेर नै हामीले नेपाली जनयुद्धका समग्र नियमहरुको उद्‌घाटन गर्दै जान सक्नेछौं । यस दृष्टिले आजको नेपालको वस्तुगत र अस्मगत अवस्थाबाट निर्धारित चरणहरु निम्नानुसार रहेको पाइन्छ (नेपाली कम्युनिष्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्ताबेजहरु, २०६९: ३४०) ।

१. पहिलो चरणः- जनयुद्धको प्रारम्भका निमित्त अन्तिम तयारीको चरण यस अन्तर्गत हामी सशस्त्र सङ्घर्ष सुरु गर्ने प्रक्रियामा प्रवेश गर्ने छौं । छापामार युद्ध प्रारम्भ गर्ने न्यूनतम व्यवहारिक र सङ्गठनात्मक तयारीका कामलाई योजनाबद्ध अभियानका रुपमा पूरा गरिने छ । यसमा समग्र युद्ध (Total War) का विशेषतामाथि ध्यान दिँदै भित्री र बाहिरी क्रियाकलापलाई एउटै उद्देश्यका निमित्त प्रयोग गरिने छ, जनताको क्रान्तिकारी राजनैतिक सत्ताका निमित्त छापामार युद्धको प्रारम्भ गर्नु ।

२. दोस्रो चरणः- छापामार युद्धको प्रारम्भको चरण । यस अन्तर्गत केन्द्रीय सैन्य योजना अनुसार देशव्यापी रुपमा नै छापामार कारबाहीहरुको प्रारम्भ गर्ने रहेको थियो । यस चरणमा सङ्गठनको प्रमुख रुप लडाकु दल र संघर्षको प्रमुख रुप छापामार कारवाहीलाई व्यवाहारिक अभिव्यक्ति दिइने छ । जनताको नयाँ जनवादी सत्ताको स्थापना र सशस्त्र सङ्घर्षको अनिवार्यताको प्रचार सशस्त्र ढङ्गले गर्नु यस चरणको प्रमुख उद्देश्य हुनेछ । निश्चित रणनैतिक

इलाकाहरुलाई विशेष योजनाका साथ लगिए पनि यति बेला इलाका कब्जा गरिने छैन । सामन्त, जमिन्दार, पुलिस प्रशासन, दलाल एवम् नोकरशाहका विरुद्ध स्थिति अनुसारका विभिन्न स्तरका कार्यवाहीहरु गरिने छ ।

३. तेस्रो चरणः- छापामार इलाकाहरु कायम गर्न छापामार युद्धको विकास गर्ने चरण । यसअन्तर्गत देशका निश्चित रणनैतिक इलाकाहरुलाई छापामार इलाकामा बदल्ने उद्देश्य पूरा गर्न छापामार कार्यवाहीहरु तीव्र गरिने छ । छापामार इलाकाहरुलाई केन्द्रमा राखी चारैतिर कार्यवाहीका इलाकाहरु कायम गर्ने र तिनमा विजयी हुन 'हान' र 'भाग' (Hit and Run) को कार्यनीति अवलम्बन गरिने छ । सङ्घर्षका अन्य रुपहरुका साथै यस चरणमा विशेष रुपले Sabotage का कामहरुलाई तीव्र पारिने छ ।

४. चौथो चरणः- छापामार इलाकाहरुलाई आधार इलाकामा बदल्ने चरण । तत्कालीन राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति एवम् जनताको सैन्य शक्तिको अवस्था हेरी आधार इलाका कब्जा गर्ने प्रश्नमा शक्ति केन्द्रित गरिने छ । आधार इलाका विना दीर्घकालीन जनयुद्धमा विजय असम्भव छ भन्ने सिद्धान्तको व्यवहारिक अभिव्यक्ति दिइने छ ।

यसरी नेपालका माओवादीहरुले सुरुका चरणहरुमा आफू बच्ने र दुश्मनलाई हैरान पार्ने, दुःख दिने, सताउने अर्थात हान र भागको रणनीति अपनाएको थियो । सरकारी स्वमित्वमा रहेको आर्थिक संयन्त्रमा तोडफोडद्वारा क्षति पुऱ्याउनु, सरकारी सञ्चार, यातायात अवरुद्ध पार्नु, जासुसहरुको घर र सम्पत्ति क्षतिग्रस्त पार्नु, दुश्मनका विरुद्ध सशस्त्र ढङ्गले रेड, एम्बुस र एसाल्ट गर्नु जस्ता कारवाहीहरु यस अन्तर्गत सञ्चालन गरिए । शाही सेना परिचालन हुनु भन्दा अगाडि पनि यस्तै योजनाबद्ध गतिविधिहरु माओवादीका छापामारहरुले गर्ने गरेको पाइन्छ । जब नेपालमा २०५८ मंसिर ८ मा माओवादीहरुले आफ्नो लडाकु दललाई औपचारिक रुपमा 'जनमुक्ति सेना' को घोषणा गरेर अगाडि बढ्यो र मुख्य गरी नेपालमा संकटकाल लागु भएपछि भने माओवादीले मोर्चाबद्ध लडाईको सुरुबाट गऱ्यो । उनीहरुले व्यवस्थित र योजनाबद्ध ढंगले सेनाको व्यारेक र गस्तिहरुमाथि आक्रमण गर्न थाले । २/३ दिन सम्म पनि निरन्तर सेनासँग लडिरहन सक्ने माओवादी जनमुक्ति सेनाको स्थिति बनेपछि, उनीहरुले यसलाई

प्रत्याक्रमणको चरण भनेर भन्ने गरेको पाइन्छ । दाङ आक्रमण, बेनी आक्रमणहरु यो चरणअन्तर्गतका कारवाहीहरुमा पर्दछन् ।

### ३.२.२ संघर्षका स्वरुपहरु :

नेकपा माओवादीले जनयुद्धको सुरुबाट गरेपछि आफ्ना गतिविधिहरुलाई विभिन्न संघर्षका नाम र स्वरुप दिएर अगाडि बढाएको पाइन्छ । मूलत : वैधानिक र अवैधानिक गतिविधिहरुलाई नै अंगालेको भएपनि कुनै पनि विद्रोही शक्तिले अवलम्बन गर्ने संघर्षको स्वरुप भने बढी अवैधानिक नै हुने गर्दछ । माओवादीले आफ्ना भातृसंगठनहरु जस्तै : विद्यार्थी मोर्चा, महिला मोर्चा, शिक्षक सङ्गठन, मजदूर सङ्गठन, दलित मोर्चा, जनजाति मोर्चा, युवक सङ्गठन आदि मोर्चाहरु मार्फत वैधानिक वा खुला कार्यक्रम र संघर्षका गतिविधिहरु अघि बढाएको पाइन्छ भने जनमिलिसिया, स्वंयम् सेवक दल, लडाकु दस्ता, जनुमुक्ति सेना आदि मार्फत भने अवैधानिक संघर्षका कार्यक्रमहरुलाई अघि बढाएको पाइन्छ ।

**अवैधानिक संघर्षहरुः**

- गुरिल्ला युद्ध, सेबोटेज, वर्गदुश्मन खतम जस्ता गतिविधिहरु,
- जनसत्ता घोषणा र विस्तार, त्यसले गर्ने निर्णयहरु,
- जनमुक्ति सेनाको गठन, परिचालन र त्यसले गरेका मोर्चाबद्ध लडाईहरु,
- जनअदालत गठन र त्यसले गरेका फैसलाहरु,
- आधार इलाका निर्माण त्यसले अरु विचारलाई गर्ने निषेध,
- बैङ्क तथा अन्य सरकारी निकायहरुमाथि गरिने हमला र कब्जा आदि ।

**वैधानिक संघर्षहरुः**

- सरकारी दमनका विरुद्ध विभिन्न स्तरमा विभिन्न जनवर्गीय संगठनहरु तर्फबाट गरिएको विशेष ऱ्याली, सभा, जुलुस ।
- विभिन्न प्रकारका सामाजिक सङ्घ/संस्थालाई जनपरिचालनका लागि गरिएको उपयोग ।

- विभिन्न नामबाट स्थापना गरिएका जनअधिकार समिति र त्यसले गर्ने जनपरिचालन ।
- मजदुर, किसान, महिला, विद्यार्थी, बुद्धिजीवी लगायत विभिन्न जन-वर्गका पेशाबाट समस्याहरुलाई लिएर केन्द्रीय र मुख्यतः स्थानीय रुपमा गरिएको संघर्ष ।

यसरी माओवादीले आफ्नो अवैधानिक संघर्षका साथसाथै वैधानिक उपाय र बाटोहरुलाई पनि लगेको पाइन्छ भने उसले आफ्नो मूल संघर्षलाई सुरक्षित गर्न र जनतामा सकारात्मक सन्देश जाओस भन्ने मनशायले पनि तत्कालिन सरकारी र वैधानिक संयन्त्रहरुको समेत प्रयोग गरिएको देखिन्छ ।

### ३.२.३ माओवादीको फौजी नीति

नेपालमा योजनाबद्ध ढङ्गले सशस्त्र सङ्घर्ष गरेको माओवादीले सबैभन्दा जोड फौजी नीति र सङ्गठनमा गरेको थियो । राज्यविरुद्धको विद्रोह भएर पनि हुनसक्छ उनीहरुले आफ्ना सैन्यदस्तालाई व्यवस्थित र सुरक्षित गर्न विभिन्न योजनाहरु निर्माण गरेका थिए । उनीहरुले आफ्ना सैन्यदस्तालाई नियमित तालिम र प्रशिक्षणको माध्यमबाट युद्धप्रति सधैँ सतर्क राखेको पाइन्छ । जनयुद्ध सुरु गर्दा माओवादीसँग जम्मा दुई वटा थ्रीनट थ्री राइफल मात्र थिए । यिनै राईफलका आधारमा तत्कालीन १९ जनाको केन्द्रीय समितिका सबै सदस्यहरुले फौजी तालिम लिएका थिए (थापा, २०७३: १०५) । भारतीय सेनाबाट अवकाश प्राप्त इन्द्रबहादुर गुरुङले गोरखाका खोप बहादुर कँडेलको घरमा उनीहरुलाई भूमिगत रुपमा फौजी तालिम लिएका थिए । त्यसपछि माओवादीले युवाहरुलाई विशेष तालिम दिन थाल्यो भने घरेलु भरुवा बन्दुक जम्मा गर्ने कार्यलाई समेत अगाडि बढायो । माओवादीले नन्दकिशोर पुन 'पासाङ' र महेन्द्र श्रेष्ठलाई छिमेकी मुलुक भारतमा सङघर्षरत पिपुल्स बार ग्रुपसँग तालिम लिनका लागि भारत पठाएको थियो भने तीन महिला तालिम लिएर नेपाल फर्केपछि उनीहरुले आफ्नो गतिविधिलाई अझ व्यापक बनाएका थिए (थापा, २०७३: १०५-१०६) ।

सानोबाट ठूलाको तयारी वा युद्धबाट युद्ध सिक्ने नीति अन्तर्गत माओवादीले आफ्नो फौजी गतिविधिलाई सञ्चालन गरेको पाइन्छ । सुरुमा माओवादीले घरेलु

हतियारमार्फत लडाई लडेको थियो तर दुश्मन पक्षको आधुनिक हतियारसँग लड्न भरुवा बन्दुक अप्रर्याप्त भएपछि छापामारले माइन प्रविधिको विकास गर्‍यो । त्यसैगरी जिलेटीन, घरेलु बारुदबाट चल्ने महान र तोपहरुको पनि विकास गरिएको थियो । त्यस क्रममा छापामारलाई आधारभूत सैन्य तालिमको पनि व्यवस्था गरियो । उनीहरुलाई जुडो, कराँते, कम्फू, लाट्ठी, भाला, खुकुरी चलाउने जस्ता तालिमको पनि व्यवस्था गरियो (के.सी., २०६५: ३८९) । माओवादीले मुख्यत हतियारहरु आक्रमणबाट कब्जा गर्ने, आफै उत्पादन गर्ने र केही बाहिरबाट आयात गर्ने नीति लिएको देखिन्छ । यसरी माओवादीले युद्धबाट युद्ध सिक्ने प्रमुख नीतिलाई आधार मानेर जनयुद्धको विस्तार र प्रभाव परिसकेपछि आमपार्टीलाई सैन्यकरण गर्ने नीति समेत लिएको थियो ।

माओवादीले आफ्ना सेनाहरुलाई प्रशिक्षण मार्फत उत्साह भर्ने, आन्दोलन र सहादत हुने अवस्थामा पनि गर्व गर्न सक्ने, पार्टी गोपनियता र संघर्षप्रति प्रतिबद्ध बनाउने नीति पनि लिएको पाइन्छ । कुनै पनि मोर्चाबद्ध लडाई लड्नु भन्दा अगाडि पार्टीको शिर्षस्त नेता र सैन्य कमाण्डरहरुले उत्साही प्रशिक्षण गर्ने गरेको पाइन्छ । "दुश्मनको ढाडमा टेकेर टाउकोमा हान्ने" फौजी रणनीतिक लक्ष्यलाई पूरा गर्ने सन्दर्भमा पहिलो डिभिजन तथा सोलु-सल्लेरी ब्रिगेडलाई राजनीतिक कोचिङ गर्दै कुनै समय बादलले "जनमुक्ति सेना कहिल्यै पनि हार्न नजान्ने विजयी सेना हो, वैचारिक तथा मानसिक रुपमा मोर्चाको आधा काममा जनमुक्ति सेनाले विजय प्राप्त गरिसकेको छ । आधा काम पूरा गर्न मात्र बाँकी छ" भनेर प्रशिक्षण गरेको पाइन्छ (शर्मा, २०६५: २०९) । यसले पनि के पुष्टि गर्दछ भने माओवादीले आफ्नो मनोबललाई सदैव उच्च राखिराख्न विरता र सुरताले भरिपूर्ण उत्साही राजनीतिक प्रशिक्षण गरिराख्ने नीति पनि लिएको पाइन्छ ।

### ३.२.४ जातिय तथा क्षेत्रीय मोर्चाहरूको गठन

नेकपा माओवादीले २०५२ फागुन १ गतेबाट नेपाली भूमिमा जनयुद्धको सुरुवात गरेपछि यो कसरि अघि बढ्छ ? भन्ने प्रश्न उठ्नु स्वभाविकै थियो । धेरै राजनीतिज्ञ, बौद्धिक विश्लेषक, सामाजिक अगुवाहरू, राष्ट्रिय अन्तराष्ट्रिय शक्तिहरूले पनि माओवादी सशस्त्र सङ्घर्षको निरन्तरतामा जिज्ञासा र चासो राखेकै थिए । माओवादी

विद्रोह सुरुका दिनहरूमा देशैभरी प्रभावकारी ढंगबाट स्थापित हुन नसकेको पनि सत्य हो । केही प्रहरी चौकीहरूमाथि आक्रमण गर्ने, बैङ्कहरू कब्जा गर्ने, एम्बुसको माध्यमबाट प्रहरी गस्तिमा क्षति पुऱ्याउने, अन्तराष्ट्रिय निगमबाट सञ्चलित कम्युनिष्टहरूमाथि कारबाही गर्ने, गाउँका सामन्त भनिएकाहरूको जग्गा कब्जा गर्ने र अन्य केही संगठित र असंगठित संघर्षहरू सञ्चालन गरिरहेका माओवादीले नेपालका उत्पिडित जाति जनजातिहरूलाई आफ्नो आन्दोलनमा बढीभन्दा बढी सहभागि गराउनको लागि र संगठित संघर्षमा लैजानका लागि जातिय मोर्चाहरू गठन गर्ने नीति लिएपछि भने माओवादीको संघर्षले तीब्रता पाएको थियो ।

रुसी क्रान्तिमा लेनिनले जार शासकका विरुद्ध लड्न आत्मनिर्णयको अधिकार सहित पन्ध्र जातीय राज्यहरूलाई एकजुट बनाए जस्तै माओवादीले पनि त्यसैबाट शिक्षा लिई उत्पीडित क्षेत्र, समुदायहरूलाई आफ्नो आन्दोलनमा जोड्ने नीति लिएका थिए । यसै क्रममा नेकपा (माओवादी)ले नेपालको पूर्वी क्षेत्र खोटाङ, भोजपूर, सोलुखुम्बु लगायतका जिल्लाहरूमा जातिय स्वायत्तताको नारा सहित सशस्त्र संघर्ष गरिरहेका गोपाल खम्बु नेतृत्वको खम्बुवान राष्ट्रिय मुक्ति मोर्चासंग कार्यगत एकता हुँदै २०५८ सालमा आफ्नो जातिय मोर्चा लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चासंग एकता गराई किरात राष्ट्रिय मोर्चा निर्माण गरेका थिए (शर्मा, २०६४: १७६) । मुख्य गरी २०५४/५५ पछि माओवादीले जातिय मोर्चाहरू निर्माणमा आफ्नो ध्यान केन्द्रित गरेपछि नै माओवादी जनयुद्धको प्रभाव विस्तार हुन पुगेको पाइन्छ ।

नेकपा (माओवादी)को २०५४ साउनमा पार्टी के.स. बैठकबाट पारित भएको केही तत्कालीन राजनैतिक र संगठनात्मक प्रस्ताव अन्तर्गत क्रान्तिकारी संयुक्तमोर्चा, जातीय र क्षेत्रीय मोर्चा निर्माणका सम्बन्धमा एक ठाउँमा भनिएको छ - प्राप्त रिपोर्टहरूको अध्ययन गरी जातीय एवं क्षेत्रीय मोर्चा निर्माणका निम्ति ठोस निर्णय र पहल गर्ने, क्रान्तिकारी संयुक्त मोर्चाकै अंग हुने भएकोले जातीय एवं क्षेत्रीय मुक्ति मोर्चा मूलतः भूमिगत ढाँचामा सङ्गठित गर्नुपर्ने कुरा स्पष्ट गर्ने । तर, क्षेत्र र जातिको विशिष्ट स्थिति अनुसार यसको उठान प्रक्रियालाई यान्त्रिक होइन, व्यवहारिक रुप दिन प्रयत्न गर्नुपर्छ ।

माथिका प्रसङ्गले पनि नेकपा (माओवादी) ले जातीय मोर्चाहरूलाई महत्व दिएको पाइन्छ । भूमिगत र अर्धभूमिगत रुपमा भएपनि जातीय मोर्चाहरूलाई क्रियाशिल गराउने माओवादी नीति रहेको स्पष्ट हुन्छ । यसै आधारमा माआवादीले तमु मुक्ति मोर्चा, मगर मुक्ति मोर्चा, किरात मुक्ति मोर्चा, तामाङ मुक्ति मोर्चा, नेवा मुक्ति मोर्चा, दलित मुक्ति मोर्चा लगायतका जातिय मोर्चाहरूको गठन गरेको थियो भने यसलाई नै पछि स्वायत्त प्रदेशमा विकास गरी क्षेत्रीयताका आधारमा सेती-महाकाली र भेरी-कर्णाली प्रदेश समेत गठन गरेको थियो । माओवादीले डा. बाबुराम भट्टराईको नेतृत्वमा गठित ३७ सदस्यीय 'संयुक्त क्रान्तिकारी जनपरिषद्'मा पनि विभिन्न जातीय र क्षेत्रीय मोर्चाका प्रतिनिधिहरूलाई समावेश गरेका थिए । माओवादीले जातीय र क्षेत्रीय मोर्चाहरूबाट आफ्नो गतिविधिलाई व्यापक बनाउन सफल भएकै कारण माओवादी बिद्रोह समानन्तर सत्ता गठन गर्न सक्ने स्थितिमा पुगेको पाइन्छ (बराल, २०६८: १३४) ।

यस प्रकार माओवादीले जातीय र क्षेत्रीय मोर्चाहरूलाई व्यापक परिचालन गऱ्यो । यसबाट उत्पीडित समूदाय र क्षेत्र माओवदीको नाराप्रति आकर्षिक भई माओवादी आन्दोलनमा सहभागि भए । जनयुद्धका क्रममा सहादत प्राप्त गर्नेहरू पनि सबै भन्दा बढी दलित र जनजाति समुदाय नै रहेका थिए । माओवादीले गठन गरेका जनमुक्ति सेनाको सदस्य देखि डिभिजन कमाण्डर हुँदै डेपुटी कमाण्डर सम्म पनि जनजाति समुदायको उल्लेख्य सहभागिता र भूमिका रहेको थियो ।

### ३.२.५ जनसत्ताको सञ्चालन

'गाउँबाट शहरलाई घेर्ने' रणनीति अन्तर्गत दीर्घकालिन जनयुद्धको उठान गरेको नेकपा (माओवादी)ले तत्कालीन सबै सरकारी संयन्त्रहरुलाई अस्वीकार गर्दै समानान्तर सरकार सञ्चालन गर्ने नीति लिएको थियो । यसै सन्दर्भमा दोस्रो राष्ट्रिय सम्मेलनपछिको दोस्रो योजना, २०५८ साउनमा प्रचण्डद्वारा प्रस्तुत भई पारित प्रतिवेदनमा समानान्तर सरकार सञ्चालन सम्बन्धि निम्न कुराहरु रहेको पाइन्छ ( जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरु, २०६९: ५१०) ।

- स्थानीय जनवादी सत्तालाई सुदृढ र विस्तार गर्ने ।

- केन्द्रमा व्यापक संयुक्त मोर्चा कायम गर्ने विभिन्न राजनीतिक पक्ष र व्यक्तिहरुसँग बहस अन्तरक्रिया गर्ने ।
- केन्द्रीय जनसरकारको घोषणा गर्ने ।
- केन्द्रीय जनसरकारको घोषणा गर्ने ।

यही निर्णयका आधारमा माओवादीले आफ्ना पकट क्षेत्रहरुमा स्थानीय जनसत्ता र केन्द्रिय सत्ता समेत घोषणा गर्ने गरी तयारी अगाडि बढाएको थियो भने २०५८ मंसिर ८ मा केन्द्रीय सत्ताका रुपमा गाउँ जनसरकार तथा जिल्ला जनसरकारको शुरुआत गरेको पाइन्छ (पाण्डे, २०६७: २४२) ।

माओवादीले विभिन्न जाति-जनजातिहरुलाई संगठित गर्ने क्रममा विभिन्न जातिय मोर्चाहरुको निर्माण गरेको थियो भने यिनै जातिय मोर्चाहरुको विकास जातीय स्वायत्त प्रदेशका रुपमा भएको यथार्थ सहजै बोध गर्न सकिन्छ । गाउँस्तर देखि क्षेत्रीय तहसम्म स्वायत्त प्रदेश निर्माणको विकास र विस्तारको कुरा गर्दा २०६३ को 'विस्तृत शान्तिसम्झौता' द्वारा जनसत्ता विघटन गर्नु अघिसम्म किराँत स्वायत्त प्रदेश, कोचिला स्वायत्त प्रदेश, मधेस स्वायत्त प्रदेश, नेवा स्वायत्त प्रदेश, थारुवान स्वायत प्रदेश, तामाङ स्वायत्त प्रदेश, तमुवान स्वायत्त प्रदेश, मगरात स्वायत्त प्रदेश, कर्णाली स्वायत्त प्रदेश र सेती-महाकाली स्वायत्त प्रदेशहरु माओवादी पार्टीले निर्माण गरेको देखिन्छ ( बराल, २०६८: १३८) । यसरी निर्माण गरेका जनसत्ताहरुले माओवादीले घोषणा गरेका आधार क्षेत्रहरुमा सरकारी संयन्त्रलाई विस्थापित गरी स्थानीय रुपमा कर, घर जग्गाको कारोबार लगायतका अन्य गतिविधिहरु समेत गरेको पाइन्छ । आजको दिनसम्म पनि रुकुम, रोल्पा, दाङ लगायत कतिपय जिल्लाहरुमा जनसत्ताले फैसला गरेका कामकारबाहीहरु विवादकै रुपमा बल्झिराखेको अवस्था छ ।

### ३.२.६ जनअदालत

समानान्तर सरकारको अभ्यास गर्न खोजेको माओवादीले जिल्ला जनसरकार घोषणापछि जनअदालतहरु पनि गठन गरेर आफ्नो प्रभावलाई प्रस्तुत गर्न थाल्यो । जन-अदालतमा लोग्ने स्वास्नीको झगडा देखि अंशवण्डा मुद्दा एवम् कर्तव्य ज्यानमुद्दा देखि पार्टीसँग सम्बन्धित मुद्दाहरुसमेत आउने गर्दथ्यो । अदालतले दोषी ठहराएकालाई

थुन्ने वा श्रम शिविरमा राख्ने र श्रम गराएर सजाय गर्ने व्यवस्था थियो । स्थायी प्रकृतिको जेल र पार्टीको पूर्ण आधार क्षेत्र नभएका स्थानमा गाउँमा जगन्य अपराध गर्ने अपराधीलाई स्थायी जेल, श्रम शिविर भएका ठाउँमा लैजाने र सामान्य प्रकृतिका मुद्दामा स्थानीय विकास निर्माणका काममा श्रम गरी सजाय भुक्तान गर्नुपर्ने थियो । आर्थिक जरिवाना पनि गर्ने चलन थियो (पाण्डे, २०६७: २४६) । यस प्रकार माओवादीले आफ्नै शुभचिन्तक वा कार्यकर्तालाई जनअदालतका अधिकारीका रुपमा नियुक्त गरेर भएपनि आफ्ना फैसलाहरु गरी कार्यान्वयन समेत गरेकाले तत्कालिन सरकार र अदालतलाई ठूलो चुनौति समेत भएको थियो ।

## ३.३ माओवादी जनमुक्तिसेना

माओको युद्धनीतिलाई नै आधार मानेर युद्ध गरेको नेकपा (माओवादी)ले माओको 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन' भन्ने सिद्धान्तलाई मूलमन्त्र मानेको थियो । तदअनुरुप जनयुद्धको पहलपूर्वदेखि नै माओवादीले पार्टी, मोर्चा र सेनालाई क्रान्तिका ३ साधनका रुपमा विकास गर्न थाल्यो (पन्थी, २०६४:२६५) । विद्रोह गर्ने शक्ति भएकोले पनि माओवादीले आफ्नो लागि सेना अपरिहार्य हुने गुनेर नै हुनसक्छ पार्टी केन्द्रीय समितिको तेस्रो विस्तारित बैठक २०५१ साल द्वारा पारित दस्तावेजमा नै पार्टीका तमाम नीति र कामकार्वाहीको प्रमुख लक्ष्य जनसेना निर्माणको प्रक्रिया अघि बढाउनु भएको उल्लेख गरियो (के.सी.,२०६५: ६९५) । आरम्भमा केही युवाहरुलाई जम्मा गरी प्रशिक्षण गरेर प्रतिरोध शक्ति स्वंयसेवकदल, लडकुदलको स्थापना गरेको माओवादीले २०५८ भाद्रमा छापामारहरुको सैन्य भेला गरी औपचारिक रुपमा जनमुक्तिसेना, नेपालको घोषणा गरे भने २०५८ मंसिर ८ गते भर्खरै छापामार दलबाट 'जनमुक्ति सेना, नेपाल' नाम दिइएको माओवादी लडाकु दस्ताले पहिलो पटक दाङको घोराहीस्थित शाहि सैनिक क्याम्पमाथि आक्रमण गरी मेजरसहित १४ शाही सेना र ७ प्रहरी मारी नवगठित जनसेनाको श्रेष्ठता हासिल गरेका थिए (के.सी., २०६५: ४०१) । यसरी केही संख्याबाट सुरु भएको सेना निर्माण अभियान 'बृहत शान्ति सम्झौता' सम्म आइपुग्दा सात डिभिजनसम्म विस्तार भइसकेको पाइन्छ ।

माओवादीले जनयुद्ध सुरु गरेदेखि शान्ति प्रक्रियामा सहभागि हुने बेलासम्म अभ्यास गरेको सैन्य संरचना निम्नानुसार रहेको पाइन्छ ।

पार्टी-नेकपा (माओवादी)

सैन्य संगठन-जनमुक्ति सेना नेपाल

सर्वोच्च कमाण्डर-पार्टी अध्यक्ष 'प्रचण्ड'

जनरल स्टाफ

डेयूटी कमाण्डर-४

डिभिजन-७

ब्रिगेड-२१

बटालियन

कम्पनि

प्लाटुन

स्कवायड

सेक्सन्

सशस्त्र मिलिशिया

जनमिलिसिया

स्वयंसेवक दल

यसरी माओवादीले पार्टीको अधिनमा 'जनमुक्ति सेना'का सम्पूर्ण निकायहरुलाई परिचालिन गरेको पाइन्छ । २०६२ मंसिर ७ गते, नेक.पा. माअवोदी र सात दलसँग भएको १२ बुँदे सम्झौता, २०६३ मंसिर ५ गतेको विस्तृत शान्ति सम्झौता तथा अन्य विभिन्न सम्झौताहरु पछि भने माओवादीले आफ्ना सेनाहरुलाई विभिन्न अस्थायी शिविरहरुमा राख्न बाध्य भयो । सम्झौता अनुसार माओवादी सेनाहरुलाई कैलाली, सुर्खेत, रोल्पा, नवलपरासी, चितवन, सिन्धुली र इलाममा मुख्य शिविर खडा गरि राखियो (विस्तृत शान्ती सम्झौता, २०६३ः ९) । तिनको रासन्पानी लगायतका आवश्यक व्यवस्था सरकारले मिलाउने र लडाकुका हतियार शिविरभित्रै भण्डारण गरी त्यहाँ साइरन सहितको उपकरण जोडेर संयुक्त राष्ट्रसंघले निगरानी गर्ने व्यवस्था

गरियो । लडाकुकै हतियारको बराबरी संख्यामा नेपाली सेनाका हतियार पनि राष्ट्रसंघको निगरानीमा राख्ने र सेना ब्यारेका भित्र सिमित रहने कुराको व्यवस्था गरियो । शिविरमा जनसेना बस्नेबेलामा अनमिनमा ३२,२५०, जनाको दर्ता भएको थियो भने प्रमाणिकरणका क्रममा ८६४० जना उपस्थितै भएनन् र ४००८ जना उमेर कम भएका तथा युद्धविराम आचारसंहिता लागु भएपछि भर्ना भएका कारण अयोग्य ठहरिए । त्यसपश्चात १९,६०२ जनालाई मात्र अधिकारिक लडाकुको पहिचान दिइयो ( शर्मा, २०७०: २४१) । जेहोस माओवादीले आफ्ना केही हातका औंलाले गन्न सक्ने युवाहरुको संख्याबाट स्वयंसेवकदलको निर्माण गरी थालनी गरेको सेनाको रुप १० वर्षको अवधिमा ३० हजार भन्दा बढीको संख्या र सातवटा डिभिजनसम्म विकास गर्नुले मुख्यत ग्रामीण यूवाहरुमा माओवादी आन्दोलनको प्रभाव परेको थियो भन्ने पुष्टि हुन्छ ।

### ३.३.१ जनसेना र हतियार

दुई वटा थ्रीनट थ्री राइफलको भरमा युद्ध हाँक्ने साहस बोकेका केही माओवादी नेता कार्यकर्ताले नेपालमा जनयुद्ध गर्लान् भनेर सायद विरलैले मात्र सोचेका थिए होलान् । तर अनपेक्षित रुपमा जनयुद्धको घोषणा भयो र युद्ध अगाडि बढ्यो । युद्धका क्रममा विभिन्न नाममा सैन्य संगठनहरु पनि निर्माण गरिएका थिए । युद्धका प्रारम्भिक दिनहरुमा गाउँघरबाट खुकुरी, भरुवा बन्दुक लगायतका घरेलु हतियार संकलन गरेर आफ्नो आवश्यकता पूर्ति गर्ने गरेका माओवादीहरुले प्रहरीचौकी आक्रमण गरी हातहतियार कब्जा गर्ने नीति पनि लिएको पाइन्छ । विस्तारै माईन प्रविधिको विकास गरी आफ्ना आक्रमणलाई विस्तार गर्दै जाँदा आधुनिक हतियारहरु समेत हात पर्न थाले । मुख्यतः कब्जा गरेर हतियारको आर्पूर्ति गर्ने उद्देश्य राखेता पनि माओवादीहरुले आफै पनि केही हतियारको विकास गरेको, केही किनेको र मुख्य गरी ब्यारेक कब्जा र आक्रमण मार्फत नै अत्याधुनिक हतियारहरु हाल पार्न सफल भएका हुन् भन्ने पनि गरिन्छ । माओवादीले शान्ति प्रक्रिया सम्म आउँदा त भाटोर, एस.एम.जी, एल.एम.जी, एस.एल.आर, रकेट लञ्चर लगायतका आधुनिक हतियारहरु प्रयोग गर्न सक्ने भईसकेका थिए । नेपाली सेनाले प्रयोग गर्ने प्राय सबै हतियारहरु माओवादी सेनाले

प्रयोग गर्ने अवस्था समेत सृजना भइसकेको थियो । संयुक्त राष्ट्रसंघिय मिसन् 'अनमिन' को प्रमाणीकरण अनुसार सात मुख्य शिविरका कन्टेनरमा ९१ मोर्टार, ६१ मेसिन्गन, २ हजार ४ सय ३ राइफल, ६१ सबमेसिन् गन, १ सय १४ साइड आर्म्स, २ सय १२ सटगन, २ सय ३३ घरेलु हतियार र अन्य २ सय ५६ गरी ३ हजार ४ सय २८ वटा हतियार थिए (थापा, २०७३ः २३५) । सुरक्षा निकायका अधिकारीहरु, विपक्षी पार्टीका नेताहरुले भने ३२००० सेनाको ३५०० पनि हतियार नपुग्नुलाई आशंकाका दृष्टिले समेत हेरेका थिए भने कतिपयले त माओवादीहरुले हतियार लुकाएको समेत आरोप लगाएका थिए । माओवादी सेनासँग सातवटा डिभिजनका मुख्यशिविरहरुमा २/२ वटाका दरले १४ वटा कन्टेनरमा हतियार राखिएको थियो । जसमा इलामको चुलाचुलीमा २५८, सिन्धुलीको दुधौलीमा २४१, चितवनको शक्तिखोरमा ७५६, नवलपरासीको झ्याल्टुङ डाँडामा ६३०, रोल्पाको ददवनमा ४८४, सुर्खेतको दशरथपुरमा ५३७ र कैलालीको तालबन्दीमा ४२२ गरी ३४२८ हतियारहरु राखिएका थिए (गुरुङ, २०७२ः ) ।

सैन्य जनशक्तिको विकास र विस्तारले सरकारी पक्षमा निकै दबाब परेको थियो भने अझै प्रविधिक रुपमा समेत माओवादी जनसेनाहरु शक्तिशाली देखिन थालेपछि संकटकाल घोषणा पश्चात सरकारी पक्षले माओवादीको हतियार बरामद गराउने उपाय मार्फत हतियार बुझाउनेहरुलाई निम्न बमोजिमको पुरस्कार दिने घोषणा गऱ्यो ।

१. जीपीएमजी ४० एमएम रकेटलन्चर ८१ एमएम मोर्टारका लागि रु.४ लाख ।
२. एलएमजीका लागि रु.२ लाख,
३. एसएलआरका लागि रु.१ लाख,
४. ३०३ राइफल, एमएमजीका लागि रु.२५ हजार र
५. फ्याक्ट्री मेड पेस्टोल, रिभल्बरका लागि रु.२५ हजार (बराल, २०६८:१६४) ।

सरकारले गरेको यो घोषणाले पनि के प्रष्ट पार्दछ भने माओवादी सेनाहरु २०५८ साल तिर नै अत्याधुनिक हतियारको प्रयोग गर्न सफल भइसकेका थिए । यसले सरकार र नेपाली सेना माथि थप चुनौती परेको पनि बुझ्न सकिन्छ ।

### ३.३.२ माओवादी सेनाको समायोजन र स्वेच्छिक अवकास

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच २०६३ कात्तिक २२ मा भएको सम्झौता अनुसार माओवादी जनसेनाहरु अस्थायी शिविरमा बस्न पुगे । शिविरमा बसेका जनसेनाहरुलाई विभिन्न निकाय र क्षेत्रमा व्यवस्थापन गर्नको लागि नेपाल सरकार र (माओवादी)ल आ-आफ्नै ढङ्गको योजनाहरु ल्याउने र छलफल चल्ने काम निकै लामो समय नै चल्यो । सेना समायोजन विशेष समितिले गरेको अन्तिम प्रमाणीकरणमा १७ हजार ५२ जना मात्र लडाकूहरु छानिएका थिए, जसमध्ये १३ हजार ७ सय २ जना पुरुष र ३ हजार ३ सय ५० जना महिला थिए । माओवादी र सरकारकै सहमतिमा माओवादी सेनाहरुलाई समायोजनमा जाने, स्वेच्छिक अवकासमा जाने र पुनर्स्थापनामा जाने विकल्पहरु दिइएको थियो । २०६८ कात्तिक १५ गने एमाओवादी, काङ्ग्रेस, एमाले र मधेसी मोर्चा बीच ६ हजार ५ सय लडाकू समायोजन गर्ने सहमति भएपनि समायोजनमा जानेको संख्या निकै न्यून हुन पुग्यो । सेना समायोजनमा १ हजार ३ सय १८ पुरुष र १ सय ४ महिला गरी जम्मा १ हजार ४ सय २२ जना गए । हाल पनि विभिन्न दर्जा र जिम्मेवारीमा नेपाली सेना भै कार्यरत छन् र १५ हजार ६ सय २४ जना स्वेच्छिक अवकाशमा गए भने जम्मा ६ जनाले पुनः स्थापना प्याकेज रोजे । स्वैच्छिक अवकाश रोज्ने डिभिजन कमाण्डर र सह कमाण्डरलाई आठ लाख, ब्रिगेड कमाण्डर र सह-कमाण्डरलाई सात लाख, बटालियन कमाण्डर, बटालियन सह-कमाण्डर, कम्पनी कमाण्डर र कम्पनी सह-कमाण्डरलाई ६ लाख र अरुलाई पाँच-पाँच लाख रुपियाँ किस्तामा दिइएको थियो (थापा, २०७२: २३७-२३८) ।

यसरी माओवादीले दर्शकौं लगाएर निर्माण गरेको सेना र आर्जन गरेको हतियार २०६८ चैत्र २८ गते नेपाली सेनाको जिम्मामा माओवादी कै नेतृत्वको सरकारले लगायो भने यो प्रक्रियासँगै माओवादी सेनाको विघटन हुन पुग्यो र हतियारहरु राष्ट्रको जिम्मामा सुम्पिए ।

### ३.३.३ माओवादीका केही चर्चित आक्रमणहरुः

नेकपा माओवादीले 'हान र भाग' को फौजी नीति जनयुद्ध आरम्भका दिनहरुमा मुख्य रुपमा गरेको भएता पनि विस्तारै राजधानी/शहर हमलाहरुलाई पनि अगाडि बढाउन

थालेका थिए । केन्द्रीत र विकेन्द्रीत तथा मोर्चाबद्धलाईनमा समेत माओवादीले आफ्ना सेनाहरुलाई अगाडि उभ्याएको थियो । गाउँबाट जिल्ला सदरमुकाम र सदरमुकामबाट विस्तारै शहर र राजधानी घेर्ने रणनीतिअनुरुप अगाडि बढिरहेको माओवादीले आफ्ना गतिविधिलाई पनि त्यसरी नै अगाडि बढाएको पाइन्छ ।

### ३.३.३.१ डोल्पा आक्रमण

डोल्पा जिल्लाको सदरमुकाममा दुनै माथि २०५७ असोज ८ गते आक्रमण गरेका थिए । त्यस भन्दा अगाडि एक पटक सूचना चुहिएको भन्दै माओवादीले आफ्नो योजना अन्तिम अवस्थामा आएपछि स्थगन गरेको थियो । दुनै माथिको आक्रमण पहिलो पटक देशभरिकै जिल्ला सदरमुकाम मध्येको आक्रमण थियो । यस आक्रमणमा पुरै सदरमुकाम माओवादीले कब्जा गरेका थिए । सीडियो कार्यालय, भूमिसुधार कार्यालय, मालपोत कार्यालय, कारागार, डिएसपी कार्यालय लगायत अधिकांश कार्यालय र बैङक समेत छापामारहरुले नियन्त्रणमा लिएमा थिए । यो आक्रमणमा ४१६ सशस्त्र छापामार र १५० जनाको स्वयंसेवक गरी ५६६ को संख्या थियो भने आक्रमणका प्रमुख कमाण्डर हालका उपराष्ट्रपति नन्दकिशोर पुन ‘पासाङ’ थिए । यस आक्रमणमा प्रहरीतर्फ १५ जनाले ज्यान गुमाएका, ४८ जना घाईते भएका थिए भने माओवादी तर्फ २ जनाले ज्यान गुमाएका थिए र उनीहरु सहित १७ जना घाइते भएका थिए (के.सी.२०६५:४१४, ४१६) । यस आक्रमणबाट ठूलो मात्रामा नगद र सुनचाँदी समेत माओवादी लडाकुले हात पारेको थियो भन्ने समेत गरिन्छ ।

### ३.३.३.२ दाङ आक्रमण

माओवादीले २०५८ भाद्रमा सैन्य भेला गरी ‘जनमुक्ति सेना’ नेपालको घोषणा गरेको तीन महिना मै केन्द्रीकृत लडाईको नीति अन्तर्गत २०५८ मंसिर ८ मा दाङको घोराहीमा रहेको तत्कालीन शाही सेनाको क्याम्प माथि आक्रमण गर्‍यो । यो जनमुक्ति सेनाको पछिल्लो ब्यारेकमाथी र शाहीसेना माथिको पहिलो हमला थियो । माओवादीसँग त्यतिबेलासम्म बटालियन सम्मको संरचना थियो । दाङको सदरमुकाम घोराहीमा रहेको शाहीसेनाको गोरखबहादुर गण र भगतीप्रसाद गुल्म, जिल्ला प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालय माथि जनसेनाको भिषण आक्रमणले सबैलाई

आश्चर्यचकित बनाएको थियो (पाण्डे, २०६७: २११) । यस आक्रमणमा माओवादीसँग एउटा सिङ्गो बटालियन, दुईवटा अस्थायी कम्पनी र केही जिल्ला प्लाटुन गरी ११०० को फोर्स थियो । यसको मुख्य नेतृत्व नन्दबहादुर पुन 'पासाङ' ले नै गरेका थिए भने शाहीसेनाको ब्यारेकको कमाण्डमा मेजर नरेश उप्रेती थिए । जनसेनाले आक्रमण पूर्व केन्द्रीय नेता त्रय-कृष्णबहादुर महरा 'अमरसिंह', नेत्रबहादुर चन्द्र 'विप्लव' र वर्षमान पुन 'अनन्त'बाट प्रशिक्षण समेत लिएको थियो । यस आक्रमणमा सेनातर्फ मेजर सहित १५ जना, प्रहरीतर्फ ७ जना र माओवादी सेनातर्फ ७ जनाको मृत्यु भएको थियो । घोराही आक्रमणबाट माओवादीले ६/७ ट्रक हतियार हात पारेको भन्ने गरिन्छ भने यो आक्रमण पछि माओवादी जनयुद्धले एउटा फड्को मारेको उपलब्धिको रुपमा यो घटना प्रकट भयो (के.सी., २०२६५: ४२२-४२४) ।

### ३.३.३.३ बेनी आक्रमण

माओवादी जनमुक्तिसेनाले गरेको सफल आक्रमणहरुमध्ये म्याग्दीको बेनी आक्रमण थियो । आक्रमणमा प्रहरी सहितको ९३० जनाको बलमाथि माओवादीले आक्रमण गरेका थिए । शाही सेनाका संयुक्त कमाण्डर कालीप्रसाद गणका कर्णेल राजु नेपाली थिए । त्यसै गरी छापामार तर्फ विभिन्न ब्रिगेड र कार्यालय तथा स्वयं सेवक गरी २६८७ जनाको बल यो आक्रमणमा सहभागि बनेका थिए । यो आक्रमणको कमाण्डर नन्दबहादुर पुन 'पासाङ' थिए भने राजनीतिक कमिसार नेत्र विक्रम चन्द 'विप्लव' थिए । यस आक्रमणमा सदरमुकाम पुरै कब्जा गरी भोलिपल्ट दिउँसो समेत माओवादीहरुले नारा जुलुस गरेका थिए । यो घटनामा १२५ शाहीसेना, २६ प्रहरी र ४९ जनसेनाले मृत्युवरण गरेका थिए भने डिएसपी र प्रजिअ सहित ३० भन्दा बढी सुरक्षाकर्मी बन्दी बनाएका थिए । यो आक्रमणबाट माओवादीले तीन थान एलएमजी, एक थान एम-सिक्सिटन, एक थान अन्य मोर्टार सहित अन्य आधुनिक हतियारहरु कब्जा गरेका थिए (पाण्डे, २०६७: २४८) । यो घटनाले अन्तराष्ट्रिय माध्यमहरुमा समेत ठूलो स्थान पाएको थियो । यो सफल आक्रमण पछि माओवादी जनसेनाको मनोबल माथि उठ्नुका साथै अब सरकारका जस्तासुकै सुरक्षा निकाय र प्रविधिका सामु पनि लड्न सक्ने सैन्य क्षमताको विकास भएको भन्ने कुरा कतिपय सेनाका

कमाण्डरहरुका भनाइले पनि स्पष्ट हुन्छ । आक्रमणको सन्दर्भमा पासाङले कुनै एक ठाउँमा भनेका छन्- “हरेक कमरेडहरु बाघ झैं आक्रामक बनेर झम्टिन आवश्यक छ । एक झट्का मै दुश्मनलाई निल्नुपर्नेछ । यत्रो फोर्सका लागि दुश्मनहरु एकएक चोक्टा पनि पुग्ने छैन । चाहे दुई दिन दुई रात किन नहोस् घर्षण युद्ध होइन, फाइनल युद्ध लड्नुपर्छ (के.सी., २०६५: ४४०)” ।

### ३.३.३.४ जुम्ला आक्रमण

२०५९ कार्तिक २८ गते कर्णाली अञ्चलको सदरमुकाम जुम्ला माथिको आक्रमण माओवादी वृत्तमा घातक र असफल आक्रमणका रुपमा बुझ्ने गरिन्छ । घोरही, बेनी जस्ता सफल आक्रमण सम्पन्न गरेको माओवादी जुम्ला आक्रमणमा भने अपेक्षाकृत रुपमा सफल हुन सकेन । पासाङ र प्रभाकारको पूर्व परिचय गरी दुई कमाण्डमा विभाजन गरेर लडेको यो लडाइमा सेना र प्रहरीतर्फ ४८ जनाको मृत्यु तथा ६८ घाईते भए भने माओवादीतर्फ २० जनाको मृत्यु र ४८ घाईते भए । साथै एसएसपी, डिएसपी, प्रजिअ, कारागार, विमानस्थल टावर, बैठक र प्रहरी गुल्म लगायत सम्पूर्ण सरकारी कार्यालयहरु ध्वस्त भए (के.सी. २०६५:४३८) । सायद गलत समयमा गरेको आक्रमणले पनि हुन सक्छ ७ जना माओवादी जनसेनाको हिउँमा पुरिएर र १ जनाको नदीमा डुबेर पनि मृत्यु हुन पुगेको थियो । आन्तरिक भिडन्तमा समेत २ जनाले शहादत प्राप्त गरे । यसरी जुम्ला आक्रमण योजनाबद्ध हुन सकेको थिएन । माओवादीहरुले केही हातहतियार र नगद हात पार्न सफल भएपनि यसलाई मुख्य धक्काको रुपमा होइन, सहायक धक्काको रुपमा मात्र लिएको पाइन्छ ।

### ३.३.३.५ खारा आक्रमण

माओवादी पार्टीको समग्र आन्दोलनको प्रवाहलाई उचाइमा लैजाने आक्रमणको रुपमा खारा मोर्चालाई लिएर विश्लेषण हुने गरेको पाइन्छ । नेकपा (माओवादी)ले खारा आक्रमणलाई राजनीतिक, फौजी र सामरिक तीनवटै कोणबाट नै प्रभावकारी तयारीका साथ हेरेको थियो । माओवादीको यस भन्दा अघिका आक्रमणहरु अपेक्षाकृत रुपमा सफल नहुनु, खारा माओवादी आधार क्षेत्रमा पर्नु, पार्टीको सर्वोच्च कमण्डरकै प्रत्यक्ष निर्देशनमा लड्नु जस्ता पक्षहरुले गर्दा यो आक्रमण राजनैतिक दृष्टिकोणबाट पनि

निकै महत्त्वको ठानिएको थियो । तर लामो तयारी पश्चात पार्टी अध्यक्ष तथा जनमुक्ति सेनाका सर्वोच्च कमाण्डर 'प्रचण्ड' कै कमाण्डमा लडिएको खारा मोर्चा असफलतामा टुङ्गियो (बराल, २०६८: ८९) । २०६१ चैत्र २४ गते लडिएको खारा मोर्चामा माओवादीले अरु आक्रमणमा भन्दा धेरै प्रविधि, जनशक्ति र अन्य पक्षहरु केन्द्रित गराएको थियो । माओवादीले आफ्नो ३ वटा डिभिजिन मध्ये दुईवटा डिभिजनलाई एकै ठाउँ केन्द्रित गरेर २००० छापामार, २००० मिलिशिया र २००० कार्यकर्ता गरी ६००० को फौज परिचालन गरेको थियो (शर्मा, २०७१: १७६) । माओवादी जनसेनाको सबभन्दा ठूलो र केन्द्रिकृत असफल आक्रमणको रुपमा चिनिएको रुकुमको खारामा पासाङ र प्रभाकरले एक/एक डिभिजन जनसेनाको कमाण्ड गरेका थिए । १५ घण्टा सम्म निरन्तर लडेर पनि विजय हासिल गर्न नसकेको खारा मोर्चामा माओवादीले ५३ जनसेना सहित थुप्रै हतियार गुमाउनु परेको थियो र त्यहाँबाट पछि हट्न बाध्य भएका थियो (पाण्डे, २०६७: २६५) । जनसेनाका दुई कमाण्डर बीचको उचित तालमेल हुन नसकेका कारण असफल भएको भनिएको खारा आक्रमणपछि नै माओवादीले सात राजनीतिक पार्टीसँग १२ बुँदे दिल्ली सम्झौता गर्न बाध्य भयो भनेर भन्नेहरुको पनि कमि छैन भने प्रचण्ड स्वंय नै प्रत्यक्ष कमाण्डमा भएका कारण यो असफलताले प्रचण्ड अब लडेर सकिन्न, सम्झौतामा नै जानुपर्छ भनेर बाटो फेरेको हो भनेर भन्नेहरुको पनि कमि छैन । जे होस् सबैभन्दा ठूलो लगानी गरेको खारा मोर्चाको असफलताले जनसेनाको मनोबलमा ह्रास आएको भने पक्कै हो । किनकी खाराको २०५९ सालमा भएको आक्रमण समेत सफल हुन सकेको थिएन । मुख्य कमिसार प्रचण्ड, सहायक कमिसार नेत्रविक्रम चन्द 'विप्लव', मुख्य कमाण्डर नन्दकिशोर पुन 'पासाङ' र जनार्दन शर्मा 'प्रभाकर' रहेको खारा मोर्चाको पराजयले नै माओवादीलाई लोकतान्त्रिक गणतन्त्रको नारामा तान्यो (थापा, २०७३: १५९) । यो भनाइमा र बुझाईमा सत्यता छैन भनेर भन्न सायद गाह्रै विषय बन्न सक्छ । यसै असफलताको कारण चुनवाङ बैठकबाट माओवादीले आफ्नो रणनीतिक योजना परिर्वतन गरेको हो भनेर माओवादी भित्रैका कतिपय नेताहरुले बेलाबखत बोल्ने गरेको पनि पाइन्छ ।

## ३.४ वार्ता राजनीति

नेकपा (माओवादी)ले सञ्चालन गरेको १० वर्षे जनयुद्धमा विभिन्न चरणमा वार्ताहरु हुने गरेका थिए । कहिले एक पक्षीय युद्ध विराम घोषणा गरेर होस त कहिले दुवै पक्षले युद्ध विराम घोषणा गरेर वार्तालाई अगाडि बढाउने प्रयत्नहरु पनि हुने गरेको पाइन्छ । दुवै पक्षले वार्तालाई आफ्नो अवस्था सुदृढ गर्ने अवसरको रुपमा पनि लिन खोजेका थिए । एकले अर्कालाई वार्तामा अलमलाएर आ-आफ्ना तयारीहरुलाई मजबुद गर्ने उद्देश्यले भएपनि सरकारी पक्ष र विद्रोही पक्ष बीच वार्ता प्रक्रिया सुरु भएको पाईन्छ । माओवादी युद्ध तीन महिनामै समाप्त हुने विश्वास लिएका सरकारी अधिकारीहरु जब युद्धले आफ्नो प्रभाव र विस्तार कायम गर्दै गयो अब भने यसलाई राजनीतिक ढङ्गबाटै समस्या समाधान गरेर जानुपर्छ भन्ने निष्कर्षमा पुगेका थिए । जसको मुख्य प्रक्रिया भनेकै वार्ता हुन्थ्यो । औपचारिक-अनौपचारिक भेटहरु, पत्रचार, मध्यस्थकर्ताका भूमिकाहरुले माओवादी, सरकारी टोलीलाई कुनै न कुनै रुपमा जोडिरहेकै थियो । नेपालमा राजदरबार हत्याकाण्ड हुनुभन्दा पहिले (१९ जेठ, २०५८) पनि सरकारी अधिकारीहरुले वा नातेदारहरुले विद्रोही पक्षसँग छलफलको प्रक्रिया आरम्भ गरेकै थिए । राजाको प्रतिनिधिका रुपमा धिरेन्द्र विरविक्रम शाह र माओवादीको प्रतिनिधिका रुपमा कृष्णध्वज खड्का र मोहनबहादुर कार्कीका बीचमा २०५८ वैशाख १६ मा काठमाडौँको एउटा निजी घरमा भएको भेटवार्ताले पनि दरबार र माओवादी बीचको वार्ता प्रक्रिया अघि बढिरहेको प्रष्ट हुन्थ्यो (शर्मा, २०७०:६१) । माओवादी जनयुद्ध विस्तार हुँदै जाँदा २०५७ असोज ९ गते माओवादीले डोल्पाको सदरमुकाम दुवैमा आक्रमण गऱ्यो भने यसको २ दिन पछि नै तत्कालीन सरकारका उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेल र माओवादी नेता रविन्द्र श्रेष्ठ बीच आकस्मिक रुपमा काठमाडौँको थापाथलीमा रहेको सीता होटलमा अनौपचारिक वार्ता भयो (कँडेल, २०६७: १९२) । मानव अधिकारवादी नेता पदमरत्न तुलाधरको सक्रियतामा भएको त्यो वार्ता सरकारका उच्च पदस्थ अधिकारी र माओवादी नेता बीचको पहिलो अनौपचारिक वार्ता थियो । माओवादीले सञ्चालन गरेको जनयुद्धमा लडाई, वार्ता र सम्झौताको प्रक्रिया नै नेपाली भूमिमा सतहमा राखिएका चरणहरु हुन् ।

### ३.४.१ सरकार-माओवादी औपचारिक वार्ता

प्रधानमन्त्री नियुक्ति भए लगत्तै २०५८ साउन १० गते प्रधानमन्त्री शेरबहादुर देउवाले एक पक्षीय रुपमा युद्धविराम घोषणा गरेपछि सरकार माओवादी औपचारिक वार्ताको चरण प्रारम्भ हुन पुग्यो । सरकारी घोषणालाई स्वागत योग्य भन्दै माओवादीले सरकारी निर्णयलाई स्वीकार गरेपछि जनयुद्धको सुरुवात भएको ६ वर्ष पश्चात पहिलो पटक २०५८ भाद्र १४ गते ललितपुर रिसोर्टमा सरकार र माओवादी बीच पहिलो वार्ता सम्पन्न भयो (कँडेल २०६७: १९२-१९३) । वार्ता सफल, असफल जे भएपनि दुवै पक्षले वार्तालाई स्वीकार गरी आफ्ना धारणाहरु प्रस्तुत गर्ने काम भएको यस प्रक्रियाले जनयुद्धलाई हेर्ने सरकारी दृष्टिकोणमा केहि न केहि प्रभाव भने परेकै हुनसक्छ । पहिलो वार्ता दुवै पक्षको एउटा विसौनीको रुपमा मात्र परिणत हुन पुग्यो । माओवादी अध्यक्ष प्रचण्डले २०५८ मंसिर ६ गते पहिलो शान्ति वार्ता समाप्त भएको घोषणा गरे (कँडेल, २०६७:१९४) र माओवादीहरु फेरि युद्धमा फर्किए । माओवादीहरु फौजी र गैर फौजी हमलामा अघि बढ्दै जाँदा सरकार पनि आफ्ना सरकारी संयन्त्रहरुको सम्पूर्ण ताकत माओवादी दमनमा प्रयोग गर्नेतर्फ लाग्यो । यसले फेरी नेपालमा सञ्चालित जनयुद्ध, जसले गृहयुद्धको रुप लिएको थियो, यसलाई अगाडि बढाउन सहयोग पुऱ्यायो । नेपालमा संकटकाल लागु भैसकेपछि पनि माओवादी-सरकार पक्ष बीच दोहोरो वार्ताहरु हुन पुगेको पाइन्छ । २०५९ माघ १५ मा सरकारले माओवादीसँग वार्ता गर्ने भन्दै युद्धविरामको घोषणा गरेपछि राजा ज्ञानेन्द्रको सरकारसँग पनि विभिन्न चरणमा वार्ता भयो । वैशाख १४ र २७ गते काठमाडौको होटल शंकरमा पहिलो र दोस्रो वार्ता हुन पुग्यो (कँडेल, २०६७:१९६) । सरकार माओवादी वार्ता यसरी विभिन्न चरणमा अगाडि बढेता पनि दुवै पक्षबाट सार्वजनिक भएका र सहमति समेत गरेका युद्धविराम आचारसंहिताको उलङ्घनको कारण वार्ताहरु फेरि असफल हुन पुगे । यसरी विभिन्न उतार चढावहरु पार गर्दै जाँदा जब सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा सम्बन्धको सुधार भयो यी दुवै पक्ष राजाको कदमको विद्रोहमा उभिने कुरामा सहमत भएपछि भने नेपाली राजनीतिले अर्कै मोड लिन पुग्यो । यसै शिलशिलामा १२ बुँदे समझदारी भयो र २०६२/६३ को जनआन्दोलन पश्चात २०६३ मंसिर ५ मा नेपाल सरकार र माओवादी बीचको विस्तृत शान्ति सम्झौता भएपछि भने माओवादी

जनयुद्धको औपचारिक समाप्ति भयो र नेपाली राजनीति र माओवादी आन्दोलनको धार परिवर्तन हुन पुग्यो ।

### ३.४.२ माओवादी र सात राजनीतिक दलबीचको वार्ता र सम्झौता

माओवादीको जनयुद्ध, राजा ज्ञानेन्द्रको माघ १९ को कदम र संसदवादी पार्टीहरु संसदभन्दा बाहिर भएको स्थितिमा नेपालमा माओवादी, दरबार र राजनीतिक दल गरी तीन पक्षीय शक्ति संघर्ष मूल रुपमा अगाडि देखापर्‍यो । माओवादीले पनि कहिले राजनीतिक पार्टीहरुसँग निकट रहेर त कहिले राजासँग निकट जस्तो देखिएर आफ्ना प्रहारहरु केन्द्रित गर्दै गयो भने दरबारले पनि कहिले माओवादीसँग नजिक जस्तो देखिएर कहिले संसदीय शक्तिहरुसँग नजिकजस्तो देखिएर आफ्ना भूमिकाहरु देखाउन थालेको पाइन्छ र संसदीय शक्तिहरुले पनि आफ्ना स्वार्थ अनुकुल आफूलाई प्रस्तुत गर्ने गरेको पाइन्छ । तर जब पछिल्लो राजाका कदमले संसदीय पार्टीहरु संसदबाट बाहिर रहन बाध्य भए । यसले उनीहरुलाई माओवादीसँग नजिक गरायो । संसदीय शक्ति र माओवादी पार्टीको पछिल्लो स्वार्थ मिल्न गएकाले उनीहरु राजाको विरुद्धमा केन्द्रित भएर उभिन पुगे । एक पक्षीय र बहुपक्षीय रुपमा माओवादी र राजनीतिक पार्टीका नेताहरु बीच भेटवार्ता हुने क्रम विस्तारै बढ्न थाल्यो । यसै क्रममा एमालेका तत्कालीन कार्यवाहक महासचिव वामदेव गौतम सहित अमृत बोहोरा र युवराज ज्ञवाली वार्ताका लागि २०६२ मा रोल्पा पुगे । यो वार्तामा एमाले र माओवादी बीच ६ बुँदे समझदारी भएका थियो (थापा, २०७६:१७७) । उक्त समझदारीलाई एमालेले पछि गल्ती भयो भनेर समेत भन्न लगाएका थिए । एकता केन्द्र मसालका नेता नारायणकाजी श्रेष्ठ समेत जनयुद्धकै क्रममा मध्यस्थकर्ता बनेर रोल्पा पुगेको पाइन्छ । २०६२ सालको कार्त्तिकको अन्यतिर भने सात राजनीतिक दल र माओवादीका नेताहरुबीच दिल्लीमा भेटघाट तिव्र भयो । एमाले महासचिव माधव कुमार नेपाल, प्रचण्डहरु रोल्पामा नै हुँदा दिल्ली पुगेका थिए भने प्रचण्ड, बाबुराम र कृष्ण बहादुर महरा कात्तिक २१ मा दिल्ली पुगे । उनीहरुको सुरक्षा कमाण्ड सिमानासम्म पाँचौ डिभिजनका कमाण्डर किमबहादुर थापा 'सुनील' को टोलीले सम्हालेको पाइन्छ (शर्मा, २०७०:२०५) । यसरी दिल्लीमा भेट भएर निकै लामो छलफल र बहसपछि मङ्सिर ७

मा माओवादी र संसदवादी दलबीच १२ बुँदे समझदारी सम्पन्न भयो (थापा, २०७३: १७९) । मंसिर ३ मा भएको १२ बुँदे समझदारी मंसिर ७ मा गएर मात्र दुवै पक्षले अलग-अगल रुपमा सार्वजनिक गरे । (बाह्र बुँदे समझदारीको विस्तृत विवरण परिशिष्ट दुईमा उल्लेख गरिएको छ) यसरी मंसिर ७ मा भएको १२ समझदारीलाई 'दोस्रो दिल्ली सम्झौता' समेत भन्ने गरिन्छ । १२ बुँदे समझदारी पछि माओवादीले आफ्ना फौजी आक्रमणहरुलाई फेरि निरन्तरतामा लैजान थाल्यो । २०६२ पुष १८ मा माओवादीले आफ्नो ४ महिना पुरानो एकतर्फी युद्धविराम भङ्ग भएको घोषणा गरी पुस २१ मा नेपालगञ्ज विमानस्थल र माघ १ का दिन राजधानीको थानकोट र दधिकोट इलाका प्रहरी कार्यालयमाथि आक्रमण गरी शाही सरकारलाई चुनौति दियो भने पाल्पा, काभ्रे, रुपन्देही लगायतका ठाउँहरुमा समेत फौजी कारवाही गरियो (के.सी.,२०६५: ३४१) ।

यसरी माओवादीले फौजी संघर्ष राख्दै गर्दा सात राजनीतिक पार्टीहरु भने सभा, जुलुस, धर्ना प्रचारप्रसार कार्यक्रमको सहभागि आयोजना मार्फत शाही सरकारका विरुद्ध आन्दोलनमा होमिएका थिए । दुवै पक्ष निरङ्कुश राजतन्त्रको विरुद्धमा आ-आफ्नो तरिकाले संघर्ष गरिरहेको अवस्थामा यसैको उत्कर्षण रुपमा २०६२/०६३ को दोस्रो जनआन्दोलन हुन पुग्यो । चैत्र २४ देखि कठोर रुपमा शुरु भएको यस आन्दोलनको दृष्य मोर्चामा सात राजनीतिक दल र आम जनता रहे भने पर्दा पछाडिबाट माओवादीको भूमिका पनि प्रभावकारी रह्यो । ११ वैशाख २०६३ मा लोकतन्त्रको प्राप्ति पछि विभिन्न सम्झौता र समझदारी हुँदै ५ मंसिर २०६३ मा नेपाल सरकार र माओवादी बीच विस्तृत शान्ती सम्झौतामा हस्ताक्षर भई १० वर्षे जनयुद्धको विधिवत अन्त्य हुन पुग्यो ।

# परिच्छेद - चार

# माओवादी सशस्त्र संघर्षको प्रभाव र परिणामहरु

## ४.१ प्रभावहरुः

तत्कालीन संयुक्त जनमोर्चाले बाबुराम भट्टराईको नेतृत्वमा शेरबहादुर देउवा नेतृत्वको सरकारलाई ४० बुँदे ज्ञापनपत्र बुझाउदा नै माओवादी विद्रोहको तयारी अन्तिम अवस्थामा पुगिसकेको थियो भने ४० बुँदे माग एउटा प्रचारात्मक माध्यम मात्र थियो । ४० सुत्रीय माग जनयुद्धको अघोषित घोषणा-पत्र थियो, बाबुराम भन्छन् 'ती माग पुरा हुँदैनन् भन्ने माओवादीलाई थाहा थियो । त्यसैले प्रचारात्मक रुपमा मात्र ती माग अघि सारेका थियौं (थापा, २०७३: ९९) । यही मागलाई आधार बनाएर २०५२ फागुण १ मा जनयुद्धको थालनी गरेको माओवादीको गतिविधि तीन महिनामा नियन्त्रण गर्न सकिन्छ भन्ने सरकारी आँकलन थियो । माओवादी विद्रोहले विकास र प्रभाव गर्छ भन्ने सायद कसैले सोचेका थिएन होलान् । माओवादीहरुले पनि आफ्नो विद्रोहले, यति छिट्टै प्रभाव जमाउन सफल हुन्छ भनेर सोचेका थिएन होलान् । तर ७० जनाको हाराहारीमा पूर्णकालीन कार्यकर्ता भएको एउटा पार्टीले राज्यको विरुद्ध, वर्षौंदेखि स्थापित र सञ्चालित सत्ताको विरुद्ध विद्रोह गर्ने कुरा चुनौतिपूर्ण नै मान्नुपर्दछ । माओवादीले जनयुद्ध सुरु गर्दाको केन्द्रीय समिति जम्मा १९ जनाको थियो (थापा, २०७३: ९७) । उक्त केन्द्रीय समितिमा निम्नानुसारका व्यक्तिहरु रहेको पाइन्छ :

१. पुष्पकमल दहाल 'प्रचण्ड' (चितवन)-महामन्त्री

२. मोहन वैद्य 'किरण' (दाङ)-पोलिटव्यूरो सदस्य

३. डा. बाबुराम भट्टराई 'लालध्वज' (गोरखा)-सदस्य

४. रामबहादुर थापा 'वादल' (चितवन)-पोलिटव्यूरो सदस्य

५. सीपी गजुरेल 'गौरव' (सिन्धुली)-पोलिटव्यूरो सदस्य

६. पोस्टबहादुर बोगटी 'दिवाकर' (नुवाकोट)-केन्द्रीय सदस्य

७. देवप्रसाद गुरुङ 'कान्छाबहादुर' (मनाङ)-केन्द्रीय सदस्य

८. टोप बहादुर रायमाझी 'अनिल' (अर्घाखाँची)-केन्द्रीय सदस्य

९. अग्नि सापकोटा 'कञ्चन' (सिन्धुपाल्चोक)-केन्द्रीय सदस्य

१०. हरिबोल गजुरेल 'शीतलकुमार' (सिन्धुली)- केन्द्रीय सदस्य

११. यानप्रसाद गौतम 'आलोक' (काभ्रेपलाञ्चोक)-केन्द्रीय सदस्य

१२. हरिभक्त कँडेल 'प्रतीक' (बाग्लुङ)-केन्द्रीय सदस्य

१३. लोकेन्द्र विष्ट 'अभ्यास' (रुकुम)-केन्द्रीय सदस्य

१४. पम्फा भूसाल 'पूजा' (अर्घाखाँची)-केन्द्रीय सदस्य

१५. दण्डपाणी न्यौपाने 'दीपेन्द्र शर्मा' (चितवन)-केन्द्रीय सदस्य

१६. मातृका यादव 'रामसिंह' (धनुषा)-केन्द्रीय सदस्य

१७. नारायण प्रसाद शर्मा 'कमल प्रसाद' (दाङ)-केन्द्रीय सदस्य

१८. दिनेश शर्मा 'सागर'-केन्द्रीय सदस्य

१९. फणिन्द्र आचार्य 'अनल' (चितवन)-केन्द्रीय सदस्य

यसरी एक सय जना पनि पूर्णकालीन कार्यकर्ता नभएको सानो समूहले घोषणा गरेको विद्रोह विस्तारै विस्तारै स्थानीय तहदेखि विभिन्न क्षेत्रीय र केन्द्रीय तहसम्म नै विस्तार भएको देखिन्छ । रुकुम, रोल्पा, गोरखा लगायतका ग्रामिण जिल्लाका केही इलाकाहरुमा सुरुवाती प्रभाव देखिएता पनि यसको विस्तारै विकास हुँदै जाँदा संगठन पनि मजबुत बन्दै गएको पाइन्छ । जतिजति फौजी संघर्षहरु सञ्चालन हुँदै गए त्यति नै यसको बढी भन्दा बढी प्रभाव पर्दै गएको देखिन्छ । यसले राज्यपक्ष र आम नागरिकहरुमा समेत चासोको विषयका रुपमा आफ्नो अस्तित्व बनाएपछि भने युद्ध नेपाली समाजमा जर्बजस्त स्वीकार्य जस्तो हुन पुग्यो । माओवादीहरु आफ्ना लडाकु दस्तालाई व्यवस्थित गर्दै आक्रमणका निशानाहरु तय गर्न तर्फ लागे, सबै कार्यकर्तालाई गाउँ केन्द्रित गरेर अभियान सञ्चालन गर्न थाले । यसको जनतामा प्रभाव पर्न पुग्यो । नेपाली जनताको झुकाव कम्युनिष्टप्रति बढी भएको, एमाले संसदीय निर्वाचनमा काँङ्ग्रेसकै नजिक रहेर अगाडि बढी रहेको सन्दर्भमा विद्रोही शक्तिको नेतृत्व गरेको माओवादी धारले जनतालाई प्रभाव पार्नु स्वभाविक जस्तो पनि देखिन्छ । माओवादीका ज.व.स. मोर्चाहरुले गरेका सभा, जुलुस, सामना सांस्कृतिक अभियानले सञ्चालन गरेका क्रान्तिकारी र विद्रोही गित-संगित सहितको अभियानले पनि गाउँगाउँका जनतामा माओवादी आन्दोलन प्रतिको झुकाव बढ्न गएको पाइन्छ । माओवादी पार्टीका

योजनाबद्ध गतिविधिहरु, राष्ट्रवादीनाराहरु, जनताका नाराहरुले गर्दा विस्तारै सिङ्गो देशका कुनै न कुनै रुपमा प्रभाव पर्न पुगेको पाइन्छ । देशको सानो भूभागबाट थोरै संख्यामा सुरुवात भएको युद्धले विस्तारै गृहयुद्धको रुप समेत लिन पुग्यो । प्रहरीले स्थिति नियन्त्रण गर्न नसकेपछि सशस्त्र प्रहरी बल गठन गरे पनि माओवादी विद्रोह नरोकिएपछि अन्ततः राज्य सेना परिचालनसम्म गर्न पुगेको देखिन्छ । माओवादी आन्दोलनले सशस्त्र आकार ग्रहण गर्दै गएपछि विश्वको ध्यान नेपालप्रति केन्द्रीत भएको थियो भन्ने पनि गरिन्छ । जे होस माओवादी आन्दोलनले नेपालको मूल राजनीति र त्यसका आवश्यकहरु सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक, सैनिक सबै पक्षहरुमा प्रभाव भने पारेकै देखिन्छ । १० वर्ष १० महिना ५ दिन सम्म सञ्चालन भएको माओवादी जनयुद्धले यस अवधिमा जर्बजस्त नेपाली समाजमा जनयुद्धको प्रभाव पारेको देखिन्छ भने कतिपय शक्तिले यसलाई जनयुद्ध समेत भन्न रुचाउँदैनन् । जुन वृत्तबाट जे टिका टिप्पणीहरु भए पनि नेपालमा माओवादीले सशस्त्र विद्रोह गरे, यसले द्वन्द्व, हिंसा प्रतिहिंसाको रुप पनि लियो, नेपाललाई लामो समयसम्म गृहयुद्धमा धकेल्यो, सिंगो राज्य संरचना र संयन्त्रमा यसको प्रभाव पर्न पुग्यो र अहिलेको वर्तमान स्थितिलाई समेत हेर्दा माओवादी विद्रोहको प्रभाव यसमा पनि कुनै न कुनै रुपमा देख्न सकिन्छ ।

### ४.१.१ राजनीतिक क्षेत्रमा प्रभाव

माओवादी जनयुद्धलाई आतंकवादी गतिविधि भन्दै तत्कालीन सरकारले २०५८ मंसिर ८ गतेको दाङ आक्रमणपछि मंसिर ११ गते माओवादीलाई समेत आतङ्ककारी घोषणा गरेको थियो । माओवादीले उठाएका विषयवस्तुहरु राजनीतिक प्रकृतिको भए पनि उसले सञ्चालन गरेका आन्दोलन बढी गैर संवैद्यानिक भएकाले सरकारले बल प्रयोग मार्फत नै माओवादी व्रिदोह नियन्त्रण गर्न तर्फ लाग्दा द्वन्द्वले झनै ठूलो रुप लिएको पाइन्छ । माओवादीहरु पनि बल प्रयोग नगरी पुराना संरचना परिवर्तन गर्न नसकिने भन्ने निस्कर्षमा पुगेको र सरकारी पक्ष पनि माओवादीलाई तह लगाउने एक मात्र उपाय हतियार र बल प्रयोग हुने निस्कर्षमा पुग्दा नै नेपालमा माओवादी जनयुद्धको प्रभाव र विस्तार भएको पाइन्छ । माओवादी जनयुद्धले सबै भन्दा बढी प्रभाव नेपाली

राजनीतिमा नै पारेको थियो । माओवादी सशस्त्र विद्रोहको अवधिभरी हरेक पटक बन्ने सरकारले माओवादी शक्तिलाई नियन्त्रण गर्न विभिन्न उपायहरु र तरिकाहरु आफ्ना योजनामा प्रस्तुत गरेकै पाउन सकिन्छ । कुनै सरकारले बल प्रयोग र वार्ता दुवैलाई सँगसँगै लगेको थियो भने कुनैले वार्ता वा बल प्रयोगलाई नै मुख्य साधनको रुपमा लिएको पाइन्छ । माओवादी आन्दोलनको प्रभाव बढ्दै जानाले नै सरकारी पक्षले माओवादीलाई नियन्त्रण गर्न प्रतिकार समूहहरु निर्माण गरेर गाउँगाउँमा प्रतिकारमा उत्रन लगाउने, विदेशबाट हतियार किन्ने, सुरक्षा निकायमा बजेट बढाउने, विभिन्न अर्प्रेसन्हरु सञ्चालन गर्ने जस्ता क्रियाकलापहरु गर्न पुगेको पाइन्छ । राजनीतिक पार्टीहरु पनि कहिले को माओवादी नजिक हुने कहिले को नजिक हुने भन्ने विषयमा अल्भिmन पुगेको पाइन्छ । सबैले आफ्नो अनुकुलतामा माओवादीलाई प्रयोग गर्न खोजेको जस्तो पनि देखिन्छ । माओवादी प्रभाव रोक्न तत्कालीन गिरिजा सरकारले प्रहरी शक्तिलाई उतारी 'घेर, खोज र नष्ट गर' (Cordon, Search & Destroy) भन्ने अर्प्रेशन, 'किलो सेरा-टु' जस्ता गतिविधि सुरु गरे (उप्रेति, २०६१: ४४) । तर यस्ता अप्रेसन्हरुले पनि माओवादी विद्रोह नियन्त्रण हुन नसकेपछि नेपालमा संकटकालको घोषणा गर्नुपर्ने स्थिति सिजना भयो । राजा विरेन्द्रको वंशनास हुने गरी २०५८ जेष्ठ १९ मा भएको दरवार हत्याकाण्ड भएपछि माओवादी व्रिद्रोहको झनै बढेर गएको देखिन्छ । तर माओवादीले राजतन्त्रको विरुद्ध आन्दोलन गरिरहेको भएपनि माओवादी नै यस घटनामा जोडिएको तथ्य पृष्टि हुने आधार भने प्राप्त हुन सक्ने स्थिति देखिन्न । माओवादीहरु संसदीय व्यवस्था र राजतन्त्रको विरुद्धको लडाईमा आफूलाई मजबुद्ध बनाउँदै जाँदा माओवादी आन्दोलन राजनीतिक जस्तै बन्न पुगेको पनि देखिन्छ । तर दरवार हत्याकाण्ड भएको केही दिन मै नयाँ राजा बनेका ज्ञानेन्द्र शाह राजगद्दीमा बसिसकेपछि भने नेपाली राजनीतिमा झनै अस्थिरता देखा पर्न थाल्यो । राजाले आफ्ना रोजाईमा प्रधानमन्त्रीहरु नियुक्त गर्न थाले । अब नेपाली अस्थिर राजनीतिमा राजा पनि एउटा खेलाडी कै रुपमा देखिए । २०५८ मंसिर ११ मा सरकारले संकटकाल लागु गरेपछि झनै आम जनताको दैनिकीमा समेत प्रत्यक्ष प्रभाव पर्न पुग्यो । अन्ततः सरकार माओवादीलाई कमजोर पार्न माओवादी नेताहरुको टाउँकोको मूल्य तोक्ने स्थितिसम्म पुग्यो । २०५९ पुष १० गतेको मन्त्रिपरिषद् बैठकले बाबुराम, प्रचण्ड

लगायतका माओवादी नेताहरुको टाउँकोको मूल्य तोक्यो । आतङ्ककारी घोषणा गरिएका माओवादी नेताको टाउँकोको मूल्य ३५ देखि ५० लाख सम्म तोकिएको पाइन्छ । तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारका गृहमन्त्री खुमबहादुर खड्का र गृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले उक्त प्रस्ताव मन्त्रिपरिषद बैठकमा लगेका थिए । गृहमन्त्रालयले माओवादी नेताहरुलाई पक्राउ गर्न सुराकी गर्ने र नियन्त्रणमा लिई सुरक्षाकर्मीलाई बुझाउने व्यक्तिलाई निम्ननुसारका नगद दिने प्रस्ताव गरेको पाइन्छ (थापा, २०७३: १११-११२) ।

१) आतंककारीका मुख्य नाईकेहरु डा.बाबुराम भट्टराई, पुष्पकमल दहाल 'प्रचण्ड' र मोहन वैद्य 'किरण' लाई पक्राउ गर्न सुराक दिने वा नियन्त्रणमा लिई सुरक्षा कर्मीलाई बुझाउने व्यक्तिलाई रु.पचास लाख दिने ।

२) आतङ्ककारीका नाईकेहरु पोष्टबहादुर बोगटी, नन्दकिशोर पुन, कृष्ण बहादुर महरा, सि.पि. गजुरेल र निजहरुको स्तरका व्यक्तिहरुलाई पक्राउ गर्न सुराक दिने वा नियन्त्रणमा लिई सुरक्षा कर्मीलाई बुझाउने व्यक्तिलाई रु.पैंतिस लाख दिने ।

३) कथित सेन्ट्रल कमिटीका सदस्यहरुलाई पक्राउ गर्न सुराक दिने वा नियन्त्रणमा लिई सुरक्षा कर्मीलाई बुझाउने व्यक्तिलाई रु.पचिस लाख दिने ।

४) कथित व्यूरो इन्चार्ज र प्लाटुन कमाण्डरहरुलाई पक्राउ गर्न सुरक्षा दिने वा नियन्त्रणमा लिई सुरक्षाकर्मीलाई बुझाउने व्यक्तिलाई रु.दश लाख दिने ।

यसरी राज्यले विद्रोही शक्तिका नेताहरुको टाउकोको मूल्य तोक्नुले पनि के स्पष्ट हुन्छ भने माओवादी आन्दोलनको प्रभाव राज्यको पुरै भूमिमा परेको थियो । गृहमन्त्रालयको नगद पुरस्कार दिने सम्बन्धि प्रस्तावले नेपाली आम नागरिक र सुरक्षा निकायका सदस्यहरुलाई समेत प्रभावित पारेको पाइन्छ भने टाउकोको मूल्य तोकिएपछि झनै माओवादीहरु आक्रमक बनेर अगाडि आएको पाइन्छ । माओवादी विद्रोहको प्रभाव कै कारण गाउँगाउँमा भएका प्रहरी चौकीहरु सदरमुकाममा केन्द्रित हुन पुगेका थियो भने गा.वि.स कार्यालय लगायतका स्थानीय सरकार पनि सदरमुकाममा सिमित हुन पुगेको पाइन्छ । सदरमुकाममा यस घटनापछि नियमित रुपमा २०५९ मा हुनुपर्ने स्थानीय

निकायको निर्वाचन समेत हुन सकेन । पटक-पटक भएको सरकारको फेरबदल र शाही कदमले मुलुकको राजनीति जर्जर नै बन्दै गयो । २०६२ सालमा गराइएको शाही सरकार नियन्त्रित नगरपालिकाको निर्वाचनमा तत्कालिन संसदीय दलहरु पनि सहभागी भएनन् भने माओवादीले यसको घोर विरोध गऱ्यो । पुनः २०६२ मंसिर ७ गतेको १२ बुँदे सम्झौतापछि मुलुकको राजनीतिमा आधारभुत परिवर्तन आयो । यसले २०६२/०६३ को आन्दोलनलाई सफल बनाई मलुकमा लोकतन्त्रको स्थापना गरायो । यो कार्यमा माओवादी आन्दोलनको व्यापक प्रभाव रह्यो ।

माओवादीले आफ्नो बाहेक अन्य राजनीतिक पार्टीहरुको अस्तित्व आफ्नो गतिविधि प्रभावित क्षेत्रहरुमा अस्वीकार गर्ने नीति लिँदा माओवादी विद्रोहको अवधि भर र संविधान सभाको निर्वाचन (२०६४) सम्म आइपुग्दा पनि एमाले, काँङ्ग्रेस लगायतका अन्य राजनीतिक पार्टीहरुले समेत स्थानीय रुपमा स्वतस्फूर्त तरिकाले आफ्ना राजनीतिक गतिविधिहरु सञ्चालन गर्न पाएका थिएनन् । वर्षौंसम्म स्थानीय निकाएको निर्वाचन हुन सकेन भने यसले जनता र सरकारलाई जोड्ने कडीलाई समेत जुटायो । जनताहरु झनै केन्द्रिकरणको मारमा परे । अरु विचारलाई निषेध गर्दै अगाडि बढेको माओवादी गतिविधिले आधार क्षेत्रको घोषणा सहित स्थानीय जनसत्ताहरु सञ्चालन गर्ने स्थितिमा पुगेपछि यसको प्रभाव झर्ने व्यापक भएर गएको पाइन्छ । कतिपय स्थानीय कार्यकर्ताहरु त गाउँबाट विस्थापित समेत हुन पुगेको पाईन्छ । तसर्थ नेपालको राजनीतिमा माओवादी विद्रोहको प्रभाव गाउँ स्तर देखि केन्द्रीय स्तरसम्म पर्न पुगेको थियो ।

### ४.१.२ आर्थिक क्षेत्रमा परेको प्रभाव

कुनै समाज वा क्षेत्रमा हुने द्वन्द्वले आर्थिक क्षेत्रमा निकै प्रभाव पार्ने गर्दछ । नेपालको १० वर्ष भन्दा लामो माओवादी विद्रोहले पनि नेपाल राज्य आम नागरिकको आर्थिक जीवनमा ठूलो संकट पारेको पाइन्छ । झनै संकटकालको घोषणा भइसकेपछि त राज्यको पूरा ध्यान माओवादी विद्रोहलाई दमन गर्ने र नियन्त्रण गर्ने भन्नेतर्फ उदृत भएको देखिन्छ । ठूलो आर्थिक हातहतियार खरिद र सुरक्षा निकायको व्यवस्थापनमा खर्चिन राज्य बाध्य हुन पुग्यो । २०५८ सालसम्म नेपाली सेनाको संख्या ४७,४११

थियो भने संकटकालपछि सेनाको संख्या हवात्तै बढाएर ९२,७५६ पुऱ्याईयो (पाण्डे, २०७२: ४४३) । त्यसै गरी सरकारले २०५९ असार २७ गते ५५ हजार एम-२४९ राइफल किनेको थियो (पाण्डे, २०७२: ४४१) । यसरी राज्यको ढुकुटी युद्ध रोक्नका लागि बढी भन्दा बढी प्रयोग हुन पुग्दा विकास र अन्य क्षेत्रमा हुने खर्चमा कटौति हुन पुगेको पाइन्छ । सर्वसाधारण पनि स्वस्फुर्त रुपमा व्यापार व्यवसाय गर्ने वातावरण नबनेपछि निकै आर्थिक संकटमा फसेको पाइन्छ । उद्योगधन्दामा लगानी नहुने, वेरोजगारको स्थिति हुने, लगानीको वातावरण नहुने, सरकारी भौतिक संरचनाहरुको विनाश हुने, कालाबजारियाहरुले गैरवैद्यानिक गतिविधि र छाँया अर्थतन्त्रको विकास गर्ने जस्ता पक्षहरु हुने भएका कारण राज्यले अरबौं घाटा बेहोर्नु परेको पाइन्छ । युद्ध अर्थतन्त्रले पश्रय पाउँदा नेपालको सिङ्गो आर्थिक प्रणाली ह्रासोन्मुख हुन पुगेको पाइन्छ । तर माओवादीले लिएको आर्थिक नीतिप्रति भने जनताहरु आशावादी रहेको पनि देखिन्छ ।

### ४.१.३ सामाजिक, सांस्कृतिक क्षेत्रमा परेको प्रभाव

माओवादी आन्दोलनको अवधिमा माओवादीले उठाएका मुद्दाहरुप्रति सबैको चासो हुने कुरा स्वाभाविकै थियो तर उत्पीडित जनसमुदाय र पिछडिएका क्षेत्रका जनताहरु त उत्साही नै थिए । माओवादी विद्रोहको प्रभाव त्यस्ता समुदाय र क्षेत्रहरुमा तुलनात्मक रुपमा अन्यको भन्दा बढी रहेको पाइन्छ । पुराना सामाजिक संरचनाहरुमा केही परिवर्तन हुँदै पनि गएका थिए । घरभन्दा बाहिर ननिस्कने महिलाहरु जनमुक्ति सेनामा भर्ती भएर हिँड्न थालेका थिए भने कोही राजनीतिक अभियन्ता बनेर गाउँगाउँमा पुगेका थिए । आधार क्षेत्रहरुमा पैतृक सम्पत्तिमा समान अधिकारको अवसर प्राप्त गरेको, विभिन्न जाति, क्षेत्र, धर्म बीचमा अन्तरजातीय प्रेम विवाह गर्ने अवसर पाएको, विधवाहरुले पुनः विवाह गर्ने अवसर, शहिद परिवार र सम्बन्ध विच्छेद भएकाहरुले पनि पुनः विवाह गर्ने अवसर प्राप्त गर्दा वैवाहिक क्षेत्रमा ठूलो क्रमभङ्गता ल्याइदिएको पाइन्छ (यमी, २०६३: १३८) । ग्रामिण क्षेत्रका महिलाहरुमा विशेष गरी माओवादी विद्रोहले राजनीतिक चेतना भर्नमा महत्त्वपूर्ण भूमिका पुऱ्याएको थियो । छुवाछुतका समस्याहरु आशले वा त्रासले भए पनि न्यूनिकरण हुँदै गएका थिए । माओवादी

विद्रोहको प्रभाव जनजाति समुदायमा पनि बढी नै परेको देखिन्छ । जातीय आधिकारको नाराले जनजातिहरु माओवादी आन्दोलनप्रति बढी प्रभावित भएको देखिन्छ । माओवादी जनसेनामा दलित र जनजातिहरुको संख्या उल्लेख्य मात्रामा पाउन सकिन्छ । वर्षमान पुन 'अनन्त', नन्दकिशोर पुन 'पासाङ' जस्ता कमाण्डरहरु युद्ध मोर्चाका प्रमुख जनजाति कमाण्डरहरु हुन भने पछिल्लो समय सात डिभिजन मध्ये पाँच डिभिजन कमाण्डरहरु जनजाति थिए (बराल, २०६८:१६४) । यसले पनि जनजाति माथिको माओवादी प्रभावको संकेत गर्दछ । बाहुन देखि दलितसम्मको ठूलो भाग जनमुक्ति सेनामा भए पनि जातका दृष्टिले दलित र जनजातिकै माथिल्लो तलदेखि तल्लो तहसम्म बर्चस्व रहेको देखिन्छ । यसरी एकातिर माओवादी विद्रोहले ग्रामीण यूवा त्यसमा पनि आर्थिक विपन्नता भएका, लिङ्गीय जातिय रुपले पछि परेका समुदायलाई आकर्षण गरेको पाइन्छ भने अर्कोतर्फ गाउँबाट यूवाहरु पलायन भएर शहर र अन्त्यमा विदेशमा रोजगारीको लागि जानुपर्ने बाध्यात्मक स्थितिको पनि सृजना हुन पुगेको थियो । मठमन्दिर प्रतिको आक्रमणले धार्मिक हस्तक्षेप भएको भनेर आलोचना हुने गरेको थियो भने माओवादी वृत्तमा पुराना चाडपर्व र रीतिरिवाजलाई भान्ने चलन छोडिसकेको पाइन्छ । तर अहिले भने माओवादीका उच्च स्तरका नेताहरु नै पूजा पाठमा लागेको देख्न सकिन्छ । यसरी माओवादी आन्दोलनलाई नेपालको सामाजिक सांस्कृतिक संरचनामा प्रभाव पार्ने एउटा स्रोतका रुपमा लिन पनि सकिन्छ । माओवादी विद्रोहले पारिवारिक र सामाजिक सद्भावमा समेत प्रभाव पारेको पाइन्छ । एउटै परिवारका सदस्यहरु कोही सुरक्षा निकायमा त कोही अन्य राजनीतिक विचारधारामा आबद्ध हुने त कोही माओवादी आन्दोलनको पक्षमा उभिदा पारिवारिक र सामाजिक मेलमिलापमा असर पर्न गएको देखिन्छ । एक अर्काका विरुद्ध सुराकी लगाउने, राजनीतिक खण्डन गर्ने, व्यक्तिगत रीसीबीलाई राजनीतिकरण गर्ने, साना-साना समस्यालाई पनि ठूला रुपमा प्रस्तुत गर्ने जस्ता घटनाहरु नै उक्त प्रभावका जिम्मेवार पक्षहरु हुन गएको देखिन्छ । माओवादीले आफै भित्र पनि नयाँ संस्कृतिको विकास गर्ने प्रयत्न गर्दै ठूला कमाण्डर देखि तलसम्म एउटै भेष, एउटै ड्रेस, सम्मानित बोलिचाली, खुला र स्पष्ट, व्यवस्थित प्रेम सम्बन्ध र विवाह, आलोचना, आत्मालोचना र रुपान्तरण, निश्चित तहसम्मका नेता कार्यकर्ताहरुले कुनै पनि आध्यात्मवादी

क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था, सामुहिक खेती प्रणाली र सामुहिक बसाईको रुपमा कम्युनको सुरुवात जस्ता केही नयाँ संस्कृतिहरुको प्रयोग नेपाली समाजमा गरेका थिए । यो संस्कृति नेपाली समाजका लागि एउटा उदाहरण र माओवादीको एउटा प्रयोग पनि थियो । तर माओवादीको शान्ति प्रक्रियामा प्रवेश भए सँगै त्यो द्वन्द्वको समयमा निर्माण भएका संस्कृतिहरु विस्तारै भत्कन पुगेको देखिन्छ । माओवादी भित्र समस्या भएर त्यो संस्कृति भत्किन पुग्यो या त्यो संस्कृति नै गलत थियो भनेर बहस हुने गरेको पनि पाइन्छ । पक्कै पनि संस्कृति गलत थियो भन्ने आधार प्राप्त गर्ने ठाउँ छैन । तर वर्ग संघर्षको उच्चतम अभिव्यक्ति अर्थात जनयुद्धकै कारणले आन्दोलनमा भएको नकारात्मक पाटो लुकेको थियो कि आन्दोलनमा होमिएकाहरुमा आएको मूल्य विघटन र नैतिक ह्रासको परिणाम हो, यो प्रश्न भने उठिरहेको पाइन्छ (चापागाई, २०७६७: २६) ।

## ४.१.४ विकास निर्माणका गतिविधिहरुमा प्रभाव

माओवादी जनयुद्ध सुरु भए देखि नै राज्यका विकास निर्माण सम्बन्धि अल्पकालिन, मध्यकालीन र दीर्घकालीन विकास योजनाहरु प्रभावित बन्न पुगे । राज्यको ठूलो आर्थिक भार सुरक्षा क्षेत्रमा खर्च गर्नुपर्ने भएपछि विकास बजेटलाई कटौति गरी सुरक्षा बजेट बढाउनुपर्ने स्थितिको सृजना हुन पुग्यो भने छिटफुट विकास योजनाहरु पनि शहर केन्द्रित हुन पुगे । पुल, विद्युत, गृह, टेलिफोन टावर, गा.वि.स. भवन, वन रेन्जपोष्ट जस्ता विकासका संरचनाहरु माथि माओवादी आक्रमण तिब्र हुँदा नयाँ संरचनाहरु निर्माण गर्नेतर्फ राज्यको ध्यान गएन । राज्यको ठूलो भू-भाग अर्थात ग्रामिण क्षेत्रमा माओवादी प्रभाव बढी परेकाले त्यहाँ राज्यको उपस्थित शून्य प्रायः भयो यसले पनि विकास निर्माणका गतिविधिमा असर पुऱ्यायो र सिङ्गो राज्यको सन्तुलित विकास योजना बन्न सकेन । आजका दिनमा आइपुग्दा पनि कतिपय ऐतिहासिक र भौतिक संरचनाहरु जुन द्वन्द्वकालमा क्षतिग्रस्त भएका थिए, त्यसको पुनः निर्माण हुन सकेको छैन । यी विषयहरु सबै पक्षको लागि सोचनीय छन् ।

### ४.१.५ बालबालिका र अशक्तहरु माथिको प्रभाव

माओवादी सशस्त्र विद्रोहले सबै भन्दा नकारात्मक प्रभाव बालबालिका र अशक्तहरुमा पारेको पाइन्छ । द्वन्द्वरत पक्षहरुको गतिविधिले बालबालिकाहरुको मनोविज्ञानमा ठूलो त्रास सृजना गरेको पाइन्छ । टेलिभिजनमा प्रसारण हुने घटनाको विवरण र सुरक्षा निकायमा अनि विद्रोही पक्षका सेनाका समस्याहरुले बोकेका हतियार र गर्ने क्रियाकलापको नक्कल बालबालिकाले पनि गर्ने भएकाले यस बारे अभिभावकहरुले निकै चिन्ता लिएको पाइन्थ्यो । कतिपय बालबालिकाहरु प्रत्यक्ष युद्धमा समेत सहभागि भएको पाइन्छ । दुवै पक्षले एक अर्काका विरुद्ध सुराकीको रुपमा समेत बालबालिकाको प्रयोग गरेको भन्ने आरोप विभिन्न मानव अधिकार र बाल अधिकार सम्बन्धी संस्थाहरुले लगाएको कुरा पनि सर्वविदितै छ । अझै माओवादी विद्रोहमा संलग्न आमाबाबुबाट जन्मेका बालबालिकाहरु त माओवादी गतिविधिमा संलग्न हुने भएकाले त्यसको प्रभाव नपर्ने कुरै भएन । बालबालिकालाई विद्रोहीले सेनामा भर्ना गरेको तथ्य संयुक्त राष्ट्रसंघले नै उल्लेख गरेको पाइन्छ भने शान्तिप्रक्रिया सुरु भएपछि कतिपय अयोग्य लडाकुहरु मध्ये बालबालिका पनि अस्थायी शिविरबाट बाहिरिएका थिए । माओवादी विद्रोहले विद्रोहमा संलग्न या असंलग्न दुवै खालमा बालबालिकाहरुको शैक्षिक, मानसिक, पारिवारिक जीवनमा प्रभाव पारेको पाइन्छ । बालबालिका सँगै वृद्धावृद्धामा पनि असर पर्ने कुरा स्वभाविकै छ । प्राय सक्रिय उमेर भएका सदस्य कोही आन्दोलनमा होमिएका त कोही विस्थापित र कोही वैदेशिक रोजगारका लागि विदेश पलायन भएका कारण सबै भन्दा लामो समय घरमा नै हुने बुढाबुढीहरुले खान पकाएर खुवाएको वा खान नदिएको भन्ने आरोपमा दुवै पक्षबाट मानसिक दबाबहरु दिने गरेकाले वृद्धवृद्धाको जीवन पनि कष्ट माथि झनै कष्टकर बन्न पुगको पाइन्छ ।

### ४.१.६ मानवीय प्रभाव र क्षति

युद्धमा रगत बग्नु स्वाभाविक मानिए तापनि मानिसको जीवन गुम्ने कुरालाई सहजै पचाउन निकै गाह्रो पर्दछ । तर पनि माओवादी विद्रोहको अवधिमा मानवीय संवेदनाका पक्षमा निकै कमजोर भएको पाइन्छ । हत्या, हिंसा र मृत्यु सामान्य जस्तो हुन पुग्यो । सरकारी, विद्रोही र सर्वसाधरण समेत विद्रोहको मारमा पर्न पुग्यो । सरकारी पक्षतर्फ

तत्कालिन शाही सेनाका जर्नेल सागरबहादुर पाण्डे देखि सशस्त्र प्रहरीका महानिरीक्षक कृष्ण मोहन श्रेष्ठ सम्मका उच्च सुरक्षा अधिकारी, पियन देखि उपसचिव तहसम्मका निजामति कर्मचारीको मृत्यु भएको पाइन्छ भने माओवादी तर्फ जनमुक्ति सेनाका डिभिजन कमाण्डर किमबहादुर थापा (सुनिल) देखि तत्कालीन पार्टीको वैकल्पिक पोलिट व्यूरो सदस्य सुरेश वाग्ले (वासु) सम्मका उच्च कमाण्डर र नेताहरुको मृत्यु हुन पुगेको पाइन्छ (कँडेल, २०६७: ३३) । दुवै पक्षका सेनाका सदस्य र कार्यकर्ताहरुको मृत्यु त झनै सामान्य जस्तो बन्न पुगेको स्थितिमा सर्वसाधारणहरु समेत आफ्नो जीवन गुमाउने स्थितिमा पुग्नुपर्‍यो । माओवादी समर्थक लोकप्रिय पत्रकार कृष्णसेन इन्छुकसहित १२ जना राज्य पक्षबाट र ४ जना माओवादी पक्षबाट हत्या भएको पाइन्छ । माओवादी सशस्त्र विद्रोहको क्रममा १३,३४७ जनाले ज्यान गुमाउनु पर्दा राज्यपक्षबाट ८३७७ र माओवादीबाट ४९७० त्यसमा पनि सेना तर्फ ९०५, प्रहरी तर्फ १४७८ र बाँकी सर्वसाधारण नै थिए (के.सी. २०६५: २९७) । यसरी १३ हजार बढीको ज्यान गएको यो विद्रोहमा एक हजार भन्दा बढी वेपत्ता पारिएको पाइन्छ भने चालिस हजार भन्दा बढी घाइते भएको तथ्याङ्क छ । शान्तिप्रक्रिया सुरु भएपछि वेपत्ता छानवीन र सत्यनिरुपण तथा मेलमिलाप सम्बन्धी आयोगहरु गठन भए पनि प्रभावकारी गतिविधि गर्न सकेको पाईदैन । दुवै पक्षका शिर्षस्त नेतृत्वकर्ताहरु नै छानविनको क्रममा तानिने त्रासले पनि यसको जड समस्या भएको हो भनेर भन्ने पनि गरिन्छ । युद्धका क्रममा प्रभावित समस्याहरु आजको दिनमा आइपुग्दा पनि बल्झिराखेको छ ।

### ४.१.७ प्राकृतिक स्रोत माथिको प्रभाव

सशस्त्र द्वन्द्वको अवस्थामा हुने मानवीय क्षतिप्रति मानिसको ध्यान जाने, मानवअधिकार हननको सवालमा आवाजहरु उठिरहने, उद्योग व्यवसाय र आर्थिक क्षेत्रमा परेका प्रभावहरुलाई लिएर व्यापारिक क्षेत्रबाट सङ्गठित आवाजहरु उठ्ने भए तापनि वातावरण र प्राकृतिक स्रोतमाथि परेको र पर्ने सक्ने नकारात्मक प्रभावको बारेमा सङ्गठित रुपमा आवाज उठेको देखिँदैन । तर द्वन्द्वले प्राकृतिक क्षेत्रमा प्रभाव भने पारिनै रहेको हुन्छ । नेकपा (माओवादी) को सशस्त्र विद्रोहको क्रममा नेपाली प्राकृतिक

स्रोत साधन माथि निकै प्रभाव पर्न पुग्यो । माओवादीहरुले आफ्ना प्राय तालिमहरु जङ्गलमा सञ्चालन गर्ने, आफूलाई सुरक्षित हुनुपर्दा पनि जङ्गलमा नै बस्ने र जङ्गली स्रोत साधनको दोहन गर्ने कारण एकातिर प्रभाव गरेको पाइन्छ भने सुरक्षाकर्मीहरु पनि माओवादीलाई सखाप पार्ने भन्दै जङ्गलमा आगजानी गरेर जङ्ल सखाप पार्नेतर्फ उद्दत देखिएको पाइन्छ ।

यस्ता गतिविधिबाट जङगलबाट प्राप्त गरिने स्रोत र साधनमा क्षति पुग्ने गरेको पाइन्छ । राज्यको पुरा ध्यान लडाईमा केन्द्रित हुँदा चोरीसिकारी र तस्करी समेत बढ्न पुगेको थियो । माओवादी नियन्त्रित क्षेत्रमा अति महङ्गा उच्चपहाडी क्षेत्रमा पाइने जडीबुटी (जस्तै : चिराइतो, विखमा, यार्सागुम्बा आदि) माओवादीले लगाएको कर तिरी व्यापारीहरुले अन्धाधुन्ध सङ्कलन गरी नोक्सान पुऱ्याएको देखिन्छ भने माओवादीहरुको नियमित आयको प्रमुख स्रोत नै यार्सागुम्बाको विक्रीबाट आएको रकम भएको जानकारीहरु सार्वजनिक भएको पाइन्छ (उप्रेती, २०७६१: ७१) । देशको विभिन्न भागमा माओवादीका त्रासका कारण जग्गाधनीले घरजग्गा छाडी हिँड्दा जग्गा बाँझो रहने र जग्गाको उचित रेखदेखका अभावमा भूक्षय बढेको जस्ता खबरहरु पनि सार्वजनिक हुने गरेको पाइन्छ भने देश सशस्त्र द्वन्द्वको चपेटामा पर्दै जाँदा देशमा भएका प्राकृतिक स्रोतको अनियन्त्रित उपयोग र दुरुपयोग हुने वातावरण सृजना भएको समेत पाइन्छ ।

### ४.१.८ नकारात्मक प्रभावहरु

हरेक घटनाको सकारात्मक र नकारात्मक पक्षहरु भए जस्तै माओवादी सशस्त्र जनयुद्धको पनि सकारात्मक प्रभाव र परिणामका अलवा नकारात्मक प्रभावहरु पनि छन् । माओवादी जनयुद्धले गरेको सबै भन्दा ठूलो क्षति भनेको मानवीय र भौतिक क्षति नै हो । १० वर्षे जनयुद्धको क्रममा १७ हजारभन्दा बढी नागरिकहरुले ज्यान गुमाउनु पऱ्यो भने १ हजार भन्दा बढी नागरिकहरु हालसम्म पनि वेपत्ता कै अवस्थामा छन् । द्वन्द्वका क्रममा घाइते हुनेहरुको संख्या त यकिन हुन पनि सकेको छैन । बालबालिकाहरुमा युद्ध मनोविज्ञानको विकास भएको पाइन्छ भने डर, त्रास र भयले गर्दा आमजनताको मस्तिस्कमा समेत नकारात्मक असर पारेको पाइन्छ । यस अवधिमा राज्यको भौतिक संरचनाहरु सरकारी भवन, टेलिफोन टावर, पुल, सडक जस्ता भौतिक

संरचनाहरुमाथि नै लडाईको मुख्य निशाना बनाएकाले संरचना माथिको आक्रमणलाई नकारात्मक पाटोको रुपमा बुझ्न सकिन्छ । राज्यले संरचनाको संरक्षण गर्न सकेन भने हालसम्म पनि कतिपय संरचनाहरुको पुनःनिर्माण हुन सकेको छैन । पर्यटकीय स्थलहरु प्रशस्त रहेको नेपालमा पर्यटनको राम्रो सम्भावना भएतापनि सशस्त्र द्वन्द्वको कारण विदेशी तथा स्वदेशी पर्यटकहरुले यात्राको लागि सुरक्षित महशुस गर्न नसक्नुले पर्यटन व्यवसाय अस्त-व्यस्त नै बन्न पुग्यो । राज्यले सुरक्षा दिन नसक्ने, बाह्य पर्यटकहरुलाई माओवादी कार्यकर्ताहरुले कर उठाउने, होटल, रेष्टुरेण्ट जस्ता स्थलहरु बन्द, हड्ताल, चक्काजामको मारमा पर्ने जस्ता कारणले पनि यस अवधिमा पर्यटन व्यवसाय फस्टाउन सकेन । सरकारी र विद्रोही दुवै पक्षले सैन्य गतिविधिमा बढी जोड दिँदा देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न गयो भने राज्यको ठूलो धनराशी युद्ध तयारीमा नै खर्च भयो । देशमा बढ्दै गरेको द्वन्द्वका कारण उद्योगधन्दा र उत्पादनको क्षेत्रमा समेत लगानीको वातारण बन्न सकेन । राष्ट्रिय पुँजिपतिवर्गले लगानीको क्षेत्रमा असुरक्षा देखेपछि बाह्य लगानीकर्ताहरु समेत लगानीको लागि तयार भएनन् । गाउँघरका जग्गा जमिन बाँझो हुने समस्या, यूवाहरु विदशे पलायन हुने जस्ता कारणले मानवीय संसाधनको अभाव सृजना भयो भने यसले उत्पादनमा ह्रास ल्यायो । ठुलो यूवा शक्ति वैदेशिक रोजगारका लागि विदेश पलायन हुँदा राज्यको अन्तराष्ट्रिय प्रतिस्ठामा समेत गिरावट आउन पुग्यो ।

तसर्थ, माओवादी सशस्त्र जनयुद्धले कृषि, पर्यटन, अर्थतन्त्र, मानवीय र भौतिक, मनोवैज्ञानिक, शिक्षा, स्वास्थ्य, रोजगार आदि क्षेत्रमा नकारात्मक प्रभाव पार्‍यो । भौतिक संरचना माथिको आक्रमण, युद्धमा हिंसाको अत्याधिक प्रयोग सरकारी पक्षबाट कैद गरिएका जेलबन्दीहरुलाई दिएको यातना, बल्तकारको घटना, मानवअधिकारको उल्लङ्घन, पद र शक्तिको दुरुपयोग, अनावश्यक धरपकट र दमन, माअओवादी पक्षले गरेका जर्बजस्ती चन्दा असुली, राजनीतिक विचारको आधारमा राज्य र विद्रोही पक्षबाट गरिएका निषेध आदि माओवादी सशस्त्र जनयुद्धका प्रमुख नकारात्मक पक्षहरु हुन् । यसको प्रभाव अहिलेको वर्तमान परिवेशमा पनि कतिपय सन्दर्भमा जिवितै पाउन सकिन्छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को सशस्त्र संघर्षका नकारात्मक प्रभावहरूलाई बुंदागत रुपमा निम्नानुसार हेर्न सकिन्छ ।

१. राजनीतिक अस्थिरताबाट उठेको माओवादी जनयुद्धले नेपालको राजनीतिमा भ्रष्टाचार, कमिसन, अति केन्द्रिकरण, खिचातानी, आफ्नो मान्छेको भर्ति गर्ने प्रवृत्ति जस्ता पक्षहरूमा कमी ल्याउन नसक्नु

२. माओवदी जनयुद्धकै कारण संसदवादी शक्तिहरू र राजाबीच कहिले संसदवादी त कहिले राजावादी माओवादी जनयुद्धलाई आफ्नो पक्षमा प्रयोग गर्न प्रयास मा लाग्नु ।

३. जनयुद्धको समयभरी नै स्थानीय निकायको निर्वाचन हुन नसक्नु र स्थानीय निकायहरू जनप्रतिनिधि विहिन वन्नु ।

४. संसदीय पार्टीका स्थानीय नेता कार्यकर्ताहरू ग्रामिण इलाकाबाट विस्थापित हुनु ।

५. एउटा राज्यमा दुईवटा सत्ताको स्थिति पैदा हुँदा जनतामा दुविधाको स्थिति सृजना हुनु ।

६. सरकारी भौतिक संरचनाहरू जस्तैः टेलिफोन टावर, पुल, सडक, सरकारी भवन, जलविद्युत योजना, खानेपानी योजना जस्ता पक्षहरू नै आक्रमणको मुख्य निशाना बन्दा द्वन्द्वको समयमा बढी भन्दा बढी मानवनिर्मित संरचनाहरूको विनाश हुनु ।

७. प्रकृतिक स्रोध साधनको अत्याधिक दोहन हुनु ।

८. नेपाल बन्द, चक्काजाम, आन्दोलन र हड्ताल तथा पर्यटक र होटल व्यवसायीहरू मार्फत चन्दा संकलनले पर्यटन क्षेत्र धरासायी बन्नु ।

९. युद्धमा मानवीय हिंसाको अत्याधिक प्रयोग भई मानव अधिकारको उल्लङ्घन बढी हुनु ।

१०. सरकारी र विद्रोह पक्षले बालबालिकाहरूलाई सुराकीको रुपमा प्रयोग गर्नाले बालबालिकाहरूमा युद्ध मनोविज्ञानको विकास हुनु ।

११. दुवै पक्षले सैन्य गतिविधिलाई बढी जोड गर्दा उत्पादनको क्षेत्रमा लगानी नहुने, राष्ट्रिय पूँजी पलायन हुने, यूवाशक्ति पलायन हुने जस्ता कुराले राज्यको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्नु ।

## ४.२ परिणामहरु

२०५२ साल देखि झण्डै ११ वर्षसम्म सञ्चालन भएको ने.क.पा.(माओवादी)को सशस्त्र जनयुद्धले सिङ्गो देशलाई नै प्रभावित बनायो भने विद्रोही, राज्य पक्ष र सर्वसाधारणले समेत विभिन्न किसिमका यातना र वेदनाहरु भोग्न बाध्य हुनुपऱ्यो । बमबारुदको धुँवा र बन्दुकको आवाजहरुबाट गुज्रिएको राज्य सरकार र माओवादी विस्तृत शान्ति सम्झौता पछि भने एकाएक स्थितिमा परिवर्तन भई नयाँ मोडमा प्रवेश गर्न पुग्यो । सैन्य कारवाहिको दृष्टिले भने २०६३ वैशाख १२ को युद्धविरामपछि नै एक हिसाबले जनयुद्धको समाप्ति भई राज्य शान्ति प्रक्रियामा प्रवेश गरेको पाइन्छ (बराल, २०६८: ७२) । हजारौं मान्छेको बलिदान र शहादत, लाखौं विस्थापित, करौंडौ प्रभावित, सयौं वेपत्ता, हजारौं घाइते भएको माओवादी विद्रोहले राजा ज्ञानेन्द्रको शाही कदमपछि सात राजनीतिक पार्टीसँगको सम्पर्क सम्बन्धमा समित्यता बढ्न गयो र निरङकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, लिंगीय, क्षेत्रीय आदि समस्याको समाधान गर्न राज्यको पुनसंरचना गर्नुपर्ने र कार्यान्वयनका लागि पनि वार्ता सहमतिलाई आवश्यक महशुस गर्दै जाँदा बाह्र बुँदे सहमति हुन पुग्यो जसलाई नै पछिल्लो परिवर्तनको ढोका मानिएको पाइन्छ (शिवाकोटी, २०७३: ३७) ।

माओवादी जनयुद्ध देशको राजनीतिक, आर्थिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि क्षेत्रमा प्रभाव गर्ने एउटा माध्यम त बनेको थियो नै सात राजनीतिक पार्टीसँगको विभिन्न समय र सन्दर्भमा भएका सम्झदारी र सम्झौताहरुले भने माओवादीको हतियारबद्ध युद्धराजनीतिलाई नै रुपान्तरण गरायो । यसले नेपालको राजनीतिक परिवर्तन र शान्तिपूर्ण आन्दोलनहरुमा समेत महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । माओवादी सशस्त्र जनयुद्धले प्रभाव र विस्तार कायमै राखिराखेको समयमा संकटकालको घोषणा, संकटकालिन स्थितिबाट अगाडि बढेको सर्वसाधारणको

जनजीवन अनि अस्थिर र संक्रमणकालीन राज्यको स्थिति यस्तो परिवेशमा भएको दिल्ली सम्झौता, दिल्ली सम्झौताको जगमा भएको दोस्रो जनआन्दोलन, दोस्रो जनआन्दोलन पछिको अन्तरिम सरकार, संविधान सभाको निर्वाचन, गणतन्त्रको औपचारिक घोषणा र निरङ्कुश राजतन्त्रको अन्त्य, संविधानसभाको विघटन र पुन निर्वाचन, संविधानसभाबाट संविधान निर्माण र स्थानीय निकायको पूर्नसंरचना र निर्वाचनसम्म आइपुग्दा पनि माओवादी विद्रोहलाई जोडेर हेर्न सकिन्छ । मूलत समावेशीता, संघियता, धर्मनिरपेक्षता, संविधानसभा, गणतन्त्र आदि राजनीतिक मुद्दाहरु माओवादी र माओवादी जनयुद्धले नै उठान गरेका मुद्दाहरु हुन् । वर्तमान समयमा पनि नेपालको राजनीति वृत्तमा यसकै आसपासमा छलफल र बहसहरु हुने गरेको पाइन्छ । सामान्यतया यस आन्दोलनका मुख्य परिणामहरु निम्नानुसार रहे :

### ४.२.१ राजनीतिक सञ्चार र चेतना

नेपालमा २००७ साल देखि नै राजनीतिक पार्टी र जनस्तरबाट विभिन्न राजनीतिक क्रान्ति र आन्दोलनहरु भएको पाइन्छ । तर माओवादी सशस्त्र विद्रोह भन्दा अगाडिका आन्दोलनहरु बढी शहर केन्द्रित हुने गरेतापनि माओवादी विद्रोह भने गाउँ केन्द्रित हुन पुग्यो । वि.सं. २०४७ मा बहुदलीय व्यवस्थाको पुनः स्थापना भएतापनि शासन र शोषणको शैलीमा कुनै परिवर्तन आएन । देशको राज्य संयन्त्रमा एउटै जाति धर्म, भाषा, क्षेत्र र लिङ्गको प्रभुत्व रहदै आयो । मुलकमा क्षेत्रीय सन्तुलनको नीति पनि अवलम्वन गरिएन । अन्ततः तत्कालिन एकता केन्द्रले स्वयंलाई माओवादी बनाई उपर्युक्त जातिय, क्षेत्रीय, लिंगीय, धार्मिक शोषणको आलोकमा नेपालमा एउटै बेग्लै क्रान्तिको उद्घोष गरे (शाही, २०७३: ९३) ।

माओवादी जनयुद्धको नाममा आफ्नो गतिविधिलाई ग्रामिण इलाकाहरुमा व्यापक बनाएपछि जनस्तरमा राजनीतिक चेतना भने ह्वात्तै माथि उठेको पाइन्छ । एमाले, काँङ्ग्रेस लगायतका राजनीतिक शक्तिलाई निषेध गरेको भए तापनि माओवादी विद्रोहले ग्रामिण इलाकामा यूवाहरुमा विद्रोही भावना भरी आन्दोलनमा साथ र सहभागिता हुने सम्मको स्थितिको सृजना गऱ्यो भने आम जनतामा आफ्नो अधिकारप्रति सचेत तुल्याउने काम समेत गऱ्यो । हरेक गाउँ र बस्तिमा समानताको

नारा, राष्ट्रिय स्वाभिमानको भावना, विद्यमान, विकृति र विसंगतिका विरुद्ध आवाजहरु घन्किन पुग्यो जसले जनतालाई जागृत बनाएको पाइन्छ । माओवादी नेता कार्यकर्ताहरु सधैं जनताको घरमा नै उठबस गर्ने गरेको कारण आफ्ना राजनीतिक गतिविधि र उद्देश्यका बारेमा समेत प्रशिक्षण गर्ने हुँदा जनताहरुको राजनितिक चेतना माथि उठेको पाइन्छ । विभिन्न सभा, सम्मेलन र जनसरकारको घोषणा जस्ता कार्यक्रमहरुमा पनि माओवादीले जनतालाई अनिवार्य उपस्थिति गराएर आफ्ना जनसरकारका विभिन्न जनसमितिहरु समावेश गरेर जनसत्ता सञ्चालन गरेको पाइन्छ । यसैले गर्दा दलित र जनजातिहरु आफ्ना जातिय अधिकारप्रति, गरिब, किसान, मजदूरहरु आफ्ना वर्गीय समानताको अधिकारप्रति, पिछडीएका क्षेत्रका जनताहरु आफ्ना भौगोलिक पहुँच र समावेशी समानुपातिक सहभागिताको अधिकारका लागि, महिलाहरु पैतृक सम्पत्ति माथिको अधिकार प्राप्तिको लागि सचेत बन्न पुग्यो । साँच्चै नै रेडियो र टेलिभिजन अनि टेलिफोनबाट टाढा बन्न पुगेको ग्रामिण र सुदूर क्षेत्रका जनताका लागि माओवादी कार्यकर्ता नै सञ्चारका माध्यम समेत बन्न पुगेको पाइन्छ । वर्तमानमा सबै आफ्ना नागरिक अधिकारहरुप्रति सचेत बन्न सक्ने वातावरण निर्माण हुन माओवादी विद्रोहकै एउटा उपजको रुपमा लिन सकिन्छ ।

### ४.२.२ दोस्रो जनआन्दोलन

जनयुद्ध सुरु भएको दश वर्ष पुग्दा नपुग्दै देशको ८० प्रतिशतभन्दा बढी भू-भागमा माओवादीले नेतृत्व गरेको जनसत्ता स्थापित बन्न पुग्यो । सम्भवत : यो कुरा शताब्दीकै नयाँ परिवर्तन मानिन्छ । त्यही क्रममा राजा ज्ञानेन्द्रले संसदवादी पार्टीहरुबाट शासनसत्ता आफ्नो हातमा लिएपछि राजनीतिक वस्तु स्थितिमा बदलाव आयो । संसदवादीहरु माओवादीहरुसँग राजतन्त्रको विरुद्धमा संयुक्त मोर्चा निर्माण गर्न सहमत भए । यो माओवादीको लागि पनि आवश्यक नै थियो । परिणामत : १२ बुँदे सहमति र विस्तृत शान्ति सम्झौता हुन पुग्यो (विप्लव, २०७३: ७४) । माथिको हरफबाट पनि के बुझिन्छ भने नेपालको तत्कालिन राजाको कदमबाट अत्तालिएका संसदवादी शक्ति र विद्रोही शक्तिलाई परिस्थितिले एक ठाउँमा उभिन बाध्य गरायो र १२ बुँदे समझदारी हुँदै दोस्रो संयुक्त जन आन्दोलनसम्म पुऱ्यायो । राजाको

निरङ्कुशतन्त्रको विरुद्धमा मात्र उत्रेको सात राजनीतिक पार्टी र राजतन्त्र र सामन्तवादको विरुद्धमा युद्ध लडेका माओवादी दुवैको भूमिकालाई जनआन्दोलनमा देख्न सकिन्छ । हुन त यो १९ दिने आन्दोलन र यसको उपलब्धी हाम्रै हो भन्नमा सातदलले निकै आनन्दानुभूति गरे तर यथार्थमा माओवादी जनयुद्धको १० वर्षे ताप र उसको सेनाको ढाडसविना यो सफलता पनि सम्भव थिएन किनभने जुनबेला दलहरु चरणबद्ध आन्दोलन चलाउँदै थिए, त्यसैबेला माघ १ गते थानकोट, दधिकोट र माघ ८ गते पाल्पामाथि जनसेनाको चढाई हुदै थियो (के.सी.२०६५: ३४४) ।

माओवादीको प्रस्तावअनुसार नै २०६२ चैत्र २४ गतेबाट जनआन्दोलन सुरु भएको थियो भने सातदलले नेतृत्व गरेको आन्दोलनमा माओवादीको पूर्ण समर्थन थियो । माओवादीले ब्रिगेड कमाण्डर चन्द्रबहादुर थापा 'सागर' नेतृत्वमा जनसेनाको एउटा सैन्य टुकुडी हतियारसहित काठमाडौंको आन्दोलनमा पठाएको थियो भने त्यसको प्रत्यक्ष निर्देशन वर्षमान पुन 'अनन्त'ले गरेको पाइन्छ (थापा, २०७३: १८१-१८२) । अनन्तका अनुसार १९ दिने आन्दोलनमा छेउछाउका जिल्लाहरुबाट पालैपालो गरेर ९१,००० भन्दा बढी जनता काठमाडौंमा परिचालित भएका थिए । उनीहरु चक्रपथका चोकहरुमा जम्मा भएकाले आन्दोलनका केन्द्र पनि तिनै क्षेत्र बनेका थिए (शर्मा, २०७०: २२८) ।

माओवादी विद्रोहकै बलमा सात राजनीतिक पार्टीले राजा ज्ञानेन्द्रको हुकुमी शासन विरुद्ध र पूर्ण लोकतन्त्रको पक्षमा आफ्नो आन्दोलनलाई शसक्त रुपमा उठाउन सफल भएको थियो । माओवादीसँग दिल्ली सम्झौता हुनभन्दा अगाडि प्राय संसदवादी शक्तिका एकल र संयुक्त आन्दोलनहरु प्रभावहिन जस्तो बन्न पुगेको पाइन्छ । जब माओवादीले आफ्नो कार्यकर्ता र समर्थकलाई गाउँबाट काठमाडौं पठाउन थाल्यो र संयुक्त आन्दोलनमा समर्थन र प्रतिबद्धता जनायो, त्यसपछि मात्र जनआन्दोलनले उत्कर्षको रुप लिन पुग्यो । गाउँकेन्द्रित माओवादी गतिविधि र बजारकेन्द्रित संसदीय शक्तिको आन्दोलनबीचको उपयुक्त तालमेलकै कारण दोस्रो जनआन्दोलन सफल भयो । अझै यसमा माओवादी पार्टीको लामो समय देखिको जनयुद्धले आधारभुत जगको रुपमा काम गरेको थियो ।

### ४.२.३ अन्तरिम संविधान र संविधानसभाद्वारा नयाँ संविधानको निर्माण

संसदीय व्यवस्था र राजतन्त्रको विरुद्ध युद्ध लडिरहेको नेकपा (माओवादी) र राजाको निरङ्कुशताको विरुद्धमा आन्दोलन गरिरहेको संसदवादी सात राजनीतिक दलहरुको बीचमा १२ बुँदे समझदारी भएपछि सञ्चालन भएको १९ दिने दोस्रो जनआन्दोलन र त्यसले पारेको प्रभावसँगै नेपालको अन्तरिम संविधान, २०७३ निर्माणको आधार बन्दै गएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ लाई अस्वीकार गरेको विद्रोही शक्ति समेत दोस्रो जनआन्दोलनमा सहभागी भएको, जनआन्दोलनमा माओवादी जनयुद्धको समेत प्रभाव परेको, माओवादीले उठान गरेका समानुपातिक, समावेशीता, संघीयता, संविधानसभा र गणतन्त्रका मुद्दाहरुलाई समेत नेपालको राजनितिक व्यवस्थामा समाविस्ठ गर्नुपर्ने दलहरुबीचको सम्झौताले नयाँ संविधानको अनिवार्यता बन्यो र संक्रमणकाललाई व्यवस्थापन गर्नको लागि संविधान सभाको निर्वाचन भई संविधानसभाबाट नयाँ संविधान निर्माण नभएसम्म लागु हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ निर्माण भएको थियो । पूर्वन्यायाधीस लक्ष्मण अर्याल संयोजक रहेको संविधान निर्माण समितिले प्रस्तुत गरेको मस्यौदामाथि आठ राजनीतिक दलहरुको छलफल र सहमति पश्चात विस्तृतशान्ति सम्झौता समेत सम्पन्न भएपछि २०७३ पुस २९ गते संसदवादी सात राजनीतिक दल र माओवादीले रातभरी छलफल गरी हस्ताक्षर गरे र माघ १ गते मात्र यो संविधान जारी गर्ने निर्णय गरिएको पाइन्छ । यही निर्णय अनुसार तत्कालिन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी गरेका थिए । यसरी हेर्दा के देखिन्छ भने संसदवादी राजनीतिक शक्तिहरुको भूमिकालाई यस प्रक्रियामा मुख्य मान्ने गरिएता पनि माओवादी पार्टी र उसको सशस्त्र विद्रोहको भूमिका समेत महत्त्वपूर्ण रुपमा स्थापित भएको कुरा बुझ्न सकिन्छ ।

नेपालमा संविधानसभाको सवालले विधिवत रुपमा नै राणाशासनको विरुद्धको जनक्रान्तिसँगै प्रवेश पाएको थियो । विभिन्न कारणहरु, दाउपेचहरुले गर्दा संविधानसभाको गठन हुन सकेन तर माओवादीको १० वर्षको जनयुद्धले भने संविधान सभाको बहस र आवश्यकतालाई नयाँ उचाईमा पुऱ्याएको पाइन्छ । माओवादीको

वैद्यानिक मोर्चा 'संयुक्त जनमोर्चाले' जनयुद्धको घोषणा हुनुभन्दा अगाडि बुझाएको ४० सुत्रीय मागको १० नं.बुँदामा 'जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निम्ति चुनिएका जनताका प्रतिनिधिद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ' भनेर उल्लेख गरेको पाइन्छ । यसले पनि के बुझाउँछ भने माओवादी पार्टीले २०५२ सालमा पनि संविधानसभाको माग गरेको थियो । नेपालका संसदवादी शक्तिहरुले संविधानसभालाई असम्भव देख्दै गर्दा नेकपा (माओवादी)ले युद्धकै बीचमा संविधान सभालाई आफ्नो कार्यानीतिक नाराका रुपमा अगाडि सारेको थियो । २०६२ मा रोल्पाको चुनवाङ बैठकले पार्टी कार्यदिशाको विकास र परिमार्जनको शृङ्खलाकै नयाँ कडीका रुपमा निरङ्कुस राजतन्त्रका विरुद्ध लोकतान्त्रिक गणतन्त्र र संविधानसभाको कार्यनीतिका आधारमा अन्य वामपन्थी एवम् संसद्वादी राजनीतिक दलहरुसँग समेत कार्यगत एकता गरी आन्दोलनलाई अगाडि बढाउने नीति माओवादीले लिएको पाइन्छ (पन्थी, २०७२:१८४)। माओवादीको प्रमुख एजेण्डा र अन्य संसदवादी दलहरुको सहमतिले गर्दा नेपालको इतिहासमा नै जनताको प्रतिनिधिले संविधान निर्माण गर्ने संस्था संविधानसभाको निर्वाचन २०६४ चैत्र २८ गते सम्पन्न भएको थियो भने दलहरुको संविधान निर्माणका विषयमा खिचतानी बढेका कारण २०६९ जेठ १४ गते उक्त संविधान सभाको विघटन हुन पुग्यो । संविधान सभाको विघटनसँगै माओवादी पार्टी समेत विभाजन हुन पुग्यो भने संविधानसभाको दोस्रो निर्वाचनमा प्रचण्डले नेतृत्व गरेको एकीकृत माओवादी मात्र सहभागी भयो भने मोहन वैद्य 'किरण' ले नेतृत्व गरेको नेकपा-माओवादीले २०७० मंसिर ४ मा भएको दोस्रो संविधान सभाको निर्वाचन बहिष्कार गरेको पाइन्छ । पहिलो संविधान सभामा सबै भन्दा ठूलो शक्तिको रुपमा स्थापित पार्टी दोस्रो संविधान सभासम्म पुग्दा तेस्रो राजनीतिक शक्तिको रुपमा खुम्चिन पुगेको पाइन्छ । तर पनि संविधानसभाले नै नेपालको संविधान, २०७२ घोषणा गर्न पुग्यो । वर्तमान समयमा माओवादी पार्टी विभाजनसँगै एउटा शक्ति एकीकृत जन क्रान्ति मार्फत नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्ने बाटोमा लागेको छ भने प्रचण्ड नेतृत्वको माओवादी शक्ति संविधान कार्यान्वयनबाट नै सामाजिक समृद्धि हुने भन्दै संसदीय व्यवस्थालाई नै अंगीकार गरी अगाडि बढीरहेको छ ।

### ४.२.४ गणतन्त्र

संवैद्यानिक राजतन्त्र उल्लेख भएको २०४७ सालको 'नेपाल अधिराज्यको संविधान, २०४७' लाई अस्वीकार गर्दै जनयुद्धमा होमिएिको माओवादीले राजाको सक्रिय शासन व्यवस्थालाई त झनै स्वीकार गर्ने कुरै थिएन । नेपालबाट सामन्ती शाहवंशीय राजतन्त्रको ठाउँमा नयाँ जनवादी कार्यक्रम सहितको कम्युनिष्ट सत्ता स्थापना गर्ने महान उद्देश्य लिएर अति कठिन संघर्षको यात्रामा अगाडि बढेको माओवादी सशस्त्र विद्रोहले नेपालमा जर्बजस्त गणतन्त्रको बहसको उठान गर्न पुग्यो । सक्रिय राजतन्त्रको कारण संसदमा सहभागि राजनीतिक पार्टीहरु समेत संसदबाट बाहिर रहनुपरेको स्थिति र माओवादीको जनयुद्धको बढ्दो प्रभावका कारण पनि राजाको सक्रिय भूमिकाको विकल्प जनता र राजनीतिक पार्टी र विद्रोही शक्ति माओवादीको बीचमा भएको १२ बुँदे सम्झौताले नेपाली राजनीतिमा अर्कै मोड ल्याइदियो र १९ दिने जनआन्दोलन हुँदै 'जन्तरिम संविधान २०६३' जारी हुँदा सम्मत राजा शक्तिहिन बनिसकेका थिए । नेपालमा औपचारिक रुपमा गणतन्त्रको घोषणा नभए पनि १० वर्षे जनयुद्धको आडमा उभिएको दोस्रो जनआन्दोलनले अप्रासांगिक शक्तिहित बनाइएको राजतन्त्र विरुद्ध माओवादीले लगातार प्रहार गर्दै त्यसको समूल अन्त्यका लागि कडा विधि व्यवहार गर्न छोडेन । लगातार उसले राजतन्त्र विरुद्ध प्रहार गर्दै रहयो र सात दलको सरकारलाई राजतन्त्र अन्त्य गरी गणतन्त्रलाई संस्थागत गर्न चरणबद्ध दबाब दिँदै गयो । यस क्रममा २०६३ फागुण ३० गते संविधानको पहिलो र संविधान जारी भएको ६ महिना नबित्दै २०६४ जेठ ३० गते दोस्रो संशोधन मार्फत राजतन्त्रलाई संविधानत : नै निलम्बनको स्थितिमा पुऱ्यायो किनभने उक्त संशोधनमा राजाले संविधान सभाको चुनाव विथोल्न खोजेमा संसदको दुई तिहाई बहुमतले राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय गणतन्त्र घोषणा गर्ने गरी संविधानमा दोस्रो संशोधन गरियो (के.सी., २०६५: ३४९) ।

शान्ति प्रक्रियामा प्रवेश गरि सकेको माओवादीको सात राजनीतिक दलप्रतिको विश्वास अझै कायम भैसकेको थिएन । उसले पुर्नस्थापित प्रतिनिधि सभालाई रुपान्तरण गरी स्थापना गरेको अन्तरिम व्यवस्थापिका संसद समेत अवरुद्ध गऱ्यो । यस क्रममा

संविधानको तेस्रो संशोधन मार्फत धारा ५९ को उपधारा १ बमोजिम नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेको गणतन्त्रको कार्यान्वयन संविधानसभाको निर्वाचन भएपछि त्यसको बैठकबाट गर्ने पनि सहमति भयो (के.सी., २०६५: १५०) । तदनुरुप २०६४ चैत्र २८ गते सम्पन्न भएको संविधान सभाको निर्वाचन र २०६५ जेठ १५ मा सम्पन्न पहिलो बैठकले उक्त गणतन्त्र सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्दै नेपाललाई संघीय गणतन्त्रात्मक राज्य घोषण गरेपछि विधिवत रुपमा नेपाल गणतन्त्रतात्मक राज्यमा फेरियो । माओवादीले २०६२ को चुनुवाङ्को केन्द्रीय समिति बैठकबाट नै लोकतान्त्रिक गणतन्त्रको कार्यनीति पारित गरी १२ बुँदे हुँदै शान्तिप्रक्रियामा आएको देखिन्छ । माओवादी नेतृत्वले सात दल र माओवादी पार्टीबीचको सहमतिबाट आउने गणतन्त्रलाई 'संक्रमणकालीन गणतन्त्र' को अर्थमा पार्टी कार्यकर्तालाई प्रशिक्षण गरेर बुझाएको पाईन्छ भने चुनुवाङ बैठकले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनामा माओवादी आन्दोलन र विद्रोहको भूमिकालाई भने नकार्न सकिदैन ।

### ४.२.५ समावेशिता

कुनै समाज वा क्षेत्रमा हुने द्वन्द्वले आर्थिक क्षेत्रमा निकै प्रभाव पार्ने गर्दछ । नेपालको १० वर्ष भन्दा लामो माओवादी पार्टीको विद्रोहले देशका विभिन्न भूगोलमा छरिएर रहेका जातिजनजाति, दलित, महिला, अल्पसंख्यक, अपाङ्ग र पिछडिएका क्षेत्रका जनताहरुमा अधिकारप्रतिको सचेतना बढ्न पुगेका थियो । सबै पक्षहरु राज्य सञ्चालनको मूल प्रवाहमा आफ्नो वर्ग र समुदायको सहभागिताको सुनिश्चितको आधार खोज्नेसम्मको स्थितिमा पुगेको पाइन्छ भने माओवादीले सञ्चालन गरेका आधार क्षेत्रका जनसत्ताहरुमा त माओवादीले समानुपाति समावेशीताको आधारमा प्रतिनिधित्व गराई अभ्यास समेत गरेका थिए (बुढामगर, २०६६: १४०) । यसले जनतालाई राजनीतिक चेतना र अधिकारको प्राप्ति गर्ने दिशामा अगाडि बढायो । जब माओवादी पार्टी शान्ति प्रक्रियामा प्रवेश गर्‍यो, समानुपातिक समावेशिताको नाराले नेपाली राजनीतिमा नयाँ बहसको सृजना गर्‍यो । यसैको आधारमा अन्तरिम संविधानमा समेत स्थान लियो । राज्यका हरेक निकायहरुमा आरक्षणको माध्यमबाट

भएपनि समावेशी सहभागिताको सुनिश्चितता हुन पुग्यो । २०६४ को संविधान सभा निर्वाचनमा पनि राजनीतिक पार्टीहरुले समानुपातिक प्रतिनिधित्व मार्फत जनजाति, महिला, अल्पसंख्यक, दलित, आपाङ्ग र पिछ्डिएका क्षेत्रका व्यक्तिहरुलाई संविधान सभा सदस्यको रुपमा प्रवेश गराएका थिए भने संविधान सभाको दोस्रो निर्वाचनमा समेत यो व्यवस्थालाई नै कार्यान्वयन गरिएको थियो । समानुपातिक समावेशिताको पूर्ण कार्यान्वयन हुन नसके पनि यसले प्रतिनिधि कार्यमा भने सकारात्मक भूमिका नै निर्वाह गरेको छ । संविधान सभाबाट संविधान निर्माण, संविधानमा समाहित अन्तरवस्तु र स्थानीय निकायको निर्वाचनको प्रतिनिधिहरुको व्यवस्थाले पनि कुनै न कुनै रुपमा हिजको माओवादी विद्रोहले उठान गरेका मुद्दाहरुलई नै सम्बोधन गरेको भनेर दाबी समेत गर्ने गरिन्छ । जातिय समस्याहरुको अझै पनि हल भइसकेको छैन । मधेसी समुदाय, जनजाति समुदाय लगायतका अन्य पक्षहरु पनि आन्दोलनमा नै छन् तर आजसम्म संस्थागत भएका उपलब्धीहरु भने माओवादी आन्दोलन कै मुख्य देन हो भन्न सकिन्छ । नेपालमा भएको अभूतपूर्व जातीय जागरण जसले जातीय मुक्ति, स्वतन्त्रता र अधिकारका कयौं नयाँ बहस सृजना गऱ्यो । जनयुद्ध यसको धाई आमाको रुपमा सावित भएको छ (विप्लव, २०७३: ५२) ।

आज देशको सर्वोच्च अंगहरुमा महिला, जनजाति, मधेसी, दलित आदि समुदायबाट नेतृत्व समेत गरिसकेको स्थितिमा माओवादी आन्दोलनले प्रतिनिधि पात्रकै रुपमा भएपनि यो उपलब्धी हासिल गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्यलाई सकारात्मक नै मान्न सकिन्छ ।

### ४.२.६ संघीयता

नेपाल लामो समयदेखि एकात्मक र केन्द्रीकृत राज्यको रुपमा रहदै आएको थियो । राजतन्त्र र एकात्मक शासनको विरुद्ध हतियार उठाएको नेकपा (माओवादी)ले जर्बजस्त देशलाई संघीयताको बहसमा धकेलिदियो भने मधेस आन्दोलनले झनै यसलाई अन्तरिम संविधानमा नै संशोधन गरि लिपिबद्ध गर्ने स्थितिसम्म पुऱ्याएको थियो । माओवादी पार्टीले आफ्नो युद्ध कालमा नै नेपालको भूगोललाई मगरात, तमुवान, ताम्सालिङ, किराँत, थारुवान, मधेस, भेरी, कर्णाली, सेती-महाकाली स्वायत्त जनसरकार

घोषणा गरी संघीय शासनको अभ्यास गरेको पाइन्छ (थापा, २०७३: १२४) । यसले पनि माओवादी पार्टीले केन्द्रिकृत राज्यव्यवस्थालाई स्वायत्तता सहित प्रादेशिक विभाजनमा लैजान चाहेको प्रष्ट हुन्छ । तत्कालीन अवस्थामा मुलुकका प्रभावकारी शक्तिको रुपमा रहेका नेपाली काङ्ग्रेस र नेकपा एमाले संघीयताको विषयमा सकारात्मक नभए पनि माओवादी विद्रोहको राय, मधेस आन्दोलन र जनतामा आएकै राजनीति चेतनाले उनीहरुलाई संघीयतामा सहमत हुनुपर्ने बाध्यात्मक अवस्था सृजना भयो । अहिले संविधानसभाबाट संविधान जारी भई देशलाई सात वटा प्रदेशमा विभाजन गरेको छ (नेपालको संविधान, २०७२, अनुसूचि:४) माओवादीले भनेजस्तो पहिचान र आत्मनिर्णयको अधिकार सहितको संघीय खाका लागु नभए पनि प्रदेश नं.१ देखि प्रदेश नं.७ सम्म गरी सात वटा प्रदेश सहित देश संघीयताको कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । माओवादी पार्टीमा आएको विभाजनको श्रृखलाका क्रममा यसको एउटा शक्ति संविधान सभा र स्थानीय चुनावको बहिस्कार र खारेजीको अभियानमा लाग्दै अहिले पनि आफ्ना जनपरिषदहरुलाई प्रदेशको समानान्तर रुपमा सक्रिय पार्न अगाडि बढीरहेको छ । माओवादीको विभाजन भएपनि, माओवादी आन्दोलन सहमतिमा टुङ्गिए पनि आज देश संघीयताको कार्यान्वयनको अवस्थामा आउनुलाई माओवादीको सशस्त्र विद्रोहले नै जग बसालेको थियो र माओवादी आन्दोलनमा उठान भएका मुद्दाको भूमिकालाई महत्त्वका साथ हेर्न सकिन्छ ।

### ४.२.७ धर्मनिरपेक्षता

विश्वको एउटै मात्र हिन्दु राज्य नेपाललाई धर्मनिरपेक्ष बनाउनुपर्छ भन्ने पहिलो पार्टी नेकपा (माओवादी) नै हो । नेपाल भित्रका अन्य धर्मवलम्बीहरुले हिन्दु राज्य भित्र आफ्नो सम्मानमा असहजता महशुस गरिरहेको अवस्थामा माओवादी पार्टीको खुला/चुनावी मोर्चा 'संयुक्त जनमोर्चा नेपाल'ले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको ४० बुँदे माग मध्येको एउटा माग धर्मनिरपेक्षता पनि हो । मागपत्रको १८ नं. बुँदामा जनतन्त्रसँग सम्बन्धित रहेर 'नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरिनुपर्छ' भनेर उल्लेख गरिएको छ (पन्थी, २०६९: १४) । माओवादीको यो एजेण्डा दोस्रो जनआन्दोलनसम्म पुग्दा अन्य राजनीतिक पार्टी र जनजातिहरुको पनि साझा मुद्दा

बन्न पुग्यो । प्रतिनिधि सभाको पुर्नस्थापना भएपछि २०६३, जेठ ४ मा औपचारिक रुपमा प्रतिनिधिसभाले नेपाललाई धर्मनिरपेक्ष घोषित गऱ्यो भने अन्तरिम संविधानमा लिपिबद्ध समेत भयो । संविधानसभाबाट संविधान निर्माण गर्ने सन्दर्भमा नेपाललाई हिन्दु राज्य नै बनाउनुपर्छ भन्ने मुख्य माग सहित राप्रपा नेपालले बहस अगाडि ल्याए पनि २०७२ असोज ३ मा जारी भएको 'नेपालको संविधान, २०७२' ले पनि नेपाललाई धर्मनिरपेक्ष' राज्यको रुपमा स्विकार गरेको छ । साथै सम्बन्धित धाराको स्पष्टीकरणमा भने सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता भनेर सम्झनुपदर्छ भन्ने उल्लेख गरिएको छ (नेपालको संविधान, २०७२ धारा:४) । यसरी हेर्दा माओवादी जनयुद्धले नेपालमा धर्मनिरपेक्षताको कार्यान्वयन सम्म पुग्दा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो भनेर भन्दा अतिशयोक्ति हुँदैन ।

### ४.२.८ संविधान कार्यान्वयनमा चुनौति

नेपालमा माओवादीद्वारा सञ्चालित १० वर्षे जनयुद्ध, बाह्रबुँदे समझदारी, दोस्रो जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, संविधानसभाबाट संविधान जारी एक आपसमा जोडिएका शृङ्खलाहरु हुन् । अन्तरिमकाल अथवा संक्रमणकालीन अवस्थामा राजनीतिक शक्तिहरुले अन्तरिम संविधानको निर्माण गरी त्यसलाई आवश्यकता अनुसार संशोधन गर्दै राज्य सञ्चालन गरिरहेको थिए तर संविधानसभाको निर्वाचन, त्यसको असफलता, फेरी संविधान सभाको निर्वाचन गरी हाल संविधानसभाबाट संविधान जारी भएको अवस्था छ । संविधान सभाको दोस्रो निर्वाचनमा मोहन वैद्य 'किरण', नेत्रविक्रम चन्द 'विप्लव' जस्ता जनयुद्धमा महत्वपूर्ण निर्वाह गरेका व्यक्तिहरु र उनीहरुका पार्टीहरु सहभागि नभएपनि पुष्पकमल दाहाल 'प्रचण्ड', बाबुराम भट्टराईहरु भने सहभागी भए । जनयुद्ध लडेको एउटा शक्ति आजको दिनसम्म पनि संविधानसभाको दोस्रो निर्वाचन लगायत राज्यका अन्य प्रक्रियाहरुबाट बाहिर नै छन् । तर प्रचण्ड, बाबुरामको मुख्य सक्रियतामा नेपालमा संविधानसभाबाट संविधान जारी भई आवश्यकता अनुसार कार्यान्वयनको चरणमा समेत प्रवेश गरेको छ । भन्नत नेपालका आफूलाई लोकतान्त्रिक कम्युनिष्ट शक्ति भन्न रुचाउने नेकपा एमाले, माओवादी केन्द्र र अन्य साना वामपन्थी पार्टीहरुले समाजवाद उन्मुख संविधान

भनेर गर्व गर्ने गरेको पनि पाइन्छ तर संविधानसभाबाट जारी भएको संविधान विभिन्न राजनीतिक विचारसहित बहुदलीय प्रजातन्त्रलाई स्वीकार गर्ने एउटै प्रणाली भित्रका राजनीतिक शक्तिहरुबीचको सम्झौताको दस्तावेज हो (विप्लव, २०७३:२७) । संविधानको जारी सँगै नेपालमा संक्रमणकालको अन्त्य भयो भनेर भनिएता पनि विगत १०/१२ वर्ष देखि यताको राज्य र जनताको परिस्थितिमा भने पटक्कै परिवर्तन भएको देखिदैन । संविधानमा समावेश संघीयता, धर्मनिरपेक्षता, गणतन्त्र, समावेशीता, समानुपातिक प्रतिनिधित्व जस्ता धेरै अन्र्तवस्तुहरु माओवादी जनयुद्धले नै उठाएका मुद्दाहरु हुन् । तर यी पक्षहरु कार्यान्वयनको स्थितिमा गई सकेपछि पनि संविधानबाट सिङ्गो देश एकताबद्ध हुन सकेको छैन । जनयुद्धकै कमाण्डरहरु मोहन वैद्य 'किरण', नेत्रविक्रम चन्द 'विप्लव' जस्ता पात्रहरु संसदीय व्यवस्था नै नमान्ने भनेर राजनीतिक शक्ति निर्माण गरि एउटा छुट्टै धारको नेतृत्व गरेर अघि बढिरहेका कारण संविधानको पूर्ण कार्यान्वयनमा भने शंकासँगै चुनौति पनि छ ।

## ४.३ माओवादी आन्दोलनको वर्तमान अवस्था

२०४८ सालमा नेकपा मशाल, नेकपा(विद्रोही मसाल), सर्वहारावादी श्रमिक संगठन, चौथो महाधिवेशन (चौम) जस्ता भिन्नाभिन्नै समूहको एकिकरण पश्चात 'नेकपा एकता केन्द्र' को गठन हुन पुग्यो । पार्टी एकिकरणसँगै भावि कार्यदिशा कस्तो हुने भन्ने विषयमा वादविवाद पनि सतहमा आउँदा लामो समयसम्म पार्टी एक रहिरहन सकेन । २०५१ सालमा पुग्दा पूर्व 'मशाल' पक्ष र पूर्व 'चौम' समूहबीच चर्को वादविवाद भएपछि पार्टी विभाजन भयो । पूर्व चौम पक्षधरहरु संसदीय घेराभित्रैबाट कम्युनिष्ट क्रान्तिका कुरा गर्न थाले भने पूर्व मशाल पक्षधरहरु चाहि नेकपा ( माओवादी)को नाममा जनयुद्धमा प्रवेश गऱ्यो (के.सी.,२०६५:२०३) । यसरी एकता केन्द्रको विभाजनसँगै नेकपा (माओवादी)को उदय भयो । माओवादीले २०५२ फागुन १ गतेबाट औपचारिक रुपमा जनयुद्धको घोषणा गरी दीर्घकालीन जनयुद्धको नीतिबाट राज्यसत्ता कब्जा गर्ने भन्दै संसदीय व्यवस्था र राजतन्त्रको विरुद्ध हतियार लिई आन्दोलनलाई अगाडि बढायो । माओवादीले जनयुद्ध घोषणा पूर्व जनजीविका, जनतन्त्र र राष्ट्रिय स्वाधिनतासँग सम्बन्धित ४० सुत्रे माग तत्कालीन प्रधानमन्त्री शेरबहादुर

देउवालाई समेत बुझाएको थियो । माओवादी विद्रोह २०५२ फागुन १ देखि २०६३ मंसिर ५ को दलहरुबीचको विस्तृत शान्ति सम्झौता हुनुभन्दा अगाडिसम्म चल्यो । माओवादीले आफूलाई संसदीय पार्टीहरुको विकल्पको शक्तिका रुपमा समेत उभ्याउन सफल भएको थियो भने निरङकुश राजतन्त्रको विरुद्धमा लड्न सक्ने एकमात्र शक्तिको रुपमा स्थापित गराएको थियो । माओवादीले १० वर्षे जनयुद्धकालमा समानान्तर सेनाका रुपमा सात डिभिजनसम्मको जनमुक्ति सेनाको गठन र विस्तार गरेका थिए । त्यस्तै न्यायालयका रुपमा जनअदालतहरु गठन गरेका थिए । माओवादीले रुकुम, रोल्पा र सल्यानलाई त मुख्य आधार क्षेत्र घोषण गरेर नै आफ्ना जनसत्ता र जनअदालतको प्रभाव समेत पारेर अभ्यास गरेको पाइन्छ । तर १२ बुदें दिल्ली सहमतिको आधारमा भएको दोस्रो जनआन्दोलन र २०६३ मंसिर ५ को विस्तृत शान्ति सम्झौतासँगै शान्तिप्रक्रियामा माओवादी पार्टी प्रवेश गरिसकेपछि भने माओवादी आन्दोलनले नै नयाँ मोड लिन पुग्यो । माओवादी पार्टी भित्र नयाँ कार्यदिशालाई लिएर बादविवाद उत्पन्न हुन पुग्यो । संविधान सभालाई कार्यनितिक नारा की रणनीतिक नाराका रुपमा लिने भन्ने विवादहरु समेत सतहमा देखिन थाले । जनयुद्ध कै समयमा पनि नेतृत्व, कार्यदिशा, संगठन र जिम्मेवारी जस्ता पक्षहरुमा वादविवाद त हुने गरेको पाइन्छ तर शान्ति प्रक्रियामा सामेल भई अन्तरिम विधायिका, अन्तरिम सरकार र संविधानसभामा सहभागि हुँदा सम्म त विवादहरु नयाँ-नयाँ रुपमा विकास भई संविधानसभाको विघटनसँगै पार्टी फुटसम्मको स्थितिमा पुग्यो । माओवादीले जनयुद्ध घोषणा देखि शान्तिप्रक्रियामा सामेल भई सकेपछि समेत विभिन्न कार्यनीतिक नाराका आधारमा संगठन र कार्यकर्ताहरुलाई एकताबद्ध गर्दै आएका थिए (२०५२ देखि २०६७ सम्मको मुख्य कार्यनीतिक नारालाई परिशिष्ट ३ मा उल्लेख गरिएको छ ) । तर नारा र कार्यशैली बिचको अन्तर, कार्यकर्ताको असन्तुष्टि, सम्झौतावादी कर्यादिशा जस्ता कारणहरुले गर्दा पार्टी अस्थ-व्यस्थ भई दुई लाइन संघर्षको नाममा छुट्टै गुटको भेला र बैठक हुँदै विभिन्न समूहमा विभाजन हुन पुग्यो । शान्तिप्रक्रियामा सहभागिता भएसँगै र पहिलो संविधानसभाको अवधि, संविधानसभाको विघटनसम्म आउँदा माओवादी पार्टी ए.ने.क.पा.(माओवादी), नेकपा-माओवादी, क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेकपा(माओवादी) जस्ता नाममा चार पाँचवटा घटकमा विभाजित हुन पुग्यो ।

संविधानसभाबाट संविधान जारी भएसँगै एमाओवादीबाटै छुट्टिएर डा.बाबुराम भट्टराईले नयाँ शक्ति पार्टी नेपालको गठन समेत गरेका छन् । वर्तमान समयमा आइपुग्दा संसदीय व्यवस्था मान्ने र नमान्नेहरुको माआवोदी शक्तिहरुको बीचमा भने ध्रुविकरण भैरहेको छ ।

### ४.३.१ हाल अस्तित्वमा रहेका माओवादी पार्टीहरु

**नेकपा (माओवादी केन्द्र)**

नेपालमा नेकपा (माओवादी) को नेतृत्वमा २०५२ फागुन १ देखि १० वर्षसम्म जनयुद्ध चल्यो । यसको प्रमुख नेतृत्व पुष्पकमल दाहाल 'प्रचण्ड'ले गरेका थिए भने मोहन वैद्य, बाबुराम भट्टराई, राम ब. थापा 'बादल', जस्ता नेताहरु पनि प्रमुख भूमिकामा नै थिए । १२ बुँदे दिल्ली सम्झौता, दोस्रो जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, अन्तरिम सरकार हुँदै पहिलो संविधान सभाको निर्वाचन पछि भने नेकपा ( माओवादी) पार्टी र नारायणकाजी श्रेष्ठ 'प्रकाश'को नेतृत्वमा रहेको नेकपा एकता केन्द्र-मसाल बीच पार्टी एकीकरण भएपछि एकृकित नेकपा (माओवादी) बन्यो भने यस पार्टीको विभाजनसँगै मातृका यादवको नेतृत्वमा नेकपा (माओवादी), मोहन वैद्यको नेतृत्वमा नेकपा माओवादी, बाबुराम भट्टराईको नेतृत्वमा नयाँशक्ति नेपाल जस्ता पार्टीहरु बन्न पुगे । पार्टी विभाजन भएसँगै त्यसका प्रभावहरु पार्टीको आन्तरिक जीवन र सिङगो राजनीतिमा पर्नु स्वाभाविकै हो । यसको प्रत्यक्ष प्रभाव एकीकृत (माओवादी) को संविधानसभाको दोस्रो निर्वाचनमा पराजय हुनु पनि हो । यसरी आफ्नो प्रभाव गुमाउँदै गएको एकीकृत (माओवादी)ले वि.सं.२०७३ जेठ ६ गते काठमाडौंमा राम बहादुर थापा 'बादल' को क्रान्तिकारी माओवादीबाट विद्रोह गरेको समूह मातृका यादव, वसन्त घर्तीमगर, तिलक परिवारको गौरवशाली पार्टी नेपाल, नयाँशक्ति नेपालको विद्रोही समूह, वामपन्थी एकता मञ्च र जयपुरी घर्तीको समूहबीच विधिवत रुपमा एकता भई नेकपा (माओवादी केन्द्र) गठन गर्न पुगेको देखिन्छ (नागरिक दैनिक, २०७३ जेठ ७) ।

हाल पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेतृत्व गरिरहेका नेकपा (माओवादी केन्द) एक संसदवादी पार्टी कै रुपमा बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरी दुई पटकसम्म

सरकारको नेतृत्व समेत गर्न पुगिसकेको छ भने स्थानीय निकायको निर्वाचन (२०७४) मा पराजय भएसँगै वाम गठबन्धनको निर्माण गर्दै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन पछि नेकपा एमालेसँग पार्टी एकीकरण गर्ने निर्णयमा समेत पुगिसकेको छ । मूलत : यो पार्टी अहिलेको सरकारी संयन्त्र, संवैधानिक व्यवस्था, बहुदलीय र संसदीय प्रजातान्त्रिक प्रतिस्पर्धाबाट नै समाजवादमा पुग्ने कार्यनीति अंगिकार गरिरहेको पाइन्छ ।

**नेकपा (माओवादी)**

एकृकीत नेकपा (माओवादी)बाट विभाजन भएर तत्कालीन माओवादी उपाध्यक्ष मोहन वैद्य 'किरण'को नेतृत्वमा नेकपा-माओवादी गठन भयो । यो पार्टी पनि नेत्र विक्रम चन्द 'विप्लव' को नेतृत्वमा विभाजन भएपछि परि थापाले नेतृत्व गरेको नेकपा संयुक्तसँग पार्टी एकीकरण भएपश्चात नेकपा माओवादी (क्रान्तिकारी) नामकरण हुँदै हाल फेरी क्रान्तिकारी हटाएर नेकपा माओवादी कै नाम रहेको पाइन्छ । रामबहादुर थापा (वादल), देव गुरुङ, पम्फा भूषाल जस्ता नेताहरु प्रचण्डले नेतृत्व गरेको पार्टीमा समावेश भई माओवादी केन्द्रमा रहि आएको छ । दोस्रो संविधान सभा निर्वाचनमा बहिस्कारको नीति लिएको यो पार्टी विप्लवले अर्को पार्टी गठन गरेपछि भने स्थानीय निकायको निर्वाचनमा सहभागि भयो भने मतपरिणाममा शून्य प्राय नै रहन पुग्यो । प्रदेश र प्रतिनिधिसभाको निर्वाचनलाई पनि उपयोग गर्ने नीति लिएको यो पार्टी मूलत यो राजनीतिक व्यवस्थाको प्रतिपक्षको रुपमा वकालत गरिरहेको जस्तो देखिन्छ । नेपालमा अझै सशस्त्र संघर्षको आवश्यकता ठान्ने नेकपा माओवादीको नेतृत्व र पार्टी 'निर्वाचनलाई उपयोग मात्र गर्छ की त्यही गएर फस्छ ?' भन्ने प्रश्न आम राजनीतिज्ञ र जनताको जिज्ञासाको विषय बनिरहेको छ ।

**नयाँ शक्ति पार्टी नेपाल**

तत्कालिन एकृकीत नेकपा (माओवादी)का वरिष्ठ नेता डा.बाबुराम भट्टराईको नेतृत्वमा गठित नयाँ शक्ति पार्टीको मुख्य लक्ष्य आर्थिक क्रान्तिमार्फत नेपालको समृद्धि हो । पुरानो पार्टीमा बसेर नयाँ शक्ति निर्माण नहुने भन्दै संविधानसभाबाट संविधान घोषणा गरे लगत्तै नयाँ शक्ति निर्माणका लागि पार्टी र व्यवस्थापिका संसदको सदस्यबाट

राजीनामा गरेका बाबुराम भट्टराई नयाँ शक्ति पार्टी गठन गरि हालसम्म पनि नेतृत्व गरिरहेका छन् । 'नयाँ शक्ति पार्टी नेपाल' र यसको नेतृत्व नेपालमा बामलोकतान्त्रिक शक्तिको आवश्यकता ठान्दछ । जसले गरेपनि देश र जनताको आर्थिक समृद्धि गरे हुन्छ भन्ने जस्तो मान्यता बोक्ने यो शक्ति खुला अर्थतन्त्र र उदारीकरणको पक्षमा नै वकालत गरिरहेको छ । कम्युनिष्ट पृष्ठभूमिमा जन्मेको नेतृत्वले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको माग राखिराखे पनि यसले मूलतः वर्तमान व्यवस्था र प्रक्रियालाई अंगिकार गरिरहेको पाइन्छ । यो पार्टीले पनि निर्वाचनको विकल्प नरहेको भन्दै स्थानीय निर्वाचनमा सहभागि भयो भने जम्मा २ सीटमा मात्र विजय हुन पुग्यो भने प्रतिनिधिसभाको निर्वाचनमा १ सिट मात्र प्राप्त गर्न सफल भयो तर वर्तमान संवैधानिक व्यवस्था अनुरुप ३% को थ्रेसहोल्ड पुरा गर्न नसक्दा राष्ट्रिय पार्टी भने बन्न सकेन । मार्क्सवादको आधारभूत पक्षलाई आत्मसाथ गर्ने भनिएता पनि मार्क्सवादलाई पुरानो दर्शन भन्दै यो पार्टीले बल प्रयोगको सिद्धान्त, वर्ग संघर्ष जस्ता पक्षलाई भने आफ्नो नीतिमा प्रस्तुत गरेको पाइदैन । पुँजीवाद र समाजवादका राम्राराम्रा पक्षलाई लिएर मिश्रीत नीति लिने गरेको त होइन भन्ने जस्ता प्रश्नहरु पनि समाजमा नउब्जिएका भने होइनन् । कहिले मधेसवादी दलसँग तालमेल गर्ने, कहिले बामगठनबन्धनमा सहभागि हुने, बाहिरिने गरेको नयाँ शक्ति हाल प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनमा भने नेपाली काँङग्रेससँग चुनावी तालमेल गरी प्रतिस्पर्धामा उभिएको छ । दश वर्षे माओवादी जनयुद्धका एक चर्चित कमाण्डर, नेताले नेतृत्व गरेको पार्टीको सैद्धान्तिक धारालतको विषयमा भने आम जनता अन्यौलमा नै देखिन्छ ।

## नेपाल कम्युनिष्ट पार्टी

नेत्र विक्रम चन्द 'विपल्व'ले नेतृत्व गरिरहेको पार्टी नै नेपाल कम्युनिष्ट पार्टी हो । मोहन वैद्य 'किरण' प्रचण्डबाट छुट्टिएर नेकपा-माओवादी गठनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका विपल्व मोहन वैद्य 'किरण'ले पनि स्पष्ट कार्यदिशा ल्याउन नसकी अर्कमण्यतामा पार्टीलाई फसाएको भन्दै २०७१ मंसिर ८ मा छुट्टै पार्टी निर्माण गर्न पुगेको देखिन्छ । माओवादी जनयुद्ध कै एक यूवा कमाण्डर विप्लव माओवादी भित्रकै

प्रतिपक्ष थिए भन्ने पनि गरिन्छ । हालै २०७३ फागुनमा रोल्पाको थबाङमा आठौं महाधिवेशनको बन्द सत्र सम्पन्न गरेका विप्लवले नेपालको लागि अब दीर्घकालीन जनयुद्ध पनि सहि नहुने, सशस्त्र शहरी विद्रोह पनि वस्तुवादी नहुने भन्दै जनयुद्ध कै निरन्तरतामा 'एकीकृत जनक्रान्ति'को कार्यदिशा प्रस्तुत गरेका थिए भने महाधिवेशनले अबको क्रान्तिको कार्यदिशाको रुपमा 'एकीकृत जनक्रान्ति' लाई नै पास गरेको पाइन्छ (नेपाल कम्युनिष्ट पार्टीको आठौं महाधिवेशनबाट पारित दस्तावेज, २०७३) । नेपालमा संसदीय व्यवस्था असफल भएको भन्दै यसका सबै संयन्त्रलाई अस्वीकार गरी संविधानसभा, संविधान, स्थानीय निकायको निर्वाचन समेत बहिस्कार गरेको नेपाल कम्युनिष्ट पार्टीले प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन समेत खारेजी हुनुपर्ने माग राख्दै सशक्त बहिस्कारको नीति अवलम्बन गर्‍यो । समानान्तर सत्ता, समानान्तर संविधान, जनअदालत जस्ता संयन्त्रहरुलाई पनि नेपाल कम्युनिष्ट पार्टीले सक्रिय पार्ने बताउँदै आएको पाइन्छ भने कतिपय स्थानमा घटेका घटनाहरुले त नेकपा हिजोको जनयुद्धकालीन संरचनामा त जाँदै छैन भन्ने खुलदूली समेत हुने गरेको पाईन्छ । नेपाल कम्युनिष्ट पार्टीले बाबुराम भट्टराईलाई विसर्जनवादी, प्रचण्डलाई संशोधनवादी र मोहन वैद्यलाई अर्कमण्यतावादी भन्दै सबैलाई संसदीय व्यवस्थासँग झुकेको आरोप लगाउँदै आएको पाइन्छ (नेकपाको आठौ महाअधिवेशनबाट पारित दस्तावेज, २०७३) । नेकपाले वृहत जनप्रदर्शन, कोणसभा जस्ता प्रचारप्रसारका कामलाई पनि वैद्यानिक ढङ्गबाट सञ्चालन गरिरहेको पाइन्छ भने संवैद्यानिक अंगका पूर्वपदाधिकारी लोकमानसिंह कार्कीलाई कालो मोसो दल्ने, भ्रष्ट कर्मचारीहरुलाई कालो मोसो दल्ने, एनसेलको टावरमाथि आक्रमण गर्ने, जग्गा कब्जा गर्ने जस्ता गतिविधिहरु पनि गरिरहेको पाइन्छ भने हाल आएर **'भ्रष्टचारीहरुको सम्पत्तिलाई राष्ट्रियकरण गरौं'** भन्ने नारा समेत नेपाल कम्युनिष्ट पार्टीले उठाएको पाइन्छ । दलाल पूँजीवाद र संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद र त्यसको मार्ग 'एकीकृत जनक्रान्ति' को नारा अघि सार्दै वर्तमान राजनीतिक परिस्थतिको विपरीत ध्रुवमा उभिएको नेकपाका सामू चुनौति भने प्रशस्तै रहेका छन् ।

माओवादी पार्टीहरुको निर्माण र विघटन हुने क्रम जारी रहेपनि जनयुद्धको मूल नेतृत्व हाल नेकपा एमालेसँग पार्टी एकीकरण गर्ने निर्णयमा पुगिसकेको छ भने, अर्का नेता

मोहन वैद्य सम्बद्ध दलले क्रान्ति आवश्यक छ तर परिस्थिति अनुकुल छैन भन्दै चुनावको उपयोग गर्ने नीति लिन पुगेको छ । त्यस्तै अर्का वरिष्ठ नेता डा.बाबुराम भट्टराई संविधानसभाबाट गणतन्त्र र संविधान घोषणा भईसकेपछि पुरानो शक्ति माओवादीको आवश्यकता नभएको भन्दै नयाँ परिस्थतिमा नयाँ पार्टी गठन गर्ने भनेर नयाँ शक्ति पार्टी गठन गर्न पुगेको छ । यता नेत्र विक्रम चन्द 'विप्लव' भने हिजो जयनुद्ध सुरु गर्दाका आधारभूत कुराहरु अझै पूरा भएका छैनन्, समस्याहरु झनै नयाँ रुपमा विकास भएका छन्, संसदीय व्यवस्था र भूमिको समस्या तथा वर्ग विभेद कायमै छन् भन्दै राष्ट्रिय स्वाधिनता सहितको वर्ग संघर्षको उठान गर्ने भन्दै संघर्षको बाटोमा नै रहेको देखिन्छ । यसरी हेर्दा माओवादी आन्दोलन हिजोको जस्तो संगठित र एकीकृत त देखिदैन तर विभिन्न धारा र विचारहरुमा भने अभिव्यक्त भई नै रहेको छ । माओवादी जनयुद्धको नेतृत्व हिजको परिस्थतिमा जसले गरेको भएता पनि माओवादी आन्दोलनले उठाएको मूल एजेण्डा हाल नेकपाले नै आत्मसाथ गरेको पाइन्छ । यसको निचोड कसरी र कहिले निस्कन्छ भन्ने विषय सायद बहसको भन्दा पनि प्रतिक्षाको नै हुने देखिन्छ ।

अन्त्यमा, माओवादी सशस्त्र जनयुद्धले नेपालको सिङ्गो राजनीति, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक क्षेत्रमा प्रभाव पार्‍यो । देशको भौतिक संरचना र विकास निर्माणका गतिविधिहरुमा मन्दता आएको थियो भने आमजनताको मनोविज्ञानमा समेत नकारात्मक प्रभाव पारेको थियो । यस अवधिमा प्राकृतिक स्रोत साधनको अव्यवस्थित दोहन समेत भएको पाइन्छ । माओवादी सशस्त्र जनयुद्धले ठूलाठूला मानवीय र भौतिक क्षतिका बीचबाट नेपाललाई गणतान्त्रिक राज्यका रुपमा स्थापना गर्ने, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, जनतामा राजनीतिक चेतनाको विस्तार, राज्यको पुर्नसंरचनाका रुपमा संघीयता जस्ता मुद्धाहरुलाई संस्थागत गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । माओवादी पार्टी शान्ति प्रक्रियामा प्रवेश गरेसँगै शान्ति र संविधान निर्माण प्रक्रियामा पार्टीभित्र मतैक्यता नभएपछि जनयुद्धमा एकताबद्ध भएको माओवादी आन्दोलन अहिले विघटन र विभाजनको स्थितिमा रहेको छ । जनयुद्धको मुख्य नेतृत्व संविधानसभाबाट संविधान निर्माणसँगै संसदीय प्रतिस्थपर्धात्मक राजनीतिमा रहेको छ भने केही दोस्रो पुस्ताका नेताहरु सात राजनीतिक पार्टी र पार्टी नेतृत्वले धोका दिएको

भन्दै संसदीय व्यवस्थाका सबै प्रक्रियाहरु अस्वीकार गर्दै फेरी राजनीतिक क्रान्तिको आवश्यकता ठहर गर्दै अगाडि बढी रहेको पाइन्छ । यसरी दुई माओवादी आन्दोलनले राष्ट्रिय राजनीतिमा दुरगामी प्रभाव पारेको तथ्यका बाबजुत प्राप्त उपलब्धीको सम्वर्द्धन गर्ने कार्यमा भने समग्र पार्टी सिंगो रुपमा अगाडि बढ्न सकेको पाइदैन । पछिल्लो समयमा राष्ट्रिय राजनीतिमा आएको परिवर्तनले माओवादी आन्दोलको मुख्य संसदीय धार नेकपा (माओवादी केन्द्र) कम्युनिष्ट आन्दोलनको मुल संसदिय धार नेकपा (एमाले)मा एकिकरण हुने सन्दर्भ चलिरहेको छ भने माओवादीकै क्रान्तिकारी धारले प्राप्त उपलब्धिहरूलाई अपूर्ण मान्दै पूर्ण लोकतन्त्रको स्थापनाका लागि थप क्रान्तिको मार्गमा अगाडि बढीरहेको छ ।

# परिच्छेद - पाँच
# निश्कर्ष

## ५.१ उपसंहार

नेपालको राजनीतिमा सत्ता परिवर्तनको क्रममा विभिन्न कालखण्डहरुमा सशस्त्र द्वन्द्व वा विद्रोहले स्थान लिएको पाइन्छ । ती विद्रोह हतियारबद्ध भएतापनि मुख्यतः राजनीतिक उद्देश्यसँगै जोडिएको पाइन्छ । राजनीतिक सत्ता, शक्ति र प्रतिष्ठालाई नै केन्द्रमा राखेर एक व्यवस्थाबाट अर्को व्यवस्थामा रुपान्तरण वा व्यवस्था र संयन्त्रहरु परिवर्तनको लागि बल प्रयोगलाई अंगिकार गर्ने गरेको देखिन्छ ।

वि.सं. १९०३ असोज २ मा कोतपर्व घटना भएपछि सुरु भएको जहानियाँ राणाशासनको विरुद्धमा समय-समयमा संगठित वा असंगठित विद्रोहरु भएकै थिए तर १९९३ सालमा प्रजापरिषद्को गठनसँगै यूवाहरुले संगठित आन्दोलनको सुरुवात गरेका थिए । यसै क्रममा १९९७ सालमा राणाहरुले गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्री जस्ता यूवाहरुलाई मृत्युदण्ड दिएको थियो । राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाको लागि नेपाली काँङ्ग्रेसको नेतृत्वमा २००७ सालमा ठूलो आन्दोलन भएको पाइन्छ । नेपाली काँङ्ग्रेसले 'मुक्ति सेना' गठन गरेर राणाहरुका विरुद्ध सशस्त्र विद्रोह गरेको थियो भने मुक्ति सेनाको बलमा नै तत्कालीन सरकारका स्थानीय र क्षेत्रीय कार्यालयहरु तथा संयन्त्रहरु कब्जा गर्दै प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाएको पाइन्छ । यसरी आन्दोलनलाई सशस्त्र बनाएर नेपालमा २००७ सालमा मुख्यतः नेपाली काँङ्ग्रेसको नेतृत्वमा प्रजातन्त्रको स्थापना भएको थियो । १०४ वर्षसम्म एकछत्र राज गरेको निरङ्कुश जहाँनिया राणाशासन २००७ सालको क्रान्तिसँगै अन्त्य भएपनि फेरी २०१७ साल पुष १ गते राजा महेन्द्रले दलविहिन पञ्चायत व्यवस्था लागु गरेर दलहरुमाथि प्रतिबन्ध लगाए । फेरी नेपालका कम्युनिष्ट र प्रजातान्त्रिक विचार बोकेका पार्टीहरु, भूमिगत भएर पञ्चायतव्यवस्था विरोधि गतिविधिहरुलाई अगाडि बढाउन बाध्य भए ।

यसै क्रममा २०२८ सालमा पूर्वका कम्युनिष्ट यूवाहरुले 'वर्ग शत्रु खतम' अभियान चलाउन पुगे । जसलाई 'झापा विद्रोह' भनेर चिनिने गरिन्छ । सुखानी हत्याकाण्ड जस्ता प्रख्यात घटना पनि यसै समयमा भएको पाइन्छ । पञ्चायती व्यवस्थाले सबै राजनीतिक, विचार र पार्टीहरु माथि प्रतिबन्ध लगाए पनि राजनीतिक गतिविधिलाई दलहरुले भूमिगत ढङ्गले संगठित गर्दै पञ्चायत विरुद्ध संघर्ष गर्दै रहे । यसै क्रममा २०३५ सालको विद्यार्थी आन्दोलन समेतको पृष्ठभूमिमा २०३६ सालमा घोषणा भई २० वैशाख २०३७ सालमा जनमत संग्रह भयो । जनमतसंग्रहमा पनि नेपालका कम्युनिष्टहरु पञ्चायतीव्यवस्था भन्दा बहुदल नै अग्रगामी हुने भन्दै बहुदलको पक्षमा उभिएको पाइन्छ । जनमत संग्रहमा बहुदलको हार भएपछि पनि राजनीतिक पार्टीहरुले आफ्नो भूमिगत सक्रियतालाई निरन्तरता दिँदै जाँदा २०४६ सालको जनआन्दोलन हुन पुग्यो । जसमा नेपालका कम्युनिष्टहरु संयुक्त बाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलन समितिको नामबाट सहभागी भएका थिए ।

नेपालको राजनीतिक इतिहासमा २०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र सङ्घर्षलाई एउटा महत्वपूर्ण घटनाको रुपमा लिन सकिन्छ । नेपाली कम्युनिष्ट आन्दोलनमा समेत यसले ठूलो प्रभाव पारेको पाइन्छ । माओवादीको सशस्त्र सङ्घर्ष अगाडि पनि नेपालमा विभिन्न ढङ्गका सशस्त्र मुद्दा र आन्दोलनको प्रकृति र संघर्षका स्वरुपहरु भने विलकुलै भिन्न देखिन्छ । माओवादीको संघर्ष प्रजातान्त्रिक प्रतिस्पर्धाको लागि थिएन तर प्रजातन्त्रको पुर्न बहाली पछि पार्टी र सरकारमा आएको अस्थिरता, वैदेशिक शक्तिको प्रभाव, भ्रष्टाचार, कालाबजारी, सत्तालिप्सा जस्ता प्रवृत्तिका कारण जनतामा आएको आक्रोश र असन्तुष्टी र विगतमा भारतसँग भएका असमान सन्धि सम्झौताको खारेजी लगायतका राष्ट्रिय स्वाधिनता, जनजीविका र जनतन्त्रसँग सम्बन्धित मागहरुको सम्बोधनका लागि संसदीय व्यवस्था बाधक भएको र यसको ठाउँमा जनवादी व्यवस्था अथवा कम्युनिष्ट शासनको आवश्यकता महशुस गर्दै जनयुद्ध घोषणा गरेको पाइन्छ । माओवादीले वैधानिक अवैधानिक दुवै संघर्षलाई सन्तुलनमा अघि बढाए पनि पछिल्ला दिनहरुमा भने अवैधानिक र भूमिगत संघर्षलाई नै प्राथमिकता दिएको थियो । नेकपा (माओवादी)ले २०४७ सालमा जारी भएको 'नेपाल अधिराज्यको संविधान, २०४७' लाई नै अस्वीकार गर्ने घोषणा गर्दै जलाएको थियो ।

मुख्यतः राजतन्त्र र संसदीय व्यवस्थाको विरुद्धमा चिनीयाँ मोडलमा 'गाउँबाट शहर घेर्ने' दीर्घकालीन जनयुद्धको कार्यदिशा लिएर जनयुद्धमा होमिएको माओवादीले नेपाललाई अर्धऔपनिवेशिक, अर्धसामन्ती राज्यको रुपमा अर्थ्यायको पाइन्छ । माओवादीले आफ्नो विद्रोहलाई जनमुक्ति सेना, होल टाइमर कार्यकर्ता, कला संस्कृति मार्फत देशव्यापी बनाएको थियो । जनसत्ता सञ्चालन गरेर समानान्तर सरकारको अभ्यास समेत गरेको पाइन्छ भने देशभक्त, राष्ट्रवादी, मानवअधिकारवादी, बुद्धिजीवि, नागरिक समाजका अगुवाहरुलाई आन्दोलनमा ऐक्यबद्धता जनाउन अपिल समेत गरेको थियो । कतिपयले भित्रभित्रै समर्थन गरेको पनि पाइन्छ । एक दर्जन जति जिल्लाहरुबाट प्रभाव सुरु भएको जनयुद्ध देशव्यापी फैलिनुमा नेपाली जनताले जर्बजस्त स्वीकार गरेर नै हो । सरकारी पक्षको दबाब हुँदाहुँदै पनि जनताले जनयुद्धलाई स्वीकार गर्ने कुरा कम महत्त्वको हुने सक्दैन । नेपाली जनताले संसदीय शक्तिहरुको विकल्पको रुपमा माओवादी पार्टी र आन्दोलनलाई साथ दिएका थिए । जुन कुरा २०६४ को पहिलो संविधान सभाको निर्वाचनको मत परिणामले पनि देखाउँछ । २०६४ सालसम्म आउँदा जनताको समर्थन भोट मार्फत अभिव्यक्त भएको थियो भने त्यस भन्दा अगाडि जनसेना, जनसत्ता, जनअदालत सञ्चालन गर्ने क्रममा पनि जनताको समर्थन विना सम्भव थिएन ।

माओवादी जनयुद्ध नेपालकै इतिहासमा पहिलो पटक भएको कम्युनिष्ट पार्टीको व्यवस्थित संघर्ष थियो । जुन कम्युनिष्ट घटकहरुको फुट-एकिकरण-फुट हुँदै २०५२ फागुन १ देखि तत्कालीन एकता केन्द्रका संस्थापन समूहले प्रचण्डको नेतृत्वमा सञ्चालन गरेको थियो । यसको सुरुको रुप २०५२ माघ २१ मा तत्कालीन संयुक्त जनमोर्चा नेपालले बुझाएको ४० सुत्रीय मागपत्र थियो । शेरबहादुर देउवा प्रधानमन्त्री भएको सरकारले वेवस्ता गरेपछि यो प्रक्रिया जनयुद्धको घोषणा, प्रचारप्रसार, जनसेना निर्माण, जनसत्ता सञ्चालन, युद्ध-वार्ता-युद्ध, युद्धविराम, १२ बुँदे दिल्ली सम्झौता, दोस्रो जनआन्दोलन हुँदै विस्तृत शान्ति सम्झौतासम्म आएर (२०६३ मंसिर ५) औपचारिक रुपमा अन्त्य हुन पुग्यो । संविधानसभाको पहिलो निर्वाचन र पहिलो संविधानसभाको विघटन देखि दोस्रो संविधानसभाको निर्वाचन, संविधानसभाबाट संविधान निर्माणसम्म आउँदा माओवादी पार्टी विभाजनसँगै माओवादी आन्दोलन पनि विभाजित भएको छ ।

तत्कालिन नेतृत्व पंक्ति संविधान सभाबाट संविधान जारी गर्दै वर्तमान प्रक्रियाबाटै समस्या समाधान गर्ने, प्राप्त उपलब्धीलाई रक्षा गर्ने भन्दै विभिन्न पार्टी सञ्चालन गरी स्थानीय निकायको निर्वाचन हुँदै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनसम्म आइपुगेको छ भने एउटा शक्ति सबै संसदीय प्रक्रियालाई अस्वीकार गर्दै राज्यका सबै संयन्त्रहरुलाई अस्वीकार गर्दै जनयुद्धकालमा उठान गरेका मुद्दा र कतिपय हाल विकसित भएका समस्याहरुलाई लिएर संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादको नारा दिँदै राजनीतिक क्रान्तिको लागि अगाडि बढीरहेको छ । जसको नेतृत्व नेत्र विक्रम चन्द विप्लवको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीले गरिरहेको छ । बदलिएको राजनीतिक परिस्थिति र विश्व परिवेश, आर्थिक आधार, विश्वव्यापिकरण र त्यसको प्रभाव, विज्ञान र प्रविधिमा भएका आविष्कार आदिलाई मानेर नेपालमा एकीकृत जनक्रान्तिको कार्यदिशा मार्फत क्रान्ति सम्पन्न गर्ने दिशामा अगाडि बढीरहेको पाइन्छ । मध्यम वर्ग, राष्ट्रवादी, देशभक्त शक्ति, उत्पिडीत समुदाय र राष्ट्रिय पुँजीपति वर्गलाई समेत साथमा लिएर गर्ने भनिएको क्रान्ति कसरी हुन्छ भन्ने विषय भने प्रतिक्षाको विषय नै बनेको छ ।

माओवादी जनयुद्धले आजसम्म हासिल गरेका उपलब्धीहरु गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानपतिक, समावेशिता, संविधानसभाबाट संविधान जारी, जनतामा आएको राजनीतिक चेतना, राज्यको पुन:संरचना र त्यस अन्तर्गत स्थानीय निकायको निर्वाचन, प्रतिनिधिसभा र प्रदेशसभाको पनि निर्वाचन सम्पन्न हुन गइरहेको स्थिति, जनयुद्धका मूल नेतृत्व यही प्रक्रियामार्फत संसदीय प्रतिस्पर्धा गरी सुधार गर्ने कार्यनीतिमा लागेको स्थिति र आमजनमानसमा जो आए पनि उही त हो भन्ने भावनाको विकास भएको अवस्थामा माओवादी जनयुद्धकै महत्वपूर्ण हिंस्सा नेपाल कम्युनिष्ट पार्टीको लागि फेरी क्रान्ति सम्पन्न गर्ने भन्ने कुरा सम्भावनाका साथै ठूलो चुनौतिको विषय बन्ने निश्चित छ ।

## ५.२ मुख्य प्राप्तिहरू

वि.सं. २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी भावि कार्यदिशाको विषयलाई लिएर २०१९ सालपछि विभाजनको स्थितिमा पुग्यो । मूलतः तीन धार (

राजासँग मिलेर जाने केशरजङ रायमाझि, आमूल परिवर्तनको पक्षपाती मोहन विक्रम सिंह र संसदीय पार्टीसँग मिलेर राजाविरुद्ध आन्दोलनमा जाने पुष्पलाल श्रेष्ठ) मा विभाजित कम्युनिष्ट शक्तिहरु कोही संघर्ष मार्फत नेपालमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने कार्यदिशा लिएर आगडि बढे भने कोही पञ्चायती व्यवस्थालाई स्वीकार गर्न पुगे । २०२८ सालको झापा विद्रोह, २०४२ सालको सेक्टर काण्ड, २०४२ सालकै बम काण्ड जस्ता प्रयासहरु असफल भएपछि सशस्त्र संघर्षको बाटो रोजेका शक्तिहरु २०४६ सालको जनआन्दोलनपछि मूलत २०२८ सालमा 'झापा विद्रोह' गर्ने माले समूह एमाले हुँदै सुधारवादी बाटोमा अगाडि बढेको पाइन्छ । २०५२ फागुन १ गतेबाट नेपालमा जनयुद्ध सञ्चालन गरेका २०४२ मा 'सेक्टर काण्ड' गर्ने मशाल समूह नै नेकपा एकता केन्द्र हुँदै नेकपा (माओवादी) बन्न पुग्यो । नेकपा (माओवादी)ले २०५२ देखि २०६२/०६३ सम्म सशस्त्र संघर्ष गऱ्यो । विश्वमा रक्षात्मक बनेको कम्युनिष्ट आन्दोलन नेपालमा भने माओवादीहरुले जनयुद्धमार्फत आक्रमक तरिकाले अगाडि बढायो । यसको प्रभाव देशव्यापी बन्न पुग्यो भने विश्वका कम्युनिष्ट र पूँजीवादीहरुको ध्यान समेत नेपालको जनयुद्धमा परेको पाइन्छ । नेपालको जनसंख्याको ठूलो हिंस्सा कम्युनिष्टहरुप्रति सद्भाव राख्ने भएका कारण माओवादी सशस्त्र संघर्ष अगाडि बढ्नमा सघाउ नै भयो । संसदमा पनि कम्युनिष्ट पार्टीको नाममा ठुलै हिंस्सा र विद्रोह गर्ने शक्तिको पनि देशव्यापी प्रभाव पर्दै जाँदा जनता कम्युनिष्टहरुप्रति आशावादी रहेको प्रत्यक्ष लाभ माओवादी जनयुद्धलाई भयो । एमालेको सुधारवादी, संशोधनवादी कार्यनीति र कार्यशैलीको भण्डाफोर गर्दै माओवादीले जनयुद्धलाई धेरै शक्तिले सोचेको भन्दा पृथक ढङ्गले अगाडि बढाएर समानान्तर सत्ता, सेना, अदालत सञ्चालन गर्ने स्थितिसम्म पुऱ्यायो । हाल तत्कालीन जनयुद्धको नेतृत्व गर्ने पुष्पकमल दाहाल (प्रचण्ड) एमाले ले लिएको सुधारवादी नीतिलाई नै पछ्याउदै उदारवादी संसदीय लोकतान्त्रिक प्रतिस्पर्धामा नै पुगेका छन् भने पार्टी एकीकरण गर्ने सहमतिसम्म गरेका छन् । अर्का वरिष्ठ नेता डा.बाबुराम भट्टराई नेपालमा अब कम्युनिष्ट आन्दोलनको औचित्य नहुने भन्दै माओवादी पार्टी परित्याग गरि नयाँशक्ति पार्टी गठन गरेर बहुदलीय प्रतिस्पर्धामा नै छन् । जनयुद्धमा नेतृत्व गर्ने केही यूवाहरु भने वर्तमानको सबै प्रक्रियालाई

अस्वीकार गर्दै क्रान्तिको अपरिहार्यताको वकालत गरिरहेका छन् । यस स्रोतको मुख्य प्राप्तिहरूलाई बुदागत रुपमा निम्नानुसार हेर्न सकिन्छ ।

१. माओवादीको सशस्त्र संघर्षको सुरुवात मुख्यत राजनीतिक कारणबाटै भएको थियो ।
२. तत्कालीन राजनीतिक पार्टीहरूले प्रजातन्त्रको पुनर्बहाली पछि देखाएका सपनाहरू र जनभावना अनुसार चल्न नसकी आपसमा गुट उपगुटमा विभाजित हुनाले माओवादी विद्रोहको विकास हुन पुग्यो ।
३. माओवादी पार्टीले उत्पिडित समूदाय मुख्य गरी दलित र जनजातिहरूको जातिय मोर्चा गठन गरी जातिय स्वायत्त जनसरकारहरूको घोषणा गरेपछि सशस्त्र संघर्ष/ जनयुद्ध उत्कर्षमा पुगेको पाइन्छ ।
४. नेकपा माओवादीले आफ्ना भातृ सगठनहरू विद्यार्थी, मजदुर, महिला, सुकुम्बासी आदिलाई प्रचार संघर्षमा परिचालन गरेको थियो भने संगठित पार्टी कार्यकर्ताहरूलाई सैन्य तालिम दिई आम पार्टीनै सैन्यकरण गरेको थियो ।
५. माओवादीले माओत्से तुङले भने जस्तै गरी पार्टी, सेना र हतियारलाई 'क्रान्तिका तीन जादुगरी हतियार'का रुपमा प्रयोग गर्ने प्रयास गरेका थिए ।
६. माओवादी जनयुद्धको प्रभाव सुरुका दिनहरूमा केही सिमित भूगोल, वर्ग र समुदायमा परे पनि २०५५/५६ पछि देशव्यापी बन्न पुग्यो ।
७. माओवादी आन्दोलन र उसका नाराले गरिब तथा बेरोजगार यूवा त्यसमा पनि ग्रामीण क्षेत्रका यूवाहरूलाई बढी आकर्षित गरेको पाइन्छ ।
८. विस्तृत शान्ति सम्झौता, दोस्रो जनआन्दोलन, आन्तरिक संविधान, संविधान सभा, गणतन्त्र, धर्म निरपेक्षता, संविधान सभाबाट निर्मित संविधान माओवादी विद्रोहसँग जोडिएका शृङ्खलाबद्ध उपलब्धीहरू हुन् ।
९. माओवादी सङ्घर्षको उपलब्धीहरूमध्ये आम नागरिकमा आएको राजनीतिक चेतना महत्वपूर्ण छ । यसले उत्पिडित जाति, क्षेत्र, लिङ्ग, समुदाय जो राज्यको मूल प्रवाह भन्दा बाहिर थिए, उनिहरूलाई जागृत गरायो ।
१०. माओवादी विद्रोहका कारण यूवा शक्ति विदेश पलायन हुने, राष्ट्रिय, अन्तराष्ट्रिय दुवै पुंजीको उत्पादन क्षेत्रमा लगानी नहुने, पर्यटन क्षेत्र धारासायी बन्ने, युद्धमा

विकास भन्दा विनाश बढी हुनु, मानवीय हिंसाको बढी प्रयोग हुनु, राज्यका सरकारी संयन्त्रहरूले स्फूर्त रुपमा कार्य गर्न नसक्नु, मानव अधिकारको उल्लङ्घन हुनु, सर्वसाधारण जनता दुवै पक्षबाट हुने डर र त्रासको बीचमा बाँच्नुपर्ने, भौतिक संरचनाहरूमाथिको आक्रमण अन्याधिक हुनु, युद्ध अर्थतन्त्रको विकास हुन जस्ता नकारात्मक प्रभावहरू पनि देशमा देखिन पुग्यो ।

११. पहिलो संविधानसभा सबैभन्दा ठूलो पार्टी बनेको माओवादी संविधानसभाको विघटनसंगै र त्यो भन्दा अघि पनि गरी चार/पाँच समूहमा विभाजित भएको, दोस्रो संविधानसभाबाट संविधन निर्माण भएपछि पनि पार्टी एक ढिक्का हुन नसकेको, हाल मूलत माओवादी आन्दोलन संसदीय प्रतिस्पर्धालाई स्वीकार्ने र नस्वीकार्ने भन्ने सन्दर्भमानै विभाजित छ । यसै कारण हाल माओवादी आन्दोलन कमजोर बन्न पुगेको छ ।

१२. नेकपा (माओवादी केन्द्र), नयाँ शक्ति, नेकपा माओवादी (क्रान्तिकारी) लगायतमा पार्टीहरू संसदीय प्रतिस्पर्धालाई उपयोग गर्दै समाजवादी दिशामा अघि बढ्ने दिशामा देखिएको छ भने नेपाल कम्युनिष्ट पार्टीले अहिलेको राजनीतिक वृत्तमा संदीय प्रणालीको विरोधी धारका रुपमा आफूलाई उभ्याएको छ । नेपाल कम्युनिष्ट पार्टी पनि हिजो जनयुद्ध लडेको शक्ति हुनु, अहिलेका राजनीतिक दल र प्रतिस्पर्धाले जनतामा विश्वास दिलाउन नसक्नु, जनयुद्ध घोषणा गर्नु अघि ४० बुँदे मागमा उठान भएका कतिपय विषयहरू अझै पूरा गर्ने दिशामा नजानु जस्ता पक्षले गर्दा सशस्त्र त्रान्तिको पूरा ढोका भने बन्द गर्नसकेको छैन । यसमा सबैको ध्यान आकर्षण हुनु जरुरी छ । तर २०५२ सालकै जनयुद्धको पुनरावृत्ति हुने सम्भावना भने देखिदैन ।

## ५.३ निष्कर्ष

आज माओवादी आन्दोलन विभिन्न धारा र प्रवृत्तिहरुमा छरिए पनि माओवादी सशस्त्र सङ्घर्षको नेपाली राजनीति र सिङ्गो कम्युनिष्ट आन्दोलनमा ठूलो महत्त्व र योगदान छ । जनयुद्धका क्रममा भौतिक क्षति र मानवीय क्षति पनि भए । एक हजार भन्दा बढी नागरिकहरु अझै पनि वेपत्ता कै स्थितिमा छन् । घाइते, अपाङ्गहरुको अवस्था

नाजुक छ । सहिद र वेपत्ताका परिवारहरु सन्तुष्ट छैनन् । भौतिक संरचनाहरु, सरकारी भवन, विद्यालय, सडक, पूल आदिको ठूलो क्षति भयो । तर माओवादी जनयुद्धकै बलमा २४० वर्ष पुरानो राजतन्त्रको अन्त्य भई देशमा गणतन्त्र आयो । धर्म निरपेक्षता, समानुपातिक समावेशीता, संघीयता जस्ता मुद्दाहरुलाई संस्थागत गर्ने कुरामा पनि माओवादी सशस्त्र सङ्घर्ष कै ठूलो देन छ । माओवादी विद्रोहले ग्रामिण क्षेत्रका दूरदराजका नागरिकहरुमा ठूलो राजनीतिक चेतना ल्याईदियो । महिला, दलित, जनजाति, पिछडिएका क्षेत्र, किसान, मजदुर आदि आफ्ना जातिय र वर्गीय अधिकार प्रति जागरुक भई संगठित हुने अवस्था समेत माओवादी आन्दोलन कै पारिणामहरु हुन् । यी विषयका अलावा समग्र माओवादी आन्दोलन आलोचना रहित भने रहेन । संरचनामाथिको आक्रमण, हिंसाको व्यापक प्रयोग, जनशक्ति पलायन, पुँजी र लगानीको नकारात्मक अवस्था, राज्यको अन्तराष्ट्रिय छविमा क्षयीकरण जस्ता नकारात्मक प्रभावहरुबाट समेत माओवादी आन्दोलन आलोचित हुन पुग्यो । नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएदेखिको भूमिसुधारको नारा र मुद्दा भने हालसम्म पनि कार्यान्वयन हुन सकेको छैन । जसरी भूमि सम्बन्धि, राष्ट्रिय स्वाधिनता सम्बन्धि विषयको हल गर्ने भनि वर्ग संघर्ष र स्वाधिनताको आन्दोलन उठाएको थियो त्यो पक्ष अझै पनि यथावत छ । तसर्थ क्रान्तिकारी भूमिसुधारको प्रश्न, नेपाली राजनीतिमा वैदेशिक शक्तिको प्रभाव, जनताको आर्थिक स्थितिमा बढ्दो असमानता, शिक्षा र रोजगारीको क्षेत्रमा देखिएको विकृत र नाजुक अवस्था, स्थानीय निकाय देखि केन्द्रीय निकायसम्मका सरकारी संयन्त्रका पदाधिकारीहरुमा आएको भ्रष्टीकरण, राजनीतिक खिचातानी र पद प्रतिष्ठाका लागि गरिने मरिहत्ते जस्ता पक्ष र प्रश्नहरुले सशस्त्र विद्रोह उठ्ने सम्भावनाको ढोका भने बन्द गरेको छैन । राष्ट्रिय पूँजीपति वर्ग र सरकारी स्वामित्वमा रहेका संस्थान र उद्योगधन्दाहरु धरासयी बन्नु, नेपाली अर्थतन्त्र र बजार विश्व बैङ्क, अन्तराष्ट्रिय मुद्दा कोष जस्ता निगम पूँजीको प्रभावमा रहनुले पनि नेपालमा स्वतन्त्र अर्थतन्त्र रहेको पाइदैन । राजनीतिमा लामो समय योगदान गर्नेहरुले भन्दा चन्दा सहयोग गरेको भरमा वा नातावाद र कृपावादको प्रवृत्ति यथावत रहेको, पार्टीभित्र गुट, गुटभित्र पनि व्यक्ति, व्यक्ति भित्र पनि आफन्त जस्ता प्रवृत्तिले राजनीतिलाई र राजनीतिज्ञ प्रति नै आम जनताको सकारात्मक सोचाई पाईदैन ।

वर्तमान पार्टी र सरकारबाट जनताले पूर्णतः आश्वस्त हुन सकेको छैन । जनयुद्धमा महत्वपूर्ण भूमिमा निर्वाह गरेका कतिपय नेता, कार्यकर्ता यो वर्तमानको सिङ्गो प्रक्रियाबाट अलग रहनु, देशमा सङ्क्रमण लम्बिरहनु, जनताको असन्तुष्टी र आक्रोश बढ्नु, गणतन्त्र स्थापना पछि पनि जनताको जीवनस्तर ज्यूका त्यू रहनुले पनि नेपालमा फेरी एउटा सशस्त्र राजनीतिक क्रान्ति हुने सम्भावना जीवितै छ । यो विषयमा सबै पक्षको ध्यान जानु जरुरी छ ।

# सन्दर्भ सामग्री


अधिकारी, डिल्लिराम (२०७२), *नेपालको कम्युनिष्ट आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी माओवादीको भूमिका* (अप्रकाशित शोध), राजनीतिशास्त्र विभाग, पृ.ना.क्याम्पस पोखरा ।

अलेक्सेएभ र अन्य (१९८२), *सोभियत संघ र महान अक्टुबर कान्तिको इतिहास,* अनुः राजेन्द्र मास्के, काठमाडौंः जनस्रष्टा प्रकाशन ।

आचार्य, निलाम्बर (२०६१), *प्रजातन्त्रमा संक्रमण, द्वण्द्व, अवरोध र अफठ्याराहरु,* काठमाडौंः भृकुटी एकेडेमी पब्लिकेशन ।

आफानासेएभ, भिक्टर (२०५४), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* अनुः राजेन्द्र मास्के, काठमाडौंः जनस्रष्टा प्रकाशन ।

आफानास्येभ, भिक्टर (२०६७), *वैज्ञानिक साम्यवादको प्रारम्भिक ज्ञान,* अनुः राजेन्द्र मास्के, काठमाडौंः प्रकाशन गृह प्रा.लि. ।

उप्रेति, विष्णुराज (२०६१), *नेपालमा माओवादी सशस्त्र द्वन्द्व, कारण, असर र समाधानका प्रयासहरु,* काठमाडौंः भृकुटी एकेडेमी पब्लिकेशन ।

उप्रेति, विष्णुराज (२०६२), *द्वन्द्व व्यवस्थापन,* काठमाडौंः भृकुटी एकेडेमी पब्लिकेशन ।

कँडेल, शुभशंकर (२०६७), *माओवादी विद्रोह, विवाद र रुपान्तरण (आन्तरिक विवादको ऐतिहासिक विश्लेषण)* काठमाडौंः पैरवी प्रकाशन ।

कार्की, गोविन्दमानसिंह (२०६५), *वि.सं. २००७ सालको कान्तिमा भोजपूर,* भोजपुरः नदरमुनी थुलुङ स्मृति परिषद् ।

के.सी., कुलप्रसाद (२०६०), *चीनको संविधान एवं राजनीतिबारे संक्षिप्त नोट,* काठमाडौं : जनदिशा प्रकाशन, नेपाल ।

के.सी., सुरेन्द्र (२०६५), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (पहिलो भाग),* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

के.सी., सुरेन्द्र (२०७१), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग-२),* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

के.सी., सुरेन्द्र (२०६५), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग-३),* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

गजुरेल, सी.पी.(२०७२), *क्रान्ति र प्रतिक्रान्तिका शृङखला,* काठमाडौंः अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि.

गुप्ता, अनिरुद्र (१९९३), *पोलिटिक्स इन नेपाल (१९५०-१९६०),* नयाँ दिल्लीः कलिङ्गा पब्लिकेशन ।

गुरुङ, छत्रमानसिंह (२०७२), *जनताको छोरो,* काठमाडौं : वाकिङ अरेन्ज, कमला गुरुङ ।

चापागाईं, निनु (२०६७), *सांस्कृतिक रुपान्तरण,* काठमाडौंः खोजी प्रकाशन गृह ।

त्सेतुङ् माओ र अन्य (२०६५), *पुँजीवादी क्रान्तिबारे कम्युनिष्ट आन्दोलनमा कार्यदिशाको विवाद,* काठमाडौं, जनस्रष्टा प्रकाशन ।

थापा, अनिल (२०७३), *अविराम बाबुराम,* काठमाडौंः सांग्रिला पुस्तक प्रा.लि. ।

*नागरिक दैनिक* ७ जेठ २०७३ ।

*नेपालको अन्तरिम संविधान (२०६३),* नेपाल सरकार ।

*नेपालको संविधान (२०७२), नेपाल सरकार कानून न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,* कानून किताब व्यवस्था समिति ।

*नेपाली कम्युनिष्ट आन्दोलन र जनत्रफन्तिका ऐतिहासिक दस्तावेजहरू (२०६९),* काठमाडौं, ए.ने.क.पा. (माओवादी), मगरात राज्य सम्मेलन आयोजक समिति ।

*नेपाली बृहत शब्दकोष* (२०५०), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

*नेपाली बृहत शब्दकोष* (२०५६), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्थी, किशोर (२०६४), *कसरी चलिरहेछ माओवादीको जनसत्ता ?,* भास्कर गौतम र अन्य (सम्पा), काठमाडौं, मार्टिन चौतारी ।

पन्थी, नेत्र (२०७२), *डिभोर्स प्रचण्ड-बाबुरामको,* काठमाडौंः वाकिङ अरेन्ज ।

पन्थी, नेत्र (२०६९), *माओवादीभित्र अन्तरसंघर्ष (एकता महाधिवेशनदेखि पार्टी विभाजन सम्मका दस्तावेज सहित),* काठमाडौंः विश्वनेपाली पब्लिकेशन ।

प्रचण्ड (२०६३), *प्रचण्डका छानिएका रचनाहरू (खण्ड-१),* काठमाडौं, जनदिशा प्रकाशन, नेपाल ।

प्रचण्ड (२०६४), *प्रचण्डका छानिएका रचनाहर (खण्ड-२),* काठमाडौं, जनदिशा प्रकाशन, नेपाल ।

पाण्डे, दीर्घराज (२०६७), *नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास,* पोखराः प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस ।

पाण्डे, रमेशनाथ (२०७२), *कुटनीति र राजनीति,* काठमाडौंः सांग्रिला पुस्तक प्रा.लि. ।

पुष्पलाल (२०२५), *नेपाली जनआन्दोलन एक समिक्षा,* वाराणासी : जनवादी प्रकाशन ।

पोखरेल, गंगाप्रसाद (२०७३), *नेपालमा समाजवादको प्रयोग* (अप्रकाशित शोध), राजनीतिशास्त्र विभाग, पृ.ना. क्याम्पस, पोखरा ।

बराल भीमनाथ (२०५२), *नेपालमा पुर्नस्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको संक्रमणकाल* (अप्रकाशित शोध), राजनीतिशास्त्र केन्द्रीय विभाग, कीर्तिपूर, काठमाण्डौं ।

बराल, ऋषिराज (२०६८), *नेपाली जनयुद्ध,* काठमाडौंः समयबद्ध द्वैमासिक ।

बास्तोला, धर्मेन्द्र (२०७३), *समकालीन विश्व कम्युनिष्ट आन्दोलन,* काठमाडौंः रातोखबर प्रकाशन गृह ।

बुढामगर, सन्तोष (२०६६), *नेपाली क्रान्ति र सत्ता सङ्घर्ष,* ललितपूरः मगर राष्ट्रिय मुक्तिमोर्चा, नेपाल ।

यमी, हिसिला (२०६३), *मार्क्सवाद र महिला मुक्ति,* काठमाडौं : टु-लाईन पब्लिकेशन प्रा.लि. ।

राजन (२०६३), *राजनीतिक अर्थशास्त्र र प्रचण्डका देन,* काठमाडौं, प्रताप स्मृति ब्रिगेड कार्यालय, जनमुक्ति सेना नेपाल ।

रावल, भीम (२०४७), *नेपालमा साम्यवादी आन्दोलनको उद्‌भव र विकास,* काठमाडौंः पैरवी प्रकाशन ।

वाग्ले, कृष्णप्रसाद (२०७३), *गोरखा र जनयुद्ध,* गोरखाः नेपाल कम्युनिष्ट पार्टी जिल्ला संगठन समिति ।

विप्लव (२०७३), *विप्लव सङ्कलित रचना,* काठमाडौं : केन्द्रीय प्रकाशन विभाग, नेपाल कम्युनिष्ट पार्टी ।

*विस्तृत शान्ति सम्झौता (२०६३),* नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

वेल्स, एच.जी (१९१९), *विश्वको इतिहास,* अनुः नारायण गिरी, काठमाडौंः प्रगति पुस्तक सदन ।

संग्रौला, यूवराज (२०६४), *नेपालको राजनीतिक समस्या* : विष्लेषण र रुपान्तरणका प्रकृयाहरु, काठमाडौं : काठमाडौं स्कूल अफ ल ।

सशस्त्र प्रहरी बल ऐन (२०५८), काठमाडौं : *श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालय,* कानुन किताब व्यवस्था समिति ।

शर्मा, सुधीर (२०७०), *प्रयोगशाला (नेपाली संक्रणमा दिल्ली, दरबार र माओवादी,* काठमाडौं : फाइन प्रिन्ट ।

शर्मा, सुधीर र खनाल श्रीभक्त (२०६४), *माओवादीको साम्प्रदायीक साँठगाँठ, माओवादी विद्रोह सशस्त्र संघर्षको अवधि,* भाष्कर गौतम, पूर्ण वस्नेत र चिरन मानन्धर (सम्पा), काठमाडौंः मार्टिन चौतारी ।

*शान्ति शिक्षामाला* (२०६६), इन्सेक, काठमाडौं ।

शाही दिलिप विक्रम (२०७३), *नेपाल कम्युनिष्ट आन्दोलन, नेकपा (एमाले) र नेकपा ( माओवादी) केन्द्रको अध्ययन* (अप्रकाशित शोध), राजनीतिशास्त्र विभाग, पृ.ना. क्याम्पस पोखरा ।

श्रेष्ठ, शंकर कुमार (२०५०), *नेपाली कानुनी शब्दकोष,* काठमाडौंः पैरवी प्रकाशन ।

# परिशिष्ट-एक

## माओवादी जनयुद्धको थालनी पूर्व तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष संयुक्त जनमोर्चा नेपालले बुझाएको ४० सुत्रीय मागहरु :

श्री सम्माननीय प्रधानमन्त्री ज्यू,

प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार काठमाडौं,

विषय : ज्ञापनपत्र

महोदय,

२०४६ सालमा जनआन्दोलनको परिणाम स्वरुप निरङ्कुश राजतन्त्रात्मक निर्दलीय पञ्चायती व्यवस्था अन्त्य भएर राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्था स्थापना भएको छ वर्ष पूरा हुँदै छ । यस बीचमा त्रिपक्षीय अन्तरिम सरकार, नेपाली काँग्रेसको एकमना सरकार, एमालेको अल्पमतको सरकार र हाल काँग्रेस-राप्रपा सद्भावना गठबन्धन सरकारले राज्यसत्ता सञ्चालन गरिरहेका छन् । परन्तु देश र जनताको स्थिति उभो लाग्नु सट्टा दिनहुँ उँधो लाग्दै गएको कुराको पुष्टी नेपाल संसारको दोस्रो सबैभन्दा गरिब देशमा झरेको, निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्याको अनुपात ७१ प्रतिशत पुगेको, पूर्ण वेरोजगारको संख्या ६० प्रतिशतभन्दा बढी र अर्ध र छदम् बेरोजगारको संख्या ६० प्रतिशत भन्दा बढी पुगेको, विदेशी ऋण र व्यापार घाटा प्रतिवर्ष चुलिदै गएर देश टाट पल्टने स्थितिमा पुगेको, देशभित्र विदेशी र खास गरी भारतीय विस्तारवादी आर्थिक र सांस्कृतिक अतिक्रमण दिनहु बढ्दै गएको, धनी र गरिब तथा सहर र गाउँबीचको फाटो झनझन फराकिलो हुदै गएको आदिबाट थाहा हुन्छ । अर्कोतिर यस बिचमा कुनै न कुनै रुपले सरकारमा पुगेका संसदीय पार्टीहरु देश र जनताको हितप्रति समर्पित रहनु सट्टा विदेशी साम्राज्यवादी तथा विस्तारवादी मालिकको आशिर्वाद प्राप्त गरि कुर्सीमा टिकिरहने प्रयासमै निर्लिप्त रहेको कुरा सबै साम्राज्यवादीहरुले आफ्नो स्वार्थसिद्धी गर्न तयार गरेको कथित नीजिकरण र उदारीकरणको आर्थिक नीति आँखा चिम्लेर स्वीकार गरेको र हालै आएर भारतीय विस्तारवादलाई नेपालको जलसम्पदाको एकाधिकार सम्पन कथित राष्ट्रिय सहमति

कायम गरेकोबाट पृष्टि हुन्छ । यसै क्रममा संयुक्त जनमोर्चा नेपालले २०४८ चैत्त २४ गते देखि कहिले एक्लै र कहिले अन्य पक्षसँग संयुक्त भई राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित तत्कालिन माग पुरा गराउन विभिन्न प्रकारका संघर्ष गर्दै आएको छ । तर विभिन्न समयमा बनेको सरकारले ती माग पुरा गर्नु सट्टा उल्टै आन्दोलनकारी माथि भीषण दमन गर्ने र सयौं जनताको ज्यान लिने काम गर्दै आए, जसको सबैभन्दा नाङ्गो रुप केही महिनापहिले रोल्पामा भएको सशस्त्र प्रहरी अप्रेशनमा देखा पऱ्यो । यसै सन्दर्भमा कतिपय हामीले पहिलेदेखि उठाउँदै आएका र कतिपय तत्कालीन सन्दर्भमा अत्यावश्यक हुन गएका राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित माग वर्तमान गठबन्धन सरकारसमक्ष पुनः एकपटक निम्न बमोजिम प्रस्तुत गरेका छौं ।

**<u>राष्ट्रियतासँग सम्बन्धित मागहरुः</u>**

१. सन् १९५० साल को नेपाल-भारत सन्धिलगायत सम्पूर्ण असमान सन्धि, सम्झौता खारेज गरिनुपर्छ ।

२. राष्ट्रघाती टनकपूर सम्झौतालाई ढाकछोप गर्न र नेपालको सम्पूर्ण जलसम्पदा माथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकार बीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकाले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ ।

३. नेपाल-भारत सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ । नेपालभित्र भारतीय नम्बर प्लेटका गाडी चलाउन तत्काल रोक लगाउनुपर्छ ।

४. गोर्खा भर्ती केन्द्र रद्ध गरिनुपर्छ र नेपालीलाई स्वदेशभित्रै सम्मानजनक रोजगारको व्यवस्था गरिनुपर्छ ।

५. नेपालभित्र विविध क्षेत्रमा कामका निम्ति स्वदेशी कामदारलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारलाई काममा लगाउनुपर्दा 'वर्क परमिट' प्रथा लागू गरिनुपर्छ ।

६. नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको अधिपत्य अन्त्य गरिनुपर्छ ।

७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुनेगरी भन्सार नीति तय र लागु गरिनुपर्छ ।

८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमण अन्त्य गरिनुपर्छ । देशभित्र छाडा हिन्दी सिनेमा, भिडिओ र पत्रपत्रिका आयात र वितरणमा रोक लगाइनुपर्छ ।

९. एनजीओ/ आईएनजीओ आदिको नाउँमा देशभित्र साम्राज्यवादी/ विस्तारवादी घुसपैठ अन्त्य गरिनुपर्छ ।

**जनतन्त्रसँग सम्बन्धित मागहरुः**

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निम्ती चुनिएका जनताका प्रतिनिधिद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ ।

११. राजा र राजपरिवारका सबै विशेषधिकार अन्त्य गरिनुपर्छ ।

१२. सेना, प्रहरी प्रशासन पूर्ण रुपले जनताको नियन्त्रणमा हुनुपर्छ ।

१३. सुरक्षा ऐन लगायतका सबै दमनकारी ऐनहरु खारेज गरिनुपर्छ ।

१४. राजनीतिक प्रतिशोधका कारण झुट्टा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, धनुषा, रामेछाप लगायतका जिल्लाका सम्पूर्ण बन्दी तत्काल रिहा गरिनुपर्छ र सबै झुटा मुद्दा खारेज गरिनुपर्छ ।

१५. जिल्ला-जिल्लामा भईरहेको सशस्त्र प्रहरी अप्रेसन्, दमन र राज्य आतङ्क तुरुन्त बन्द गरिनुपर्छ ।

१६. विभिन्न समयमा पुलिस हिरासतबाट वेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापामगर, प्रभाकर सुवेदी लगायतका व्यक्तिहरु बारेमा निस्पक्ष छानविन गरी अपराधीलाई कडा कारवाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गरिनुपर्छ ।

१७. जनआन्दोलनका क्रममा मारिएकालाई सहिद घोषणा गरिनुपर्छ । सहिदका परिवार तथा घाइते र अपाङ्गलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र हत्यारा माथि कडा कारवाही गरिनुपर्छ ।

१८. नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरिनुपर्छ ।

१९. महिलामाथिको पितृसत्तात्मक शोषण अन्त्य गरिनुपर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ ।

२०. सबैखाले जातिय शोषण र उत्पीडन अन्त्य गरिनुपर्छ । जनजातिको बाहुल्य भएका क्षेत्रमा जातिय स्वायत्त शासन व्यवस्था गरिनुपर्छ ।

२१. दलितमाथि भेदभाव अन्त्य गरिनुपर्छ । छूवाछूत प्रथा पूर्ण रुपले बन्द गरिनुपर्छ ।

२२. सबै भाषाभाषीलाई समान अवसर र सुविधा दिइनुपर्छ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनुपर्छ ।

२३. वाक तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ । सरकारी सञ्चारमाध्यम पूर्ण रुपले स्वायत्त हुनुपर्छ ।

२४. बुद्धिजीवि, साहित्यकार, कलाकार र संस्कृतिकर्मीको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ ।

२५. पहाड र तराईका क्षेत्रीय भेदभाव अन्त्य गरिनुपर्छ । पिछडिएका इलाकालाई क्षेत्रीय स्वायत्तत्ता प्रदान गरिनुपर्छ । गाउँ र शहरबीच सन्तुलन कायम गरिनुपर्छ ।

२६. स्थानीय निकायहरुलाई अधिकार र साधन सम्पन्न बनाइनुपर्छ ।

**जनजीविकासँग सम्बन्धित मागहरुः**

२७. जमिन तोत्नेको हुनुपर्छ । सामन्तको जमिन जफत गरी भूमिहीन तथा सुकुम्बासीलाई वितरण गरिनुपर्छ ।

२८. दलाल तथा नोकरशाही पुँजीपतिको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगिकरणमा लगाइनुपर्छ ।

२९. सबैलाई रोजगारीको ग्यारेन्टी गर्नुपर्छ । रोजगार नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ ।

३०. उद्योग, कृषि लगायतका सबै क्षेत्रमा काम गर्ने मजदूरको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाईसाथ लागू गर्ने व्यवस्था गरिनुपर्छ ।

३१. सुकुम्बासीलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीलाई उठिबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ ।

३२. गरिब किसानलाई पूर्ण रुपले ऋणमुक्त गरिनुपर्छ । कृषि विकास बैङ्कबाट साना किसानले लिएको ऋण मिनाहा गरिनुपर्छ । साना उद्योगिलाई समुचित कर्जा व्यवस्था गरिनुपर्छ ।

३३. मल, विऊ सस्तो र सुलभ हुनुपर्छ । किसानलाई उत्पादनको उचित मूल्य र बजार व्यवस्था गरिनुपर्छ ।

३४. बाढीपीडित समस्याग्रस्त क्षेत्रमा उचित राहत व्यवस्था गरिनुपर्छ ।

३५. सबैलाई निशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ ।

३६. महँगी नियन्त्रण गरिनुपर्छ । महँगीको अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ । दैनिक उपभोग्य वस्तु सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।

३७. गाउँ-गाउँमा खानेपानी, बाटोबाटो र विजुलीको व्यवस्था गरिनुपर्छ ।

३८. कुटीर तथा साना उद्योगीलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ ।

३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ ।

४०. अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।

नेपाली राष्ट्र र जनताको जीवनसँग अत्यावश्यक रुपले जोडिएको उपरोक्त मागलाई यथाशिघ्र पूरा गर्ने तर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकारसमक्ष हाम्रो हार्दिक अनुरोध छ । आगामी २०५२ फागुन ५ गते सम्म सरकारको तर्फबाट यसबारे कुनै सकरात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त सङ्घर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौं ।

धन्यवाद !

..............................

डा.बाबुराम भट्टराई
अध्यक्ष, केन्द्रीय समिति,
संयुक्त जनमोर्चा, नेपाल

# परिशिष्ट-दुई

## सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बाह्रबुँदे समझदारी-पत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरङ्कुश राजतन्त्र र लोकतन्त्र बीचको संघर्ष आज अत्यन्तै गम्भीर नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्न आजको आवश्यकता भएको छ । त्यसैले निरङकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लैङ्गिय, क्षेत्रीय आदि समस्याहरुको समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसदभित्रका सात राजनितिक दलहरु र ने.क.पा. (माओवादी) बीच विभिन्न ढंगले वार्ता भई निम्नप्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

**समझदारी भएका बुँदाहरु :**

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आमनेपाली जनताको प्रमुख चाहना हो । त्यसका निम्ति प्रमुख बाधक निरङ्कुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरङ्कुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ ।

२. आन्दोलनको शक्तिले संसदको पुर्नःस्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विधमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय

राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी)को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी)को बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एकमात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तराष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निस्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्विकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनीराज्यको अवधारणा, मौलिक हक आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी)ले आफ्नो प्रतिबद्धता प्रस्तुताका साथ संस्थागत ढंगले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

५. ने.क.पा. (माओवादी)ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टी, नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा

सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्बोध ढंगले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मालोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी)ले प्रतिबद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा हुँदा भएका गल्ती कमजोरीहरुप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

८. शान्तिप्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

९. जनता र अन्तराष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरङ्कुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढंगले सक्रिय बहिस्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आह्वान गरिएको छ ।

१०. जनता र तीनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामी पूर्ण रुपले प्रतिबद्ध छौं ।

शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरु खासगरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरङ्कुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्ति माथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् । त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तराष्ट्रिय शक्तिहरु र जनसमुदायलाई आग्रह गर्दछौं र अन्तराष्ट्रिय शक्तिहरु

र जनसमुदायलाई नेपालको निरङ्कुश राजतन्त्र विरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामि सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई जनआन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय संगठनहरु, सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरु र आमनेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारहरुको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरुको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रुपमा जानाकारी गराउने सझा प्रतिबद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरुबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ ।

मिति : २०६२, मंसिर ७ गते

# परिशिष्ट-तीन

**दशबर्षे जनयूद्ध र त्यसपछिको चारवर्षे शान्तिकालमा माओवादीको मुख्य कार्यनितिक नारा ।**

| क्र.सं. | नारा | मिति र बैठक |
|---|---|---|
| १ | नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयूद्धको बाटोमा अघि बढौं । | जनयूद्धको पहिलो बैठक २०५२ |
| २ | योजनाबद्ध ढङ्गले छापामार यूद्धको विकास गरौं । | दोस्रो योजना २०५३ |
| ३ | छापामार यूद्धलाई विकासको अर्को नयाँ उचाइमा उठाऔं । | तेस्रो योजना २०५४ |
| ४ | आधार इलाका निर्माणको महान् दिशामा अघि बढौं । | तेस्रो योजना २०५५ |
| ५ | आधार इलाका निर्माणको महान् दिशामा अझ आघि बढौं । पार्टीको व्यापक सर्वहाराकरणका निम्ति शुद्धिकरण आन्दोलनलाई अगाडि बढाऔं । | चौथो योजना २०५६ |
| ६ | आधार इलाका र स्थानीय सत्ता सुदृढ र विस्तार गरौं । केन्द्रिय जनसरकार निर्माणको दिशामा अघि बढौं । | पाँचौं योजना २०५७ |
| ७ | अन्तरिम सरकार, नयाँ संविधान र गणतन्त्रको संस्थागत विकास गरौं । | छैटौं योजना २०५८ |
| ८ | अन्तरविरोधहरुको सही सञ्चालन गर्दै प्रत्याकमणको तयारीलाई नयाँ उचाइमा उठाउन सम्पूर्ण शक्ति केन्द्रित गरौं । | सातौं योजना २०६० |
| ९ | क्रान्तिकारी रुपान्तरणको प्रक्रियालाई नयाँ उचाइमा उठाउदै रणनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरौं । योजनाको मुल नारा : प्रत्याक्रमणको पहिलो योजना सफल पारौं । वैदेशिक हस्तक्षेपका विरुद्ध व्यापक तयारी गरौं । | आठौं योजना २०६१ भदौको निर्णय |
| १० | लोकतान्त्रिक गणतन्त्रका लागि संयूक्त आन्दोलनको पहल गरौं । | २०६२ असोज-कार्त्तिकको चुनुवाङ बैठकको निर्णय । |

| | | |
|---|---|---|
| ११ | लोकतान्त्रिक गणतन्त्रका लागि अन्तरिम संसद र अन्तरिम सरकारमा सहभागी भएर विद्रोह संगठीत गर्ने योजना । | २०६३ कात्तिक र मंसिर |
| १२ | सरकार गठन र आर्थिक सामाजिक रुपान्तरण । | २०६५ जेठको निर्णय |
| १३ | जनताको संघीय लोकतान्त्रिक राष्ट्रिय गणतन्त्र । | २०६५ मंसिरको खरिपाटी भेलाको निर्णय |
| १४ | नागरिक सर्वोच्चताको व्यवहारिक प्रत्याभुति र पार्टीको नेतृत्वमा राष्ट्रिय सरकार गठन । | २०६६ जेठ-असारको पोलिटव्यूरो बैठकको निर्णय |
| १५ | शान्ति संविधान, राष्ट्रिय स्वाधिनता र संयुक्त राष्ट्रिय सरकार भन्ने नागरिक सर्वोच्चताको व्यवहारिक प्रत्याभुति । | २०६६ साउनको केन्द्रिय समिति बैठकको निर्णय |
| १६ | शान्ति संविधान, राष्ट्रिय स्वाधिनता र संयुक्त राष्ट्रिय सरकारकै नाराको निरन्तरता । | २०६७ असार १-१३ सम्मको पोलिटव्यूरोको बैठक |
| १७ | शान्ति र संविधान कि विद्रोहको तयारी भन्ने विवाद । | २०६७ भदौको क.स.बैठक |
| १८ | शान्ति र संविधानका लागि संघर्ष गर्दै जनविद्रोहको तयारी । | २०६७ पालुङटार विस्तारित बैठकको म्यान्डेट अनुसारको के.स.को बैठकको निर्णय । |